# नेपालमा बालश्रमको अवस्था: एक विश्लेषण

## (कर्णाली प्रदेशको सन्दर्भसहित)



डा. मान बहादुर वीके
डम्बर बहादुर रोकाय

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# नेपालमा बालश्रमको अवस्था: एक विश्लेषण
## (कर्णाली प्रदेशको सन्दर्भसहित)

डा. मान बहादुर वीके
सचिव
**सामाजिक विकास मन्त्रालय**
कर्णाली प्रदेश, नेपाल

डम्बर बहादुर रोकाय
बाल अधिकार स्रोत व्यक्ति
**केन्द्रीय बाल कल्याण समिति**

प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रदेश सरकार
कर्णाली प्रदेश

फोन नं.:०८३-५२३२५८
फ्याक्स नं.: ०८३-५२२०२९
निजी सचिवालय

मा. दल रावल
मन्त्री
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत नेपाल

मा. मन्त्रीज्यूको निजी सचिवालय
सामाजिक विकास मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल




# शुभकामना

नेपालमा बालश्रमको अवस्था र कर्णाली प्रदेशको सन्दर्भसहित अवस्था झल्किने गरी “नेपालमा बालश्रमको अवस्थाः एक विश्लेषण” नामक पुस्तक सामाजिक विकास मन्त्रालयले प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ। यसले बालश्रमको समग्र पक्षको अवस्था विश्लेषण गरेको छ । त्यसैले आगामी दिनमा बालबालिकाको क्षेत्रमा नीति, योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न सहज हुनुका साथै लगानीको वातावरण सिर्जना गर्न उपयोगी हुने मैले महशुस गरेको छु । बालश्रमका क्षेत्रमा कार्य गर्दा हाँसिल गरेका अनुभव, सीप र ज्ञानको लिपिबद्ध यो महत्त्वपूर्ण संग्रह मात्र नभइ स्थानीय तह, प्रदेश र राष्ट्रियस्तरमा बालश्रममुक्त बनाउने अभियान थालनीको महत्त्वपूर्ण पाटो पनि हो ।

अन्तमा, “नेपालमा बालश्रमको अवस्थाः एक विश्लेषण” नामक पुस्तकका लेखकद्वय डा. मान बहादुर वीके र श्री डम्बर बहादुर रोकायले गर्नु भएको यो प्रशंसनीय कार्यका लागि हृदयदेखि धन्यवाद दिन चाहन्छु, साथै नेपालका सबै बालबालिका सबै प्रकारका शोषणबाट मुक्त भइ बाल अधिकारको पूर्ण उपभोग गर्न पाउन् भन्ने शुभकामना व्यक्त गर्दछु ।

दल रावल
मन्त्री

मन्त्री

प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

# प्रकाशकीय



यस मन्त्रालयबाट बालश्रम सम्बन्धी संकलित सूचना, तथ्याङ्क तथा विवरणहरूलाई प्रशोधन र विश्लेषण गरी समस्या, चुनौती, कारण, सुझाव र निश्कर्षसहितको "नेपालमा बालश्रमको अवस्थाः एक विश्लेषण" नामक पुस्तक प्रकाशन गर्न पाउँदा हर्षित छौं । बालश्रमको निवारण गरी बाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले विभिन्न विकास साझेदारहरूसँग समन्वय गरी कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्, जसले बालश्रम निवारणको लागि थुप्रै सकारात्मक परिवर्तन पनि ल्याएका छन् । तर पनि नेपालको सन्दर्भमा बालश्रमको क्षेत्रमा रहेका बहुप्रकृतिका समस्याहरू समाधान गर्न यी प्रयत्नहरू पर्याप्त भने हुन सकेका छैनन्; कतिपय आधारभूत पक्षहरूमा अझै ठोस रूपले ध्यान पुग्न सकेको छैन । परिवर्तन एक निरन्तर प्रक्रिया हो, बालश्रमको विषय सबैसँग गाँसिएको हुँदा सबै पक्षबाट उत्तिकै चासो, सहयोग, समन्वय, सहकार्य र सक्रियता हुन सकेमा नै यसको गति तीव्र हुने छ ।

बालश्रम सम्बन्धी उपलब्ध तथ्याङ्क, सूचना र जानकारीलाई एकीकृत गरी तयार गरिएको यो पुस्तक सरोकारवाला सबैलाई उपयोगी हुने छ । बालश्रमका अन्तरनिहित कारणहरूले सिर्जित सवालहरू समाधान गर्न तथा बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना अनुसार वि.सं. २०७९ सम्ममा निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम तथा २०८२ सम्ममा सबै प्रकारका बालश्रम निवारण गर्न तीनै तहका सरकारले उचित कदम चाल्न सहज हुने आशा गरिएको छ । साथै बालश्रम सम्बन्धी सरोकार राख्ने सबैको लागि सूचनामूलक र उपयोगी सामग्रीको रूपमा मार्ग निर्देश गर्नेछ भन्ने विश्वास लिइएको छ ।

यो पुस्तक लेखन तथा सम्पादन गर्ने लेखकहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । सूचना, तथ्याङ्क, विवरणहरू उपलब्ध गराउने प्रदेश प्रहरी कार्यालय सुर्खेत, जिल्ला तथ्याङ्क कार्यालय, सुर्खेत र सामाजिक विकास महाशाखा लगायत मन्त्रालयका कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

**डा. मान बहादुर वीके**
**सचिव**

# प्राक्कथन

अझै पनि विश्वमा २१ करोड ८० लाख १९ हजार बालबालिका काममा संलग्न छन् भने १५ करोड १६ लाख २२ हजार बालबालिका त श्रमिककै रूपमा रहेका छन् । त्यसमध्ये पनि ५० प्रतिशत बालबालिका त जोखिमपूर्ण काममा रहेका छन् । यो संख्या विकासशील मुलुकहरूमा तुलनात्मक रूपमा बढी छ । नेपाल जस्तो अल्पविकसित मुलुकमा बालश्रम मूलतः अनौपचारिक क्षेत्रमा बढी रहेको पाइन्छ । बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६, नियमावली २०६२ र बालबालिका सम्बन्धी ऐन, २०७५ ले नेपालका सबै क्षेत्रमा हुने बालश्रमलाई निषेधित गरेको छ । कानूनले श्रम कार्यालयहरूलाई बालश्रमविरुद्ध अनुगमन तथा कानूनी कारबाही गर्ने व्यवस्था गरेको छ । यद्यपि श्रम कार्यालयहरू सीमित मात्रामा रहनु तथा अन्य विविध कारणले गर्दा उक्त कार्य प्रभावकारी बन्न सकिरहेको छैन ।

यो पुस्तक सन् २०१२ मा श्रम विभागबाट प्रकाशित "बालश्रमको अवस्था र निवारणका उपाय" नामक पुस्तकको आधारमा र पछिल्लो श्रमशक्ति सर्वेक्षण सन् २०१७/०१८ को तथ्याङ्कलाई समेटी तयार गरिएको छ । नेपालले सबै प्रकारको बालश्रमको उन्मूलन गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता र दीगो विकास लक्ष्यको कार्यसूची अनुरूपका लक्ष्य हाँसिल गर्ने उद्देश्य लिएको छ । उक्त उद्देश्य प्राप्तिका लागि संघ, प्रदेश र स्थानीय सरकारले बालबालिकाको अवस्था विश्लेषण गर्नुका साथै रणनीतिक योजनाहरूको तर्जुमा गरी प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

यसै सन्दर्भमा सामाजिक विकास मन्त्रालयद्वारा प्रकाशित यो "नेपालमा बालश्रमको अवस्थाः एक विश्लेषण" नामक पुस्तकले सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूलाई बालश्रम उन्मूलनका लागि राष्ट्रिय गुरुयोजनाले तय गरेका रणनीतिहरू कार्यान्वयनमा टेवा पुऱ्याउने अपेक्षा गरेका छौं । यो पुस्तक विभिन्न निकाय र संस्थाहरूले गरेका सर्वेक्षण र प्रकाशित तथ्याङ्कको आधारमा तयार गरिएको छ । यो पुस्तक बाल अधिकारका क्षेत्रमा काम गर्ने निकाय, संघ-संस्था तथा सरोकारवाला सबैका लागि उपयोगी हुनेछ भने अपेक्षा गरेका छौं ।

अन्त्यमा यो पुस्तकको मस्यौदामा पुनरावलोकन गरी सुझाव प्रदान गर्ने बाल अधिकारकर्मी रमा भण्डारी, चन्द्रिका खतिवडा र निर्मल अधिकारीलाई विशेष धन्यवाद दिन चाहन्छौं । तथ्याङ्क उपलब्ध गराई सहयोग गर्ने प्रदेश प्रहरी कार्यालय र जिल्ला तथ्याङ्क कार्यालय सुर्खेतलाई हार्दिक आभार प्रकट गर्दछौं । साथै पुस्तक तयारी तथा प्रकाशन गर्ने सन्दर्भमा सामाजिक विकास मन्त्रालयका सम्बन्धित कर्मचारी मित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । पुस्तकको समीक्षा गरी सुझाव तथा टिप्पणी उपलब्ध गराउन सबैमा अनुरोध छ ।

**डा. मान बहादुर वीके**
**डम्बर बहादुर रोकाय**

# विषयसूची


| विषय | | | पृष्ठ |
|---|---|---|---|
| **शुभकामना** | | | |
| **प्रकाशकीय** | | | |
| **प्राक्कथन** | | | |
| **परिच्छेद–१** | **बालश्रमको अवस्था** | | **१** |
| | १.१ | बालश्रमको परिचय | १ |
| | १.२ | विश्वमा बालश्रमको अवस्था | ४ |
| | १.३ | नेपालमा बालश्रमको अवस्था | ८ |
| | १.४ | आर्थिक गतिविधिमा संलग्न बालबालिका | ९ |
| | १.५ | नेपालमा काममा संलग्न बालबालिकाको शैक्षिक अवस्था | १३ |
| | १.६ | नेपालमा निकृष्ट प्रकारको बालश्रमको अवस्था | १५ |
| | १.७ | बाध्यकारी बालश्रमिकको अवस्था | २३ |
| | १.८ | भौगोलिक क्षेत्र र जातजाति अनुसार जोखिमपूर्ण काममा संलग्न बालबालिका | २५ |
| | १.९ | काम गर्ने समयको अवस्था | २७ |
| | १.१० | भौगोलिक विवरण र बसाइसराई | २९ |
| **परिच्छेद–२** | **कर्णाली प्रदेशका बालबालिका** | | **३०** |
| | २.१ | कर्णाली प्रदेशमा बालबालिकाको अवस्था | ३० |
| | २.२ | कर्णाली प्रदेशमा आर्थिक गतिविधिमा संलग्न बालबालिका | ३१ |
| | २.३ | आर्थिक गतिविधिमा बाहेक अन्य काममा संलग्न बालबालिका | ३२ |
| | २.४ | कर्णाली प्रदेशमा काममा संलग्न बालबालिकाको शैक्षिक अवस्था | ३३ |
| | २.५ | कर्णाली प्रदेशमा बाल विवाहको अवस्था | ३३ |
| | २.६ | कर्णाली प्रदेशमा २० वर्षमुनिका गर्भवतीको अवस्था | ३५ |
| | २.७ | कर्णाली प्रदेशमा हराएका बालबालिकाहरूको विवरण | ३६ |
| | २.८ | सडकमा आश्रित बालबालिका | ३७ |
| | २.९ | अध्ययनरत र विद्यालयबाहिर रहेका बालबालिका | ३८ |
| **परिच्छेद–३** | **बालश्रम सम्बन्धी कानुनी व्यवस्था** | | **३९** |
| | ३.१ | बालश्रम सम्बन्धी अन्तर्राष्ट्रिय कानुनी व्यवस्था | ३९ |
| | | *३.१.१ संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९* | *३९* |
| | | *३.१.२ अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धिहरू* | *४०* |
| | | *३.१.३ बालअधिकार तथा बालश्रम उन्मूलनका लागि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय निकायबाट भएका प्रयासहरू* | *४१* |
| | | *३.१.४ दीगो विकास लक्ष्य* | *४२* |
| | ३.२ | बालश्रम सम्बन्धी राष्ट्रिय कानुनी व्यवस्था | ४३ |
| | | *३.२.१ नेपालको संविधान (२०७२)* | *४३* |
| | | *३.२.२ आवधिक योजनामा बालश्रम निवारण सम्बन्धी व्यवस्था* | *४४* |
| | | *३.२.३ बालबालिका सम्बन्धी ऐन, २०७५* | *४५* |
| | | *३.२.४ श्रम ऐन, २०७४* | *४५* |
| | | *३.२.५ मानव अधिकार आयोग ऐन, २०६८* | *४६* |
| | | *३.२.६ बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६* | *४६* |
| | | *३.२.७ मानव बेचविखन र ओसारपसार (नियन्त्रण) सम्बन्धी ऐन,२०६४* | *४९* |

*३.२.८ बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९* *५०*
*३.२.९ बालश्रम निवारणका लागि राष्ट्रिय गुरुयोजना* *५०*
*३.२.१० स्थानीय सरकार संचालन ऐन, २०७४* *५४*
*३.२.११ प्रदेश सरकार कार्य विभाजन नियमावली,२०७४* *५४*
*३.२.१२ सामाजिक सुरक्षा र बालबालिका* *५५*
*३.२.१३ बालबालिका प्रत्यक्ष लाभान्वित हुने केही प्रमुख कार्यक्रम तथा सेवा सुबिधाहरू* *५६*

**परिच्छेद-४ बालश्रमका कारण तथा सुझावहरू** **५८**
४.१. नेपालमा बालश्रमका समस्या र चुनौतिहरू ५८
४.२ बालश्रमका कारणहरू ५९
*४.२.१ आर्थिक विपन्नता* *५९*
*४.२.२. सामाजिक, सांस्कृतिक रूपले बालश्रमको स्वीकार* *५९*
*४.२.३. कडा कानुन नहुनु, कानुन कार्यान्वयको लागि संरचनाको अभाव र कार्यान्वियनको फितलोपन* *६०*
*४.२.४ घरेलु र व्यावसायिक क्षेत्रमा बालश्रमको बढ्दो माग, वैदेशिक रोजगार र कमाईप्रतिको मोह* *६०*
*४.२.५. युद्ध, द्वन्द्व तथा पारिवारिक विग्रह र बाल संरक्षणको अभाव* *६१*
*४.२.६ गुणस्तरीय शिक्षाको अभाव र शैक्षिक वातावरणको कमी* *६२*
*४.२.७. बदलिंदो सामाजिक परिवेश, बसाइसराई, र संगठित अपराधमा वृद्धि* *६२*
*४.२.८ विद्युतीय संचार तथा सामाजिक सञ्जालको दुरूपयोग* *६३*
*४.२.९ बालबालिका क्षेत्रमा सरकारी लगानी न्यून र साझेदारहरूको चासोको कमी* *६३*
*४.२.१० राजनीतिक प्रतिवद्धताको कमी* *६४*
४.३ सुझावहरू ६५
४.४ निष्कर्ष ७६

**अनुसूचीहरू** **७८**
**अनुसूची-१ :** अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बालश्रमविरूद्धको अभियान-समय रेखा ७८
**अनुसूची-२:** बालबालिकासँग सम्बन्धित दीगो विकासका केही प्रमुख लक्ष्य, गन्तव्य र सूचकको विवरण ८०
**अनुसूची-३ :** राष्ट्रिय गुरुयोजनाको अवधारणागत खाका ८४
**अनुसूची-४ :** बालबालिकासँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरू ८५

ENGLISH REFERENCES ८६

**नेपाली सन्दर्भ सामाग्री** ८८

## तालिका सूची


**तालिका १.१** : रोजगारमा संलग्न हुने न्यूनतम उमेर सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्ठनमा गरिएको व्यवस्था ३
**तालिका १.२** : विश्वमा बालापन उपयोगको अवस्था ७
**तालिका १.३** : विभिन्न अवधिमा बालबालिकाको श्रममा सहभागिता दर ८
**तालिका १.४** : उत्पादनमा संलग्न ५-१७ वर्षका बालबालिकाहरूको विवरण ९
**तालिका १.५** : सेवाको आधारमा १५-१७ उमेर समूहका बालबालिकाको काममा संलग्नता ११
**तालिका १.६** : विभिन्न प्रकृतिका काममा बालबालिकाको संलग्नता (प्रतिशतमा) १२
**तालिका १.७** : विद्यालयमा उपस्थित हुने बालबालिकाको संख्या (हजारमा) १४
**तालिका १.८** : विद्यालयमा उपस्थित नभएका बालबालिकाको संख्या (हजारमा) १४
**तालिका १.९** : निकृष्ट बालश्रमिकको अवस्था १६
**तालिका १.१०** : बाध्यकारी श्रमिकको अवस्था २४
**तालिका १.११** : भौगोलिक क्षेत्र अनुसार जोखिमपूर्ण कार्यमा संलग्न बालबालिकाहरू २५
**तालिका १.१२** : जातजाति अनुसार जोखिमपूर्ण काममा संलग्न बालबालिकाको विवरण २६
**तालिका १.१३** : बालबालिकाले काम गर्ने समयको लैङ्गिक अवस्था २८
**तालिका २.१** : आर्थिक गतिविधिमा संलग्न १० देखि १९ वर्ष उमेर समूहका बालबालिका ३१
**तालिका २.२** : आर्थिक गतिविधिबाहेक विभिन्न काममा संलग्न १० देखि १९ वर्षका बालबालिका ३२
**तालिका २.३** : विद्यालयमा उपस्थित हुने र नहुने ५-१७ वर्ष उमेर समूहका बालबालिकाको संख्या(हजारमा) ३३
**तालिका २.४** : उमेर अनुसार बाल विवाह गर्ने प्रतिशत ३४
**तालिका २.५** : २० वर्षमुनिका गर्भवतीको विवरण ३५
**तालिका २.६** : कर्णाली प्रदेशमा गत ३ आ.व.मा हराएका बालबालिकाको विवरण ३६
**तालिका २.७** : जिल्लागत रूपमा हराएका बालबालिकाको विवरण ३७
**तालिका ४.१** : बालश्रमका कारणहरू ६४


## चित्र सूची


**चित्र १.१** : विश्वमा बालश्रमको अवस्था ४
**चित्र १.२** : बालश्रमको क्षेत्रगत विभाजन ४
**चित्र १.३** : सन् २०००-१६ सम्म बालश्रम र जोखिमपूर्ण काममा बालबालिकाको संलग्नताको अवस्था ५
**चित्र १.४** : राष्ट्रिय आय र बालश्रम ५
**चित्र १.५** : बालबालिकाको कृषिमा संलग्नता ६
**चित्र १.६** : विश्वमा १५२० लाख बालबालिका बालश्रममा ६
**चित्र १.७** : बालश्रमको वार्षिक विवरण २०७४/२०७५ १२
**चित्र १.८** : प्रतिष्ठानहरू १३
**चित्र २.१** : कर्णाली प्रदेशमा बालबालिकाको संख्या ३०
**चित्र २.२** : जिल्लागत रुपमा २० वर्षमुनि विवाह गर्नेको प्रतिशत ३४
**चित्र २.३** : सडक बालबालिकाको अवस्था ३७
**चित्र २.४** : विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या ३८
**चित्र ३.१** : बाल हेल्पलाइनबाट लाभान्वित बालबालिकाको संख्या ५७

# परिच्छेद–१
# बालश्रमको अवस्था

## १.१ बालश्रमको परिचय

ऐतिहासिक रूपमा नेपालमा बाल-बालिकालाई श्रममा लगाउने कार्यको थालनी आमाबाबुसँग छोराछोरीसँगै काम गर्ने सम्बन्ध-सँग गाँसिएर देखा पऱ्यो । बालबालिकालाई आमाबाबुले हुर्काउने र त्यसको बदलामा आमाबाबुले छोराछोरीसँग खेत-बारीको काममा, गाईवस्तु हेर्नमा सघाउन तथा वयस्क भएपछि घरपरिवारको कमाइमा र आफ्नो बुढेसकालमा हेरचाह गरिदिऊन् भन्ने जस्ता अपेक्षा गर्ने गरिएको पाइन्छ । त्यो विस्तारै प्रचलन बन्न पुग्यो र त्यस्ता अपेक्षा बढ्दै जाँदा नेपाली समाजमा बालश्रमले शोषणको रूप लिन पुग्यो ।

**बालश्रमको परिभाषा :**

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बालश्रमसँग सम्बन्धित तथ्याङ्कीय सूचना र सुपरिवेक्षण कार्यक्रमले विश्वव्यापी रूपमा बालश्रम पहिचानका निम्न लिखित आधारहरू तय गरेको छ :

- हप्तामा १ वा १ भन्दा बढी घण्टा आर्थिक रूपमा सक्रिय भई कार्य गर्ने १२ वर्षमुनिका बालबालिका
- हप्तामा कम्तिमा १४ घण्टा आर्थिक रूपमा सक्रिय भई काम गर्ने १४ वर्षमुनिका बालबालिका,
- हप्तामा ४३ घण्टा आर्थिक रूपमा सक्रिय भई काम गर्ने १७ वर्षमुनिका बालबालिका,
- हप्तामा एक वा एकभन्दा बढी घण्टा जोखिमपूर्ण क्रियाकलापमा सहभागी हुने १७ वर्षमुनिका बालबालिका,
- निकृष्ट प्रकारका काम जस्तै : घरेलु कामदार वा कमैया बालबालिका, सशस्त्र द्वन्द्व, वेश्यावृत्ति, बालबालिका बेचबिखन, अश्लिल कार्य र गैरकानुनी क्रियाकलाप लगायतका कार्यमा संलग्न गराइएका १७ वर्षमुनिका बालबालिका ।

मानव सभ्यताको विकास र विश्वव्यापी औद्योगीकरणका कारण बालश्रम बढ्दै गएकाले अहिले नेपाल लगायत विश्वका अन्य विकासोन्मुख देशहरूमा बालश्रम एक महत्वपूर्ण मुद्दा बनेको छ । औपचारिक शिक्षा प्राप्त गर्न नसकेका, आर्थिक अवस्था कमजोर भएका परिवारका र परिवारविहीन बालबालिका श्रममा संलग्न हुन बाध्य छन् । अर्कोतर्फ रोजगारदातामा देखिएको श्रम शोषणको नियत पनि बालश्रमको एउटा कारण देखिन्छ । श्रममा संलग्न हुनु परेका बालबालिका औपचारिक शिक्षा हाँसिल गर्न वञ्चित हुन्छन् । फलस्वरूप वयस्क भएपछि उनीहरूको आय न्यून हुन्छ र यसबाट पछिल्लो पुस्तासमेत उही गरिबीको चक्रबाट गुज्रन बाध्य हुन्छ । यो कहिलै अन्त्य नहुने दुश्चक्रबाट व्यक्ति, परिवार र सिङ्गो समुदाय अल्झिरहेको हुन्छ ।

बालबालिकाको सर्वाङ्गीण विकासलाई प्रतिकूल असर पार्ने र जीवनलाई जोखिम हुने कार्यमा बालबालिकाको संलग्नता हुनु बालश्रम हो । बालबालिकाको इच्छा विरूद्ध काममा लगाउनु पनि बालश्रम हो । १८ वर्षमुनिका बालबालिकाले उनीहरूको शारीरिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्ने गरी तथा उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुने गरी गरिने श्रम नै बालश्रम हो । तर बालबालिकाको सामाजिकीकरण गर्न, सीपहरू सिक्न सिकाउनका लागि तथा बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक विकासमा बाधा नहुने गरी आफ्नै घर, विद्यालय वा समाजमा गरिने काम बालश्रम मानिदैन । तथापि कानूनद्वारा तोकिएको उमेर नपुगेका बालबालिकालाई आफ्नो घरबाहेक अरुको घरमा व्यक्तिको घरमा पेसागत हिसाबले घरेलु कामकाजमा संलग्न गराउनुलाई घरेलु बालश्रम भनिन्छ । बालश्रम कानुनी दृष्टिकोणले बर्जित छ र यसलाई सामाजिक अपराधको रूपमा लिइन्छ ।

केही वर्ष अगाडिदेखि मात्र नेपालमा बालश्रमलाई एक सामाजिक, आर्थिक तथा मानवीय समस्याको रूपमा स्वीकार गर्न थालिएको हो । पछिल्लो समयमा नेपालमा बालश्रमका विरूद्ध तीब्र रूपमा जागरूकता आइरहेको छ । बालबालिकाको संरक्षण र विकासका लागि कार्यान्वयन गरिएका कानुनी व्यवस्था र सामाजिक नीतिहरूले त्यसमा सघाइरहेका छन् । मुलुकको विकासको मार्गमा देखा परेको सामाजिक परिवर्तन सम्बन्धी चुनौतिहरूलाई दृष्टिगत गर्दा विद्यमान प्रणाली बालबालिकाको हकहित प्रबर्द्धन गर्न पर्याप्त छैन । यसका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको थप नीतिगत प्रतिवद्धता आवश्यक छ भने भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनु जरुरी देखिन्छ ।

संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ३२ (१) मा राज्यपक्षहरूले आर्थिक शोषण र हानिकारक खालको काम गर्नबाट वा बालबालिकाको शिक्षामा असर पुग्ने वा बालबालिकाको स्वास्थ्य वा तिनीहरूको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने बालबालिकाको अधिकारलाई मान्यता दिइनेछ भनिएको छ । उनीहरूको मानसिक, शारीरिक, नैतिक, बौद्धिक र स्वास्थ्यमा असर गर्ने वा सामाजिक विकासमा असर गर्ने क्रियाकलापबाट उनीहरूलाई जोगाउनु पर्दछ । बालअधिकार सम्बन्धी महासन्धि, १९८९ ले राज्यले अन्तर्राष्ट्रिय मापदण्डका आधारमा रोजगारीमा सहभागी हुने न्यूनतम उमेर निर्धारण गर्नु पर्ने पक्षलाई समेत जोड दिएको छ । **रोजगारमा संलग्न हुने न्यूनतम उमेर सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १३८ (सन् १९७३) अनुसार श्रमका लागि न्यूनतम उमेर** तालिका १.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका १.१ : रोजगारमा संलग्न हुने न्यूनतम उमेर सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनमा गरिएको व्यवस्था**

| कामको विवरण | बालबालिकाले काम गर्न सक्ने न्यूनतम उमेर | विकासशिल देशका लागि अपवाद |
|---|---|---|
| **जोखिमपूर्ण काम**<br>१८ वर्ष भन्दा कम उमेरका बालबालिकालाई कुनै पनि काम जसले बालबालिकाको शारीरिक, मानसिक वा नैतिक स्वास्थ्य वा सुरक्षामा हानि-नोक्सानी पुऱ्याउँछ त्यस्ता काममा कसैले पनि लगाउन नपाइने । | १८ (१६ वर्षभन्दा मुनिका बालबालिकालाई श्रममा लगाउन नपाइने) | १८ (कसैले पनि १६ वर्षभन्दा मुनिका बालबालिकालाई काममा लगाउन नपाइने) |
| **आधारभूत न्यूनतम उमेर**<br>काम गर्न लगाउने न्यूनतम उमेर १५ वर्षभन्दा कम हुन नहुने, उक्त उमेर अनिवार्य विद्यालय शिक्षा हासिल गर्ने उमेर भएको | १५ | १४ |
| **हल्का काम**<br>१३ देखि १५ वर्ष उमेरका बालबालिकाले हलुका काम गर्न सक्नेछन् तर उक्त कामले उनीहरूको स्वास्थ्य र सुरक्षा वा उनीहरूको शिक्षा, तालिम र व्यावसायिक सीपमा नोक्सानी पुऱ्याउन पाइने छैन । | १३–१५ | १२–१४ |

***स्रोत : BK and Bista, 2012***

नेपालमा वि.सं २०१३ सालबाट योजनाबद्ध विकासको थालनी भएसँगै बालबालिकाको शिक्षा, स्वास्थ्य, बाल संरक्षण लगायतका क्षेत्रमा उल्लेखनीय कार्यहरू भएको देखिन्छ । संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई नेपाल सरकारले सन् १९९० को सेप्टेम्बर १४ तारिख (२९ भदौ, २०४७) मा अनुमोदन गरेपछि महासन्धिका प्राबधानहरूलाई कार्यान्वयन गर्न नीतिगत, कानूनी, संस्थागत र कार्यक्रमगत व्यवस्थामा सुधार हुँदै आएको छ । बालबालिकालाई सबै प्रकारका हिंसा र शोषणबाट मुक्त राखी आधारभूत बाल अधिकारको सुनिश्चितताका लागि गरिएका प्रयास र लगानीबाट बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन आएको देख्न सकिन्छ । यी प्रयासहरूलाई एकीकृत गर्दै नतिजामूलक ढङ्गबाट थप प्राथमिकता दिन आवश्यक देखिएको छ । नेपालको संविधान (२०७२) ले बालबालिकाको विकास, संरक्षण, सहभागिता र बाँच्न पाउने कुरालाई मौलिक हकका रूपमा अङ्गिकार गर्दै बालबालिकाको सर्वोत्तम हितलाई सम्मान गरिनु पर्ने व्यवस्था गरेको छ ।

नेपालको संविधानको धारा ३९ (४) मा "कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन" भन्ने व्यवस्था रहेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ मा १४ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रूपमा राख्नु हुँदैन भन्ने

उल्लेख गरिएको छ । त्यसैगरी बालश्रम (निषेध र नियमन गर्ने) ऐन, २०५६ ले १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई कुनै पनि श्रममा र १८ वर्ष उमेर नपुगेकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ ।

## १.२ विश्वमा बालश्रमको अवस्था

ग्लोबल इस्टिमेट २०१२-२०१६, (ILO, 2017) का अनुसार विश्वमा ५-१७ वर्ष उमेर समूहका २१ करोड ८० लाख १९ हजार बालबालिका काममा संलग्न छन् । त्यसमध्ये १५ करोड १६ लाख २२ हजार बालबालिका बालश्रममा संलग्न रहेका छन् भने ७ करोड २५ लाख २५ हजार बालबालिका जोखिमपूर्ण काममा संलग्न रहेको देखिन्छ । यो तथ्याङ्क अनुसार बालश्रममा संलग्न बालबालिका-हरूमध्ये झण्डै ५० प्रतिशत बालबालिका जोखिमपूर्ण काममा संलग्न रहेका छन् ।


**चित्र १.१ : विश्वमा बालश्रमको अवस्था**




*स्रोत : ILO, 2017*

विश्वमा १२ वर्षमुनिका १ करोड ९० लाख बालबालिका बालश्रममा संलग्न रहेको देखिन्छ । क्षेत्रीय हिसाबले हेर्दा ७ करोड २१ लाख बालश्रमिक अफ्रिकामा छन् भने त्यसैगरी ६ करोड २१ लाख एसिया प्रशान्त, १ करोड ७ लाख अमेरिकी मुलुक, १२ लाख अरबी मुलुक र ५५ लाख युरोप तथा मध्य-एसियामा रहेका छन् । बालश्रमिकहरू- को लैङ्गिक अनुपातले हेर्दा बालकहरू ५८ प्रतिशत र बालिकाहरूको अनुपात ४२ प्रतिशत रहेको छ । विश्वमै बालश्रमको ठूलो हिस्सा कृषि क्षेत्रमा रहेको देखिन्छ । ५ देखि १७ वर्ष उमेर समूहका बालबालिकाहरूको क्षेत्रगत बालश्रमको अवस्थालाई हेर्दा १७.२ प्रतिशत सेवा क्षेत्रमा, ११.९ प्रतिशत औद्योगिक क्षेत्रमा र ७०.९ प्रतिशत कृषि क्षेत्रमा संलग्न भएको पाइएको छ ।


**चित्र १.२ : बालश्रमको क्षेत्रगत विभाजन**
(बालश्रमिकको संख्या हजारमा)




*स्रोत : ILO, 2017*


विश्व श्रम सङ्गठनको प्रतिवेदन अनुसार सन् २००० मा ५-१७ वर्षमुनिका बालबालिका १६ प्रतिशत बालश्रममा संलग्न रहेकोमा सन् २०१६ मा ६.४ प्रतिशतले घटेर ९.६ प्रतिशत बालश्रमिक रहेको देखिन्छ ।

**चित्र १.३ : सन् २०००–१६ सम्म बालश्रम र जोखिमपूर्ण काममा बालबालिकाको संलग्नताको अवस्था**




*स्रोत : ILO, 2017*

**चित्र १.४ : राष्ट्रिय आय र बालश्रम**




*स्रोत : ILO, 2017*


त्यसैगरी सन् २००० मा जोखिमपूर्ण कामहरूमा संलग्न ११.१ प्रतिशत बालश्रमिक सन् २०१६ मा ४.६ प्रतिशत विन्दुले झरेको देखिन्छ । आयस्रोतको आधारमा बालश्रममा संलग्न हुने बालबालिकाहरूको अवस्थालाई हेर्दा न्यून आय भएका मुलुकहरूमा १९.४ प्रतिशत छन् भने उच्च आय भएका मुलुकहरूमा १.२ प्रतिशत बालबालिकाहरू मात्र बालश्रममा संलग्न देखिन्छ । यस अवस्थालाई अध्ययन गर्दा कमजोर आयस्तर भएका मुलुकका बालबालिकाहरू बालश्रमिकका रूपमा श्रममा संलग्न भएको देखिन्छ ।

सार्कस्तरमा गरेको एक अध्ययन (Khan and Lyon, 2015) ले दक्षिण एसियामा १ करोड ६७ लाख बालश्रमिक रहेको देखाउँछ । अध्ययनका अनुसार भारतमा ५८ लाख, बंगलादेश ५० लाख, पाकिस्तानमा ३ लाख ४० हजार र नेपालमा २० लाख रहेको देखाएको छ । दक्षिण एसियामा बालश्रमको अवस्थालाई कार्यक्षेत्रको आधारमा हेर्दा सबैभन्दा बढी कृषिमा संलग्न भएको देखिन्छ । कृषिमा संलग्न बालश्रमिकको अवस्था नेपालमा

९४ प्रतिशत, पाकिस्तानमा ७६.१ प्रतिशत, श्रीलंकामा ६६.५ प्रतिशत, भारतमा ५६.५ प्रतिशत र बंगलादेशमा ४५.५ प्रतिशत रहेको छ ।

त्यसैगरी व्यवसायमा संलग्न बालश्रमिक पाकिस्तानमा ६.२, श्रीलंकामा १४.६, भारतमा ५.२ र बंगलादेशमा ११.२ प्रतिशत रहेको छ भने उद्योगमा सबैभन्दा बढी भारतमा २७.६ र सबैभन्दा कम नेपालमा १.८ प्रतिशत बालबालिका संलग्न रहेको देखिन्छ ।

**चित्र १.५ : बालबालिकाको कृषिमा संलग्नता**





स्रोत : *Khan and Lyon, 2015*

**ग्लोबल इस्टिमेट २०१२-१६ को प्रतिवेदनका केही महत्वपूर्ण तथ्याङ्कहरू**

- ५ देखि १७ वर्ष उमेर समूहका २१ करोड ८० लाख बालबालिका रोजगारीमा संलग्न छन् । त्यसमध्ये १५ करोड २० लाख बालश्रम शोषणको शिकार भएका छन् । त्यसको लगभग आधा अर्थात् ७ करोड २५ लाख बालबालिका जोखिमपूर्ण श्रममा संलग्न रहेका छन् ।
- अफ्रिकामा ७ करोडा २१ लाख, एशिया प्रशान्तमा ६ करोड २१ लाख, अमेरिकन मुलुकमा १ करोड ७ लाख, अरबी मुलुकमा १२ लाख, यूरोप तथा मध्य-एशियामा ५.५ लाख बालबालिका श्रमिकका रूपमा काम गरिरहेका छन् ।

**चित्र १.६: विश्वमा १५२० लाख बालबालिका बालश्रममा**




- अफ्रिकामा ५ बालबालिकामध्ये १ जना (१९.६ प्रतिशत), अरबमा ३५ बालबालिकामध्ये १ जना (२.९ प्रतिशत), यूरोप तथा मध्य-एशियामा २५ जनामा १ जना बालबालिका श्रमिकका रूपमा कार्यरत देखिएका छन् ।
- ५ देखि ११ वर्ष उमेर समूहका ७ करोड ३० लाख (४८ प्रतिशत) बालबालिका श्रममा रहेका छन् । १२ देखि १४ वर्ष उमेर समूहका ४ करोड २० लाख (२८ प्रशितत) र १५ देखि १७ वर्ष उमेर समूहका ३ करोड ७० लाख (२४ प्रतिशत) बालबालिका श्रममा संलग्न छन् ।
- १५ देखि १७ वर्ष उमेर समूहका बालबालिकाले सबैभन्दा जोखिमपूर्ण काम गर्छन् । जोखिमपूर्ण काममा संलग्न १ करोड ९० लाख बालबालिका १२ वर्षमुनिका छन् ।
- शोषणपूर्ण बालश्रममा संलग्न १५ करोड २० लाख बालबालिकामध्ये ८ करोड ८० लाख (५८ प्रतिशत) बालक र ६ करोड ४० लाख (४२ प्रतिशत) बालिका रहेका छन् ।

स्रोत : ***ILO, 2017***

विश्वव्यापी बालापनको अन्त्य सम्बन्धी सूचक (End of Childhood Index) को पनि गणना गर्ने गरिएको छ (Save the Children, 2019) । उक्त गणनामा बालापनको उपयोग गरे नगरेको अवस्थाका आधारमा १ देखि १००० सम्म मानक निर्धारण गरिएको छ ।

**तालिका १.२ : विश्वमा बालापन उपयोगको अवस्था**

| बालापनको भरपुर उपयोग गर्ने १० उच्च मुलुकहरू | | बालापन गुमाउने १० उच्च मुलुकहरू | |
|---|---|---|---|
| **स्थान** | **देश** | **स्थान** | **देश** |
| १ | सिंगापुर | १६७ | वर्किना फासो |
| २ | स्वीडेन | १६८ | कंगो |
| ३ | फिनल्याण्ड | १६९ | गुनिया |
| ३ | नर्वे | १७० | नाइजेरिया |
| ३ | सोलभानिया | १७१ | सोमलिया |
| ६ | जर्मनी | १७२ | दक्षिण सुडान |
| ६ | आईरल्याड | १७३ | माली |
| ८ | इटली | १७४ | चाड |
| ८ | दक्षिण कोरिया | १७५ | नाइजर |
| १० | वेलजियम | १७६ | केन्द्रीय गणतन्त्र अफ्रिका |

***स्रोत : Save the children , 2019***

यसले हरेक मुलुकका बालबालिकाले बालापनको भरपुर उपयोग गरेको वा गुमाएको संकेत गर्दछ । यसभित्र मृत्यु, कुपोषण, विद्यालयबाहिर रहनु पर्ने र वयष्क जस्तै काम गर्नु पर्ने अवस्थालाई समेटेको छ । उक्त मानकलाई निम्नानुसार ५ (पाँच) भागका विभाजन गरिएको छ ।

- ९४० भन्दा माथि - सारै कम बालबालिकाले मात्र बालापन गुमाएका
- ७६० देखि ९३९ सम्म - केही बालबालिकाले बालापन गुमाएका
- ६०० देखि ७५९ सम्म - धेरै बालबालिकाले बालापन गुमाएका
- ३८० देखि ५९९ सम्म - प्रायःजसो बालबालिकाले बालापन गुमाएका
- ३६९ भन्दा कम - सबैजसो बालबालिकाले बालापन गुमाएका

उक्त मानाङ्क अनुसार १७६ देशमध्ये नेपाल १३४औं स्थानमा रहेको छ । नेपालको मानाङ्क ६८५ रहेको छ, जसले धेरै बालबालिकाले बालापन गुमाएका छन् भन्ने बुझाउँछ । यही अध्ययनले नेपालमा बालश्रमिकको संख्या ३७.४ प्रतिशत रहेको देखाएको छ ।

## १.३ नेपालमा बालश्रमको अवस्था

सामाजिक अपराध र मानव सभ्यताको अभिषापका रूपमा रहेको बालश्रमलाई मानव अधिकार हननका रूपमा पनि लिइन्छ । जहाँ बालश्रम हुन्छ, त्यो समाजलाई सभ्य, विकसित वा आधुनिक मान्न सकिदैन । बालश्रमले बाल-बालिकाको बालापन सम्बन्धी मौलिक अधिकार हनन् मात्र गर्दैन, उनीहरूको भविश्य समेत अन्धकारतिर धकेल्छ । बालश्रम श्रमको शोषणका साथै राष्ट्रको कर्णधारका रूपमा रहेका बालबालिकाको प्रतिभालाई कुण्ठित गर्ने कुसंस्कार पनि हो । यसकारण बालश्रम निवारण गर्ने कार्य सरकारको एक महत्वपूर्ण जिम्मेवारी हो भने त्यसका लागि सहयोग पुऱ्याउनु आधुनिक सभ्य समाजको कर्तव्य हो ।

**<u>तालिका १.३ :</u> विभिन्न अवधिमा बालबालिकाको श्रममा सहभागिता दर**

| वर्ष (ई.सं.मा) | जम्मा | पुरुष | महिला | शहरी क्षेत्र | ग्रामीण क्षेत्र |
|---|---|---|---|---|---|
| १९९६ | ४१.७ | ३६.१ | ४७.६ | २३.० | ४३.४ |
| २००४ | ३२.० | ३०.२ | ३२.५ | १२.४ | ३३.५ |
| २००८ | ३३.९ | ३०.२ | ३७.८ | १४.४ | ३६.७ |
| २०१० | ४४.० | ४१.० | ४८.० | ३१.० | ४६.० |
| २०१७/१८* | ४७.८ | ३८.१ | ५७.९ | ६०.५ | ३९.५ |

*स्रोत: https://en.wikipedia.org/wiki/Child_labour_in_Nepal*

** नेपाल श्रम शक्ति सर्वेक्षण, २०१७/१८*

*द्रष्टव्य: २०१७/१८ को स्थानीयताको तथ्याङ्क रोजगारीमा संलग्न बालबालिकाको कूल संख्याको* आधारमा

नेपालको सन्दर्भमा बालश्रम सम्बन्धी अध्ययन पहिलो पटक सन् १९९५/०९६ मा भएको बसाईसराई तथा रोजगारी सर्भेक्षण १९९५/९६ (Suwal et al., 1997) मा उल्लेख गरेको पाइन्छ । उक्त सर्वेक्षणका अनुसार सन् १९९५/०९६ मा काममा संलग्न बालबालिका ४१.७ प्रतिशत रहेको देखिन्छ भने बालश्रमिकका रूपमा कार्यरत बालबालिका २६.७ प्रतिशत रहेका थिए । त्यसैगरी नेपालको श्रमशक्ति सर्वेक्षण २००८ (CBS and ILO,2011) ले ४०.४ प्रतिशत बालबालिका काममा संलग्न रहेको देखाए थियो भने त्यो मध्ये बालश्रमिकका रूपमा संलग्न बालबालिका ५०.९ प्रतिशत र जोखिमपूर्ण काममा संलग्न बालबालिका १९.७ प्रतिशत रहेको देखाइएको थियो । नेपाल बहुसूचाङ्क क्षेत्रीय सर्भेक्षण २०१४ (MICS, 2014) ले ३७.४ प्रतिशत बालबालिका बालश्रमिकका रूपमा संलग्न देखाइएको छ भने त्यसमध्ये ३० प्रतिशत बालबालिका जोखिमयुक्त काममा संलग्न रहेको अवस्था देखाएको छ । पछिल्लो पटक नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ (CBS and ILO, 2019) ले ४७.८ प्रतिशत बालबालिका कुनै न कुनै काममा संलग्न रहेको देखिन्छ । यस सर्वेक्षणमा बालश्रम तथा जोखिमपूर्ण काममा संलग्न बालबालिकाको तथ्याङ्क संलग्न गरेको देखिदैन ।

तद्नुरूप बसाइसराई तथा रोजगारी सर्भेक्षण १९९५/९६ का अनुसार ४१.७ प्रतिशत रहेको काममा संलग्न बालबालिकाहरूको संख्या नेपाल श्रम शक्ति सर्वेक्षण २०१७/१८ सम्म आउँदा ६.१ प्रतिशत विन्दुले वृद्धि भई ४७.८ प्रतिशत रहेको देखिन्छ । यसले बालबालिकाहरू काममा संलग्न हुने प्रवृत्ति बढदै गएको अवस्था देखाउँछ । त्यस्तै बालापनको उपयोग सम्बन्धी विश्वव्यापी सूचाङ्कमा नेपाल ६८५ मानङ्कसहित १३४औं स्थानमा रहेको छ, जसले हाम्रा धेरै बालबालिकाले आफ्नो बालापन भरपुर उपयोग गर्न नपाएको अवस्था इंकित गर्दछ । यसले पनि बालबालिकाहरू बालापनकै अवस्थामा काममा संलग्न हुनु पर्ने स्थितिलाई पुष्टि गरेको छ ।

## १.४ आर्थिक गतिविधिमा संलग्न बालबालिका

आर्थिक विपन्नता र पारिवारिक समस्याका कारण अधिकांश बालबालिका आर्थिक गतिविधिमा संलग्न रहने गरेको देखिन्छ । घरायसी गर्जो टार्न र जीवन निर्वाहका लागि आर्थिक गतिविधिमा बालबालिकाको संलग्नतालाई नेपालमा नयाँ मानिदैन् । विपन्न परिवारका त्यस्ता बालबालिका आफ्ना अभिभावकले संचालन गर्ने दैनिक क्रियाकलापमा संलग्न हुने गर्दछन् ।

**तालिका १.४ : उत्पादनमा संलग्न ५-१७ वर्षका बालबालिकाहरूको विवरण**

| क्रियाकलाप | संलग्नता | हजारमा | | | प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| जीविकोपार्जन तथा उत्पादन प्रक्रियामा सहभागी | संलग्नता | ७५९ | ९९९ | १७५८ | २०.९ | २९ | २४.८ |
| | संलग्नाता नभएको | २८७३ | २४४४ | ५३१८ | ७९.१ | ७१ | ७५.२ |
| | **जम्मा** | **३६३२** | **३४४३** | ७०७५ | **१००** | **१००** | **१००** |
| घरेलु सामाग्री निर्माण | संलग्नता | ५७ | ११२ | १६८ | १.६ | ३.२ | २.४ |
| | संलग्नाता नभएको | ३५७५ | ३३३२ | ६९०७ | ९८.४ | ९६.८ | ९७.६ |
| | जम्मा | **३६३२** | **३४४४** | ७०७५ | **१००** | **१००** | **१००** |
| पानी भर्ने काम | संलग्नता | ४ | ४ | ७ | ०.१ | ०.१ | ०.१ |
| | संलग्नाता नभएको | ३६२८ | ३४४० | ७०६७ | ९९.९ | ९९.९ | ९९.९ |
| | **जम्मा** | **३६३२** | **३४४४** | **७०७५** | **१००** | **१००** | **१००** |
| दाउरा जम्मा गर्ने काम | संलग्नता | २४७ | ३६१ | ६०९ | ६.८ | १०.५ | ८.६ |
| | संलग्नाता नभएको | ३३८५ | ३०८२ | ६४६५ | ९३.२ | ८९.५ | ९१.४ |
| | **जम्मा** | **३६३२** | **३४४३** | ७०७५ | **१००** | **१००** | **१००** |
| आफ्नै वस्ने | संलग्नता | १७० | २७९ | ४४८ | ४.७ | ८.१ | ६.३ |

| क्रियाकलाप | संलग्नता | हजारमा | | | प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| घर निर्माण र मर्मत | संलग्नाता नभएको | ३४६२ | ३१६५ | ६६२७ | ९५.३ | ९१.९ | ९३.७ |
| | **जम्मा** | **३६३२** | **३४४४** | **७०७५** | **१००** | **१००** | **१००** |
| कुनै एक उत्पादनमूलक क्रियाकलाप | संलग्नता | ११ | ८ | २० | ०.३ | ०.२ | ०.३ |
| | संलग्नाता नभएको | ३६२० | ३४३५ | ७०७५ | ९९.७ | ९९.८ | ९९.७ |
| | **जम्मा** | **३६३२** | **३४४३** | **७०७५** | **१००** | **१००** | **१००** |

***स्रोत : CBS and ILO, 2019***

मौसमी प्रकृतिका रोजगारीमा पनि बालबालिकाको संलग्नता हुने गरेको छ । मौसम अनुसार कमाउन भारत जाने होस् वा हिमाली क्षेत्रमा यार्सा लगायतका जडिबुटी टिप्न जाने काम होस् बालबालिका पनि अभिभावकसँगै जाने गरेका हुन्छन् । त्यसैगरी विदाको दिन चौपाया चराउने र आफ्नै उमेर समूहका भाइबहिनीको हेरचाह गर्ने लगायतका काम बालबालिकाको जिम्मेवारीमा रहेको हुन्छ ।

पढ्ने उमेरमै आर्थिक क्रियाकलापमा बालबालिका सहभागी हुँदा उनीहरूले आधारभूत शिक्षा हासिल नगर्दै बीचमै पढाइ छोड्ने लगायतका समस्याहरू देखिएका छन् । अन्य काममा बालबालिकाको सक्रियता बढ्दै गएपछि उनीहरूको पढाइ कमजोर हुन्छ र अन्तमा पढाइ छोड्न पुग्दछन्, जसले गर्दा विद्यालयमा बीचमै कक्षा छोडनेहरूको अनुपात बढ्दै जान्छ । लिङ्ग र क्रियाकलापका आधारमा आर्थिक उपार्जनका क्रियाकलापमा संलग्न बालबालिकाहरूको तथ्याङ्क तालिका १.४ प्रस्तुत गरिएको छ । ५-१७ वर्ष उमेर समूहका बालबालिकाको काममा संलग्नताको क्षेत्रगत अवस्था हेर्दा जीविकोपार्जन तथा उत्पादन प्रक्रियामा २४.८० प्रतिशत बालबालिकाको सहभागिता रहेको देखिन्छ भने घरेलु सामग्री निर्माण र पानी भर्ने काममा क्रमशः २.४ र ०.१ प्रतिशत रहेका छन् । त्यसैगरी दाउरा जम्मा गर्ने काममा ८.६, आफ्नै बस्ने घर निर्माण र मर्मतमा ६.३ र कुनै एक वस्तु उत्पादनमूलक क्रियाकलापमा ०.३ प्रतिशत बालबालिका संलग्न हुने गरेका छन् । सबैभन्दा बढी जीविकोपार्जन (२४.८ प्रतिशत) र सबैभन्दा कम पानी भर्ने काममा बालबालिकाको सहभागिता देखिने गरेको छ ।

तालिका १.५ ले १५ देखि १७ वर्ष उमेर समूहका बालबालिकामध्ये आफ्नै प्रयोगका लागि गरिने कम्तिमा एउटा क्रियाकलापमा ३६.३ प्रतिशत बालबालिका संलग्न रहेको देखाएको छ । लिङ्ग र सेवाका आधारमा बालकहरूको (२२.४ प्रतिशत) भन्दा बालिकाहरू (५१ प्रतिशत) को संलग्नता बढी रहेको देखिन्छ । उल्लेखित क्रियाकलापमध्ये ३३ प्रतिशत

बालबालिका घरेलु काममा संलग्न रहेका छन् । घरेलु काममा बालकहरूभन्दा २८.३ प्रतिशतले बालिकाहरू बढी संलग्न रहेको देखिन्छ । यसको एउटा कारणमा बालिकाहरू बाल विवाहको चपेटामा पर्नु पनि हो ।

**तालिका १.५ : सेवाको आधारमा १५-१७ वर्ष उमेर समूहका बालबालिकाको काममा संलग्नता**

| क्रियाकलाप | संलग्नता | हजारमा | | | प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| घरेलु काम र मर्मत | संलग्नता | ६९८ | १६३६ | २३३४ | १९.२ | ४७.५ | ३३.० |
| | संलग्नाता नभएको | २९३४ | १८०७ | ४७४१ | ८०.८ | ५२.५ | ६७.० |
| | **जम्मा** | **३६३२** | **३४४३** | **७०७५** | **१००** | **१००** | **१००** |
| आपाङ्गता, बृद्ध र बिरामी परिवारका सदस्यलाई सहयोग | संलग्नता | २० | ४३ | ६३ | ०.६ | १.२ | ०.९ |
| | संलग्नाता नभएको | ३६११ | ३४०१ | ७०१२ | ९९.४ | ९८.८ | ९९.१ |
| | जम्मा | **३६३१** | **३४४४** | ७०७५ | **१००** | **१००** | **१००** |
| आफ्नै परिवारको हेरचाह | संलग्नता | १४६ | ३२४ | ४७० | ४ | ९.४ | ६.६ |
| | संलग्नाता नभएको | ३४८६ | ३११९ | ६६०४ | ९६.४ | ९०.६ | ९३.४ |
| | जम्मा | **३६३२** | **३४४३** | ७०७५ | **१००** | **१००** | **१००** |
| आफ्नै प्रयोगका लागि सेवा प्रदान गर्ने न्यूनतम एउटा क्रियाकलापमा संलग्न | संलग्नता | ८१५ | १६५५ | २५७० | २२.४ | ५१ | ३६.३ |
| | संलग्नाता नभएको | २८१७ | १६८८ | ४५०४ | ७७.६ | ४९ | ६३.७ |
| | **जम्मा** | **३६३२** | **३३४३** | ६९७५ | **१००** | **१००** | **१००** |

***स्रोत : CBS & ILO, 2019***

पछिल्लो श्रम सर्वेक्षणले ५२.२ प्रतिशत बालबालिकाहरू कुनै पनि काममा संलग्न रहेका छैनन् । काममा संलग्न नहुने संख्यामा बालकको संख्या धेरै (६१.८ प्रतिशत) रहेको छ भने बालिकाको संख्या ४२.१ प्रतिशत रहेको छ । तालिका १.६ मा प्रस्तुत गरे बमोजिम कुनै न कुनै काममा संलग्न बालबालिका (४७.८ प्रतिशत) मध्ये सबैभन्दा बढी (४३.५ प्रतिशत) बालबालिका आफैले उपभोग गर्ने अन्तिम वस्तुको उत्पादनमा मात्र संलग्न देखिन्छन् भने ३ प्रतिशत बालबालिका रोजगारीमा समेत संलग्न देखिन्छन् । अन्तिम वस्तु उत्पादनमा मात्र संलग्न देखिने बालबालिकाको संख्यामा बालिकाको संख्या अधिक (५४.३ प्रतिशत) रहेको छ । रोजगारीमा मात्र संलग्न बालबालिकाको संख्या १ प्रतिशत रहेको छ, जसमा बालिकाको संख्याभन्दा बालकको संख्या ४ गुणाले बढी छ ।


**तालिका १.६: विभिन्न प्रकृतिका काममा बालबालिकाको संलग्नता (प्रतिशत)**

| कामको प्रकृति | पुरुष | महिला | नेपाल |
|---|---|---|---|
| **कुनै पनि काममा संलग्न नभएका** | **६१.८** | **४२.१** | **५२.२** |
| **कुनै न कुनै काममा संलग्न भएका** | **३८.१** | **५७.९** | **४७.८** |
| आफ्नै प्रयोगमा आउने वस्तुको उत्पादन तथा स्वयंसेवा | ०.२ | ०.१ | ०.२ |
| आफ्नै प्रयोगमा आउने उत्पादनको काममा मात्र | ३३.३ | ५४.३ | ४३.५ |
| रोजगारी तथा आफ्नै प्रयोगमा आउने वस्तुको उत्पादन | २.९ | ३.१ | ३.० |
| रोजगारीमा मात्र | १.७ | ०.४ | १.० |

***स्रोत : CBS and ILO , 2019***

केन्द्रीय बाल कल्याण समितिको प्रतिवेदन अनुसार आ.व. २०७४/७५ मा बालश्रम सम्बन्धी ३८४ वटा घटनाहरू प्रकाशनमा आएका छन् । बालबालिकालाई श्रममा प्रयोग गरेको प्रकृतिलाई हेर्दा सार्वजनिक यातायातमा श्रमिकको रूपमा सबैभन्दा बढी १०० जना (२६ प्रतिशत) रहेको छ भने घरेलु तथा होटल श्रमिकका रूपमा ८२ जना (२१ प्रतिशत), भारतमा काम गर्नेको संख्या ७२ जना (१९ प्रतिशत), पढाइ खर्च जुटाउन विभिन्न काम गर्ने ५३ जना (१४ प्रतिशत) जसमा राजमार्गमा लालीगुराँसको फूल र काफल बेच्ने, डुंगा चलाउने, भारी बोक्ने लगायत रहेका छन्, ईट्टा उद्योगमा ५० जना (१३ प्रतिशत), पर्यटक-लाई घोडामा घुमाउने, डुंगामा चालकको रूपमा तथा विवाह लगायत शुभ कार्यमा बाजा बजाउने २२ जना (६ प्रतिशत) र लागू औषध ओसार-पसारमा ५ जना (१ प्रतिशत) बालबालिका संलग्न रहेको पाइएको छ ।


**चित्र १.७ : बालश्रमको वार्षिक विवरण २०७४/२०७५**




***स्रोत :*** *केन्द्रीय बाल कल्याण समिति, २०७५*

बालश्रममा प्रयोग गरिएका बालबालिकालाई लैङ्गिक रूपमा हेर्दा बालक २७४ जना (७१ प्रतिशत) र बालिका ११० जना (२९ प्रतिशत) रहेका छन् । उमेर समूहका आधारमा १० वर्ष वा सोभन्दा मुनिका २७ जना (७ प्रतिशत), ११ देखि १४ वर्षको १९२ जना (५० प्रतिशत) र १५ देखि १८ वर्षको १६५ जना (४३ प्रतिशत) रहेका छन् । आ.व. २०७३/७४ मा २५ वटा बालश्रम सम्बन्धी घटना भएकोमा यस आ.व.मा ३८४ वटा बालश्रमका घटना प्रकाशनमा आएका छन् । यस तथ्याङ्कबाट बालश्रमको संख्यामा निकै वृद्धि भएको देखिन्छ ।

**चित्र १.८ : प्रतिष्ठानहरू**




*स्रोत : जिफन्ट, २०१८*

नेपालका प्रतिष्ठानहरूमा बालश्रमिकको अवस्थाका बारेमा ट्रेड युनियन महासंघ (जिफन्ट) नेपालले गरेको सर्वेक्षणका अनुसार ३.३९ प्रतिशत प्रतिष्ठानहरूमा बाल श्रमिकको प्रयोग भइरहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । उक्त सर्वेक्षणमा सहभागी उत्तरदाताहरूमध्ये १.६९ प्रतिशतले बालश्रमिक प्रयोग भए वा नभएको भन्ने विषयमा आफूलाई कुनै जानकारी नभएको र ९४.९२ प्रतिशतले बालश्रमिक प्रयोग नगरेको जानकारी गराएका छन् ।

## १.५ नेपालमा काममा संलग्न बालबालिकाको शैक्षिक अवस्था

बालश्रमको सबैभन्दा ठूलो असर उनीहरू शिक्षाबाट बञ्चित हुनु हो, जसका कारणले औपचारिक शिक्षा हासिल गर्न असक्षम हुन्छन्, न्यून आय हुन्छ र यसबाट पछिल्लो पुस्तासमेत उही गरिबीको दुष्चक्रमा गुज्रन बाध्य हुन्छन् । यो कहिल्यै अन्त्य नहुने दुश्चक्रले व्यक्ति, परिवार र सिङ्गो समुदायलाई असर पार्दछ । यसले बालबालिकालाई विभिन्न हानि वा जोखिमतिर धकेल्दछ, तथापि काममा संलग्नमध्ये केही बालबालिकाहरू विद्यालयमा समेत उपस्थित हुने गरेका छन् । पछिल्लो तथ्याङ्क अनुसार आय-आर्जनमा संलग्न बालबालिकाहरूमध्ये करिब ५४.५५ प्रतिशत बालबालिकाहरू विद्यालयमा उपस्थित हुने गरेका छन् । प्रादेशिक आधारमा तुलना गरी हेर्दा यो संख्या सबैभन्दा बढी प्रदेश नं.३ मा रहेको छ भने सबैभन्दा कम सुदुरपश्चिममा रहेको देखिन्छ ।

**तालिका १.७ : विद्यालयमा उपस्थित हुने बालबालिकाको संख्या (हजारमा)**

| प्रादेशिक आधारमा | काम गर्ने | | | काम नगर्ने | | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| **नेपाल** | **८०** | **७६** | **१५६** | **३२०१** | **२९५५** | **६१५६** |
| प्रदेश नं.१ | १२ | १५ | २७ | ५३८ | ४८३ | १०२१ |
| प्रदेश नं.२ | १० | १० | २० | ५९८ | ५३४ | ११३२ |
| प्रदेश नं.३ | १८ | १३ | ३० | ६०१ | ५३६ | ११३७ |
| गण्डकी | ५ | ८ | १३ | २८२ | २५४ | ५३५ |
| प्रदेश नं.५ | २६ | २१ | ४७ | ५५२ | ५०२ | १०५४ |
| कर्णाली | ५ | ७ | १२ | २५२ | २५७ | ५०९ |
| सुदुरपश्चिम | ४ | ३ | ७ | ३७८ | ३८९ | ७६७ |

***स्रोत : CBS & ILO, 2019***

तालिका १.८ ले विद्यालय उपस्थित नहुने बालबालिकाको अवस्थालाई प्रष्ट पारेको छ । बालबालिका संलग्न क्रियाकलापले बालबालिकालाई विद्यालय जानमा प्रभाव पारेको हुन्छ । रोजगारमा संलग्न बालबालिकाहरूमध्ये ४५.४५ प्रतिशत बालबालिका विद्यालय जानबाट बञ्चित छन् ।

**तालिका १.८ : विद्यालयमा उपस्थित नभएका बालबालिकाको संख्या (हजारमा)**

| प्रादेशिक आधारमा | काम गर्ने (हजारमा) | | | काम नगर्ने (हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| **नेपाल** | **८७** | **४३** | **१३०** | **२६३** | **३६९** | **६३३** |
| प्रदेश नं. १ | २३ | ४ | २६ | ३२ | ४४ | ७६ |
| प्रदेश नं. २ | २९ | १४ | ४३ | ११७ | १८६ | ३०३ |
| प्रदेश नं. ३ | १२ | ५ | १७ | २६ | २५ | ५१ |
| गण्डकी | ४ | ४ | ८ | १५ | १२ | २८ |
| प्रदेश नं. ५ | १२ | १३ | २६ | ४३ | ६१ | १०४ |
| कर्णाली | ३ | २ | ४ | १४ | १६ | ३० |
| सुदुरपश्चिम | ४ | १ | ६ | १६ | २५ | ४१ |

***स्रोत : CBS & ILO, 2019***

त्यसैगरी रोजगारमूलक काम नगर्ने र विद्यालय पनि नजाने संख्या बालबालिकाको कूल संख्याको ८.९५ प्रतिशत रहेको छ । यीमध्ये कतिपय बालबालिकाहरू घरायसी काम वा आफ्नै प्रयोगको लागि उत्पादन प्रक्रियामा संलग्न रहेका छन् । प्रादेशिक आधारमा विद्यालय उपस्थिति नहुने संख्यालाई हेर्दा सबैभन्दा बढी २ नं. प्रदेशमा (३ लाख ४६ हजार) रहेको देखिन्छ ।

## १.६ नेपालमा निकृष्ट प्रकारको बालश्रमको अवस्था

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बालश्रम उन्मूलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रमले १९ प्रकृतिका बालश्रम-लाई सबैभन्दा निकृष्ट बालश्रमिकको रूपमा पहिचान गरेको छ । यस्ता कार्यमा संलग्न बालबालिकाहरूको सर्वाङ्गिण व्यक्तित्व विकासमा नकारात्मक असर पुर्‍याउने भएकाले यस्तो कार्यलाई अन्त्य गर्नु पर्ने उल्लेख गरेको पाइन्छ । सरकारले देहायका सात प्रकारका बालश्रमलाई निकृष्ट प्रकारको बालश्रम भनी परिभाषित गरेको छ ।

नेपाल सो अनुसार घरेलु बालश्रमिक, बालभरिया, बेच-विखनमा परेका श्रमिक, वंधुवा बालश्रमिक, गलैंचा उद्योगमा काम गर्ने बालश्रमिक, सडकमा फोहर उठाउने काममा संलग्न बालश्रमिक र खानीमा काम गर्ने बालश्रमिकलाई निकृष्ट प्रकार भनी तोकिएको छ । निकृष्ट तथा जोखिमपूर्ण काममा संलग्न बालबालिकाको तथ्याङ्क पछिल्लो श्रम शक्ति सर्वेक्षणले उल्लेख गरेको छैन । तथापि केही वर्ष अघि (BK and Bista, 2012) भएको अध्ययनमा भएको विवरणलाई नै यहाँ प्रस्तुत गरिएको छ । यसमा खासै सुधारात्मक परिवर्तन भएको अवलोकनबाट अनुभूत गर्न सकिने अवस्था छैन । बरु यो संख्यामा अझैं बृद्धि भएको सहजै आँकलन गर्न सकिन्छ । नेपाल श्रम शक्ति सर्वेक्षण, २००८ मा जोखिमपूर्ण काममा संलग्न बालबालिका १९.७ प्रतिशत रहेकोमा बहुसूचाङ्क क्षेत्रीय सर्वेक्षण, २०१४ ले यो संख्या ३० प्रतिशत पुगेको देखाएको छ ।

**निकृष्ट प्रकारका बालश्रममा संलग्न बालबालिका**

***संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि धारा ३२ र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं.१८२ को धारा ३ ले निकृष्ट प्रकारका बालश्रमको रूपमा उल्लेखित पक्षहरू समावेश गरेको छ ।***

- दासता वा दासतासँग मिल्दोजुल्दो काम, वधुवा मजदुर, बालबालिकाको बेचविखन सशस्त्र द्वन्द्वमा बालबालिकाको अनिवार्य भर्ती
- अश्लिल चलचित्र वा वेश्यावृत्तिको लागि बालबालिकाहरू-को प्रयोग, खरिद वा उपलब्ध गराउने
- लागु औषध कारोबार जस्ता अवैध क्रियाकलापमा बालबालिकाको प्रयोग
- बालबालिकाको स्वास्थ्य सुरक्षा वा नैतिक पक्षलाई हानि हुने काममा लगाउनु ।

**तपसिलको अवस्थामा रहेका बालबालिकालाई समेत निकृष्ट प्रकारको बालश्रममा रहेको मानिन्छ ।**

- शारीरिक, मानसिक अर्थात दुर्व्यवहारमा परेका,
- धेरै उचाई र साँघुरो ठाउँमा भएको जमिनमुनि वा पानीमुनि काम गर्ने,
- खतरा औजार उपकरण वा सामाग्रीसहित काम गर्ने,
- गरुङ्गो भार हातैले चलाउने वा ओसार्ने कार्य गर्ने,
- अस्वस्थकर वातावरणमा काम गर्ने जसले स्वास्थ्यमा हानि पुर्‍याउँछ जस्तै उच्च ध्वनि, कम्पन्न, उच्च ताप वा सारै चिसो आदि,
- जोखिमपूर्ण अवस्थामा लामो समयसम्म रातभर काम गर्ने,
- रोजगारदाताकोमा विना कारण थुनिएको अवस्था हुने ।

बालश्रमिकहरूको सर्वेक्षण अनुसार बालबालिका श्रम बजारमा जानुको प्रमुख कारण घरको आर्थिक अवस्था कमजोर हुनु रहेको छ । बालश्रमको अध्ययनलाई हेर्दा परिवारको खराब अवस्था अर्थात त्यस्ता घरपरिवार जोसँग जग्गाजमिन छैन वा भए पनि निकै न्यून रहेको विपन्न परिवारबाट निकृष्ट बालश्रम हुने गरेको देखिन्छ । केही निकृष्ट बालश्रमको अवस्था तालिका १.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका १.९ : निकृष्ट बालश्रमिकको अवस्था**

| जोखिमपूर्ण अवस्थामा रहेका बालश्रमिक | श्रोत | अनुमानित संख्या |
|---|---|---|
| यौन शोषणका लागि बेचविखन गरिएका बालिका | के.सी.,२००१ | १२,००० वार्षिक |
| घरेलु कामदार | शर्मा, २००१ | ५५,६५५ (२००१) |
| भरिया बालबालिका | शर्मा, २००१ | ४६,०२९ (२००१) |
| ढुङ्गा खानी र कोइला खानीमा काम गर्ने बालबालिका | सैन्जु, (२००२, आर.आर.ए (१९९९) | ३२,११५ (२००२) |
| जबरजस्ती बन्धक वा बँधुवा बनाई श्रममा संलग्न गराइएका बालबालिका | शर्मा, २००१ | १७,१५२ (२००१) |
| गलैंचा उद्योगमा काम गर्ने बालबालिका | के.सी., २००२ | ७,६८९ (२००२) |
| प्याकेजिङ्गमा काम गर्ने बालबालिका | के.सी., २००१ | ३,९६५ (२००१) |
| ईँट्टाभट्टामा काम गर्ने बालबालिका | सि.डब्लु.आइ.एन. २००७ | ५९,००० (२००७) |

***स्रोत : BK and Bista, 2012***

## *(क) घरेलु बालश्रमिक*

ज्याला लिएर वा ज्याला नलिएर मालिकको घरमा काम गर्ने बालबालिका नेपालमा व्यापक छन् । अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बालश्रम उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रमको अनुमान अनुसार नेपालमा लगभग ५५,६५० घरेलु बालश्रमिक शहरी क्षेत्रमा काम गरिरहेका छन् (BK anad Bista, 2012)। तीमध्ये एक तिहाई बालबालिका १४ वर्ष उमेर समूहभन्दा तलका छन् । उक्त सर्वेक्षणमा ग्रामीण क्षेत्र र अन्य बजार क्षेत्रका बालबालिकाको तथ्याङ्क संलग्न नगरिएको हुनाले उक्त संख्याभन्दा घरेलु बालबालिकाको संख्या अझैं बढी हुन सक्दछ । शहरी क्षेत्रमा काम गर्ने बालश्रमिकहरूमा आधाभन्दा बढी बालकहरू रहेका छन् । बालक र बालिकाहरू सानै उमेरमा घरमा ल्याइन्छन्, काम लगाइन्छ र उनीहरूलाई कम ज्याला दिइन्छ । घरेलु बालश्रमिकले भान्साको काम, भाडा

धुने, कपडा धुने, घर सफा गर्ने, वस्तुभाउ हेर्ने र पसल गर्ने जस्ता कामहरू गर्दछन् । नेपालमा घरेलु बालश्रमिकलाई गरिबीबाट छुटकारा पाउने उपाय र रोजगारदाताले सुरक्षित श्रमका रूपमा लिई प्रलोभनमा पारिने गरिएको छ, जो आफैमा गलत हो ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बालश्रम उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रमले गरेको लेखाजोखा अनुसार हरेक देशमा घरेलु बालश्रमिकमध्ये ६.४७ प्रतिशतलाई धेरै समयसम्म काममा लगाइन्छ, ७९ प्रतिशतले रातको ९ बजेसम्म काम गर्दछन्, आधाभन्दा बढी ५३ प्रतिशतलाई बिना ज्याला काममा लगाइन्छ र ७ प्रतिशतलाई १० वर्षभन्दा कम उमेरमा नै काममा लगाइको पाइएको छ । उनीहरूलाई एक्लै छोडने, शारीरिक र यौन दुर्व्यवहार गर्ने जस्ता घटनाहरू पनि घटेको पाइन्छ । यस्तो अवस्थाका बहुसंख्यक बालबालिकाले एक्लोपन महशुस गरेका, साथीभाइ परिवार नदेखेर घरबाट टाढा बसिरहेका जस्ता अनुभव गर्ने गरेका छन् । यसै कारणले घरेलु बालश्रमिकले आत्महत्या गर्ने गरेको तथा यौन दुर्व्यवहार गरी हत्या गरिएको घटनाहरू पनि पाइने गरेको छ ।

### *(ख) भरिया बालश्रमिक*

वर्षौंदेखि ग्रामीण क्षेत्रका परिवारमा बालबालिकालाई भारी बोकाउने समाजको परम्परागत पद्धति हो । बालभरियालाई दुई भागमा बाँडन सकिन्छ :

(१) छोटो दुरीका भरिया बालबालिकाले बसपार्क तथा बजार क्षेत्रमा काम गर्दछन् ।

(२) लामो दुरीका भरिया बालबालिकाले लामो दुरीमा आफ्नो क्षमताभन्दा बढीको भारी बोक्ने गर्दछन्; यसलाई मौसमी भरिया पनि भन्न सकिन्छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बालश्रम उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रमका अनुसार नेपालमा छोटो दुरीका बालभरिया ३९,००० र लामो दुरीका ४,६०० रहेका छन् । नेपालको कानूनले बालबालिकाको हकमा २५ के.जी.भन्दा बढी तौलको भारी बोक्न निषेध गरेको छ तर क्षमताभन्दा बढी भारी बोक्दा ज्याला पनि बढी हुने भएकाले बालश्रमिकले आफ्नो शरीरको तौल बराबरको भारी समेत बोक्दछन् । अन्तर्राष्ट्रिय श्रम सङ्गठनले सन् २००१ मा गरेको सर्वेक्षण अनुसार नेपालमा छोटो दुरीका बालभरियाले औषतमा ५६ के.जी.र लामो दुरीका बालभरियाले औषत ३५ के.जी. भारी बोक्ने तथ्य उल्लेख गरेको छ । बालभरियाले गम्भीर प्रकृतिका स्वास्थ्य समस्याहरू झेल्ने गर्दछन् । जस्तैः मुटुको समस्या, रक्तसञ्चारमा गडबढी, क्षयरोग, कुपोषण, पिठ्यु र खुट्टा दुखाइ आदि । त्यस्तै सानै उमेरदेखि भारी बोक्नाले औषत आयु समेत घट्ने अनुमान छ । लामो दुरीका बालभरियाले धेरै दिनसम्म (औषत ६ दिन) नियमित खाना नखाई जोखिमपूर्ण हिमाली बाटोमा हिंड्नु पर्दछ, जहाँ दुर्घटनाको पनि त्यतिकै जोखिम हुन्छ ।

### (ग) बँधुवा बालश्रमिक

अन्तर्राष्ट्रिय श्रमसङ्गठनको बालश्रम उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रमका अनुसार १७,१५२ जना बालबालिका आफ्नो घरभन्दा बाहिर कमैयाका रूपमा काम गर्दछन् (BKand Bist, 2012)। उक्त कार्यक्रमले त्यस्ता बालश्रमिकले धेरै जोखिमपूर्ण अवस्था झेल्नु परेको तथ्य सार्वजनिक गरेको छ । एक तिहाइ बालबालिकाले प्रतिदिन १२ घण्टाभन्दा बढी समय काम गर्दछन्। त्यस्तै ४५ प्रतिशत ज्याला बिना नै काम गर्दछन्। १५ प्रतिशत कमैया बालबालिका १० वर्षभन्दा कम उमेरका छन् र ९५ प्रतिशत बालबालिका स्कुल जाँदैनन् । नेपालको व्यवस्थापिका सांसदले कमैया तथा कमलरी प्रथालाई गैरकानूनी घोषणा गऱ्यो । तर मुक्त कमैयाको उचित व्यवस्थापन हुन नसकेकोले गर्दा कमैया प्रथाका स्वरूपहरू बाँकी नै रहेका छन्। बँधुवा बालमजदुर र कमैया प्रथा बाहेक नेपालमा ईँट्टा भट्टा, होटेल, चिया पसल, घरेलु काम, तयारी पोशाक उद्योग लगायत अन्य जोखिमपूर्ण क्षेत्रमा समेत बालबालिकाले बधुवा श्रमिक जस्तै काम गरिरहेका छन्।

### (घ) बालबालिकाको बेचविखन

नेपालमा देशभित्र र बाहिर बालबालिकाको बेचविखन व्याप्त रहेको छ। ILO-IPEC (सन् २००१) को तथ्याङ्क अनुसार प्रतिवर्ष नेपालमा १२,००० नेपाली बालिका तथा किशोरीहरू देशबाहिर बेचबिखनमा पर्दछन् । बेचिएका बालिका तथा किशोरीहरूमध्ये अधिकांश यौन शोषणका लागि भारतको यौन-बजारमा पुऱ्याइन्छन् जहाँ झण्डै ३,००,००० नेपाली बालिका तथा किशोरीहरू रहेको अनुमान छ । बेचविखनमा परेकामध्ये झण्डै ४० प्रतशित बालिका तथा किशोरी १४ वर्षभन्दा कम उमेरका रहेको अनुमान छ । काम गर्ने स्थानबाट ललाइ-फकाई, झुक्याएर र प्रलोभनमा पारी बालबालिकाको बेचबिखन गर्ने गरिन्छ भने कतिपय अवस्थामा ग्रामीण क्षेत्रका आर्थिक रूपमा विपन्न बावुआमालाई झुक्याएर पनि बालिका तथा किशोरीहरूलाई दलालहरूले बेच्ने गर्दछन् । नेपाल र भारतका शहरी क्षेत्रमा बेचिएका बालिका तथा किशोरीहरूले मानसिक र शारीरिक रूपमा यातना भोग्न बाध्य हुन्छन्।

ILO-IPEC ले बालिकासँग गरेको अन्तरवार्तामा उनीहरूले नारकीय जीवन भोगेको अनुभूति सुनाएको पाइन्छ । एक अध्ययनका अनुसार बहुसंख्यक बालिका तथा किशोरीहरूलाई यौन व्यवसाय स्थलमा लगेकै दिन यौन व्यवसायमा संलग्न गराइन्छ। त्यहाँ औषतमा प्रतिदिन एकजना बालिका/किशोरीले १४ जना ग्राहकहरूलाई यौन सेवा दिनुपर्ने बाध्यता अध्ययनले देखाएको छ। पाँचमा ३ जना बेचिएका बालिका/किशोरी (उत्तरदाता) का अनुसार उनीहरूका ग्राहकले कहिलेकाँही मात्र कण्डम प्रयोग गर्दथे

जसले गर्दा HIV/AIDS लगायत यौन रोगको संक्रमणको जोखिम उनीहरूमा उच्च देखियो । त्यहाँबाट फर्कनेहरूमा HIV को संक्रमण हुने र सामाजिक बहिष्कारको समस्या झेल्नु परेको तथ्यसमेत उक्त अध्ययनमा उल्लेख गरिएको छ । पछिल्लो समय वैदेशिक रोजगारीको नाममा अरब र अफ्रिकी मुलुकहरूमा समेत बालिकाहरू पुऱ्याइने गरिन्छ । उमेर नपुगेका बालिकाहरूलाई उमेर बढाई नागरिकता र राहदानी बनाई विभिन्न वहानामा विदेश पुऱ्याई बेचविखनमा पार्ने गरेका घटनाहरू प्रशस्तै भेटिने गरेको छ ।

### (ङ) गलैंचा उद्योगको काम गर्ने बालश्रमिक

ILO-IPEC को तथ्याङ्क अनुसार नेपालमा बालक र बालिका दुवै गरी लगभग ४,२२७ बालबालिका गलैंचा उद्योगमा काम गर्दछन् । उक्त अध्ययनका अनुसार नेपालको छिमेकी देश भारतको सीमावर्ती जिल्ला बनारसमा मात्र ५-७ हजार नेपाली बालबालिका गलैंचा उद्योगमा काम गर्दछन् । सन् २००२ मा गरिएको एक अर्को अध्ययनले यस्तो संख्या ७,६८९ रहेको अनुमान गरेको थियो । अन्तर्राष्ट्रिय मानव अधिकार अभियन्ताहरूले र नेपाल सरकारले गलैंचा उद्योगमा काम गर्ने बालश्रमिकको अवस्थामा सुधारका प्रयास थाले पश्चात यो क्षेत्रको श्रममा संलग्न बालश्रमिकको संख्या घटेको विश्वास गर्न सकिन्छ । प्रायः बालश्रमिकले सुरूवातमा साना र मझौला उद्योगमा काम गर्दछन् अनि विस्तारै विदेश निर्यात गर्ने ठूला उद्योगमा काम गर्दछन् । अध्ययन अनुसार गलैंचा उद्योगमा काम गर्ने बालश्रमिकहरूले दिनमा १६ घण्टासम्म काम गर्नु पर्ने, हप्तामा सातै दिन काम गर्नुपर्ने, साँघुरो, चिसो र फोहरमा काम गर्नुपर्ने, खान-बस्नको राम्रो प्रबन्ध नपाउने लगायतका धेरै समस्याहरू झेल्नुपर्दछ । त्यसैगरी स्वास्थ्य समस्याको उच्च जोखिम हुने जस्तैः पाचन प्रणालीमा संक्रमण, श्वासप्रश्वास सम्बन्धी रोगहरू, आँखाको दृष्टि गुम्न सक्ने, कुपोषण, रक्तअल्पता, छालाको समस्या, यौन दुर्व्यवहारमा पर्ने लगायतका जोखिममा उनीहरू रहन्छन् । उनीहरूले पाउने ज्याला पनि एकदम कम हुन्छ र ज्याला पनि उनीहरूको नाइकेलाई दिइन्छ । नाइकेले उनीहरूलाई ठग्ने गर्दछ । गैलैंचा उद्योगमा काम गर्ने बालश्रमिक नेपाल र भारतका यौन बजारमा बेचविखनमा पर्न सक्ने सम्भावना पनि देखिन्छ । निरक्षरता यस क्षेत्रमा काम गर्ने बालबालिकाको साझा समस्या हो । गलैंचा उद्योगमा काम गर्ने दुई जना बालश्रमिकमध्ये एक जना स्कुल जाने गरेको अध्ययनले देखाएको छ ।

### (च) फोहर उठाउने बाल मजदुर

नेपालको शहरी क्षेत्रमा सडक किनार, नदी किनारा र फोहरको डङ्गुरबाट फोहर (प्लाष्टिक, धातु, सिसाका बोतल, (सडेगलेका वस्तु) संकलन गर्ने बालश्रमिकको संख्या

४,००० जति रहेको छ । नेपालको ग्रामीण क्षेत्रबाट आएका फोहर संकलन गर्ने बालबालिकामध्ये एउटा समूह सडकमा नै बस्दछ । उनीहरूको अवस्था ज्यादै खराब हुन्छ । त्यस्ता बालबालिका भरिया वा घरेलु बालश्रम वा खेतीपातीको कामबाट भागेर फोहर संकलनको काममा आएका हुन्छन् । शहरमा फोहर संकलनमा रहेका बालबालिकाको संगत भएपछि उनीहरू विस्तारै यसै काममा अभ्यस्त हुन्छन् ।

ILO-IPEC ले सडकमा फोहर उठाउने बालबालिकाले भोल्नु पर्ने समस्याका बारेमा गरेको अध्ययन अनुसार त्यस्ता बालबालिकालाई फुटेका सिसा र धातुका टुक्राले काटेर टिटानस हुने उच्च जोखिम हुन्छ । प्रदुषित ठाउँमा फोहर संकलन गर्ने र अस्वस्थ खाना तथा पानी खाने भएकाले त्यस्ता बालबालिकालाई रोग लाग्ने जोखिम उच्च हुन्छ । असुरक्षित, जबरजस्ती र आफुखूशी गरिने यौन क्रियाकलापले गर्दा धेरै त्यस्ता बालबालिका यौन दुर्व्यवहारमा परेको तथा लागु औषध सेवनमा फसेको अध्ययनले देखाएको छ । सडकमा आश्रित वा सडकमा कवाडी संकलन गर्ने बालबालिका बीस जनामध्ये एक जना मात्र स्कुल पढ्ने गरेको पाइन्छ ।

### *(छ) खानीमा काम गर्ने बालश्रमिक*

नेपालमा पछिल्लो दुई दशकमा साना तथा मझौला उद्योग तथा खानीहरू बढ्दै गइरहेका छन् । कोइला, चुनढुङ्गा र स्टाफिन (Quartz) का खानीहरू नेपालका ताप्लेजुङ, दाङ, रोल्पा, रूकुम, सल्यान र दोलखा जिल्लामा छन् । त्यस्ता खानीमा बालश्रमिकहरू काम गर्दछन् तर के-कति संख्यामा काम गर्दछन् भन्ने विश्वसनीय तथ्याङ्क भने उपलब्ध छैन । ILO-IPEC/UNICEF-Nepal को सहयोगमा सन् १९९९ मा गरिएको एउटा अध्ययनले दाङ र रोल्पा जिल्लामा रहेका पाँचवटा कोइला खानीमा ११५ जना बालश्रमिक रहेका तथ्याङ्क बाहिर ल्यायो तर खानी प्रबन्धकको सहयोग नभएकाले त्यहाँ कार्यरत सबैको संख्या लिन भने सकिएको थिएन । सन् २००२ (BK and Bista, 2012) को एक अध्ययनले ढुङ्गा खानी र कोइला खानीमा काम गर्ने बालबालिकाको संख्या ३२,११५ रहेको देखाएको छ । खानीमा ४० प्रतिशतभन्दा धेरै बालिकाहरू कोइला बोक्ने काममा सहभागी भएको पाइएको थियो भने केही बालकहरू खानीभित्रका साँघुरो बाटोमा खन्ने र भारी बोक्ने काममा संलग्न रहेको पाइयो । लामो समयसम्म काम गर्नु, साँघुरो ठाउँमा क्षमताभन्दा बढीको भारी बोक्नु, काम गर्ने स्थान अँध्यारो हुनु, हावाको कमी र सुरक्षाको अभाव जस्ता जटिलताका बीच खानी बाल मजदुरहरू काम गरिरहेको तथ्य अध्ययनले उल्लेख गरेको छ । आधाभन्दा बढी (अर्थात् ५३ प्रतिशत) खानीमा कार्यरत बालश्रमिक अशिक्षित रहेको र उनीहरूमध्ये धेरै स्कुल पढ्न नजाने गरेको पाइएको थियो ।

माथि उल्लेखित ७ प्रकारका बालश्रमका अलावा निकृष्ट बालश्रमका विभिन्न स्वरूपहरूमध्ये बाल विवाह र सडक बालबालिका पनि प्रमुख स्रोत हुन् तसर्थ तिनका बारेमा निम्नानुसार व्याख्या गरिएको छ ।

### *(ज) बाल विवाह*

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले २० वर्षमुनिको विवाहलाई बन्देज गरेको छ । १८ वर्षमुनिको विवाहलाई बाल विवाहका रूपमा लिन सकिन्छ भने १८ देखि २० वर्षमुनिको विवाह गैह्कानुनी विवाह हो । कानूनमा जे व्यवस्था भए पनि सामाजिक तथा सांस्कृतिक परम्परा र प्राथमिकताले गर्दा बालविवाहलाई हाम्रो समाजले सहजै स्वीकार गरेको पाइन्छ । हिन्दू समाजमा बालविवाह गर्नु पुरानो संस्कार नै हो भन्ने ठानिन्छ । बैदिक साहित्य र रामायण महाभारतमा यौवनावस्थामा नै विवाह गरेको प्रसङ्ग भेटिन्छ । यद्यपि मनुस्मृतिमा रजोवति (मासिक धर्म) नहुँदै कन्याको विवाह गर्नुपर्ने अवस्थाको व्याख्या गरिएको छ ।

नेपालमा सांस्कृतिक रूपमै बाल विवाह परम्परादेखि चल्दै आएको छ । पहिला-पहिला काम गर्ने प्रयोजनको लागि नै बालापनमै विवाह गरिदिने गरेको तथा कतिपय समुदायमा त गर्भमै बालबालिकाको विवाह तय गर्ने परम्परा समेत चलेको पाइन्छ । एक्काइसौं सताब्दीमा आइपुग्दा तथा राजनैतिक परिवर्तन पनि बाल विवाहमा खासै कमि आएको देखिदैन । संयुक्त राष्ट्र संघीय अन्तर्राष्ट्रिय बाल कोष (UNICEF) को एक अध्ययन अनुसार नेपालमा विश्वमै बाल विवाह हुने देशमा सत्रौं स्थानमा रहेको छ[१] । उक्त अध्ययनले नेपालमा बाल बधुहरूको संख्या ५ लाख ८७ हजार रहेको देखाएको छ । त्यस्तै एशियामा, बङ्गलादेश र भारतपछि नेपालको बाल विवाह हुने दर तेस्रो स्थानमा रहेको छ[२]।

नेपालमा ४० प्रतिशत बालिकाहरू १८ वर्ष नपुग्दै विवाहको चपेटामा पर्दछन् भने ७ प्रतिशतको त १५ वर्ष नपुग्दै विवाह हुन्छ[३] । अहिले विवाह योग्य उमेर बढाएर २० वर्ष पुऱ्याएको छ । यसर्थ विवाह योग्य उमेरभन्दा पहिले विवाह गर्नेको संख्या झनै ठूलो रहेको छ । बाल विवाहमा पर्नेमा अधिकांश बालिकाहरू छन् । बालकहरूको हिस्सा साह्रै

---

[१] *https://www.girlsnotbrides.org/child-marriage/nepal/*

[२] *https://www.hrw.org/report/2016/09/08/our-time-sing-and-play/child-marriage-nepal*

[३] *https://www.girlsnotbrides.org/child-marriage/nepal/*

सानो छ । सन् २०१५ मा युनिसेफले गरेको एक अध्ययनमा सबैभन्दा बढी बाल विवाह सप्तरी जिल्लामा (८३ प्रतिशत) देखाएको छ । जातिगत आधारमा हेर्दा बाल विवाह धैरैजसो दलित समुदायमा र त्यसमध्ये पनि मधेशी दलितमा अत्याधिक हुने गरेको छ । आर्थिक, पारिवारिक तथा सामाजिक समस्या भोगिरहेका त्यस्ता बालबालिकाले उमेर नपुग्दै बाल विवाह गर्ने गरेका छन् । बाल विवाहको अर्को कारण अध्ययन समयमा पूरा गर्न नसक्नु, गरिबी र पारिवारिक समस्या पनि हो ।

यसरी बाल विवाहमा परेपछि उनको जीवनका अधिकांश सम्भावनाहरू हराएर जान्छन् र घर गृहस्थीको काममा संकुचित हुन्छन् । कलिलै उमेरमै बच्चा जन्माउने, हुर्काउने र आर्थिक उपार्जनका लागि काम गर्नु पर्ने बाध्यताले गर्दा शिक्षा लिने अवसर गुम्छ । हालैको एक अध्ययन अनुसार (Bhandari, 2019) ले विवाह भइसकेपछि विद्यालय जाने बालिकाको संख्या ३१.२ प्रतिशत मात्र रहेको छ । कानूनी बन्देज तथा विभिन्न सचेतनामूलक कार्यक्रमका कारण बालविवाह घट्दो क्रममा देखिन्छ । हाम्रो सामाजिक संरचनाहरूमा भएका केही परिवर्तनका कारण बालविवाह गर्ने प्रचलनमा पनि परिवर्तन हुँदै आएको देखिन्छ । तथापि पहिला अभिभावकले बालबालिकालाई मागी विवाह गरिदिने चलन अहिले किशोरकिशोरीहरूको प्रेममा परिवर्तन हुँदै अन्त्यमा नाबालक अवस्थामै बालविवाह हुने अभ्यास पनि देखिने गरेको छ ।

हुन त नेपाल सरकारले दीगो विकास लक्ष्य अनुरूप सन् २०३० मा बाल विवाह अन्त्य गर्ने प्रतिवद्धता जनाएको छ तर सानोतिनो प्रयासले भने यो सम्भव देखिदैन नेपाल सरकारले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ लागु गरी सो सम्बन्धी विविध कार्यक्रम सञ्चालनमा ल्याए पनि उल्लेख्य रूपमा कमि आउन भने सकिरहेको छैन । विश्व बैंकले सन् २०१७ मा गरेको एक अध्ययनले बाल विवाह रोक्न सकेमा यसले नेपालमा आय र उत्पादनशीलतमा १२.७ प्रतिशतले बढाउन सकिने देखाएको छ[४] । त्यति मात्रै हैन बालश्रमको एक महत्वपूर्ण स्रोतका रूपमा रहेको बाल विवाह रोकिएमा बालश्रम न्यूनीकरणमा महत्वपूर्ण योगदान पुग्ने निश्चित छ ।

### *(झ) सडक बालबालिका*

सडक बालबालिकामध्ये अधिकांश बालबालिका निकृष्ट बालश्रमको चपेटामा परेका हुन्छन् । विभिन्न बाध्यताले गर्दा सडकमा आउने बालबालिका दैनिक गुजाराकै लागि भए

[4] *https://www.girlsnotbrides.org/child-marriage/nepal/*

पनि फोहर उठाउने वा अन्य गैरकानुनी काममा संलग्न हुने गर्छन् । संयुक्त राष्ट्र संघको अनुमान अनुसार विश्वमा करिब १५ करोड बालबालिका सडक बालबालिकाको रूपमा रहेका छन् । CWIN को एक अध्ययनमा नेपालमा यो संख्या ५ हजार रहेको अनुमान गरिएको छ । यसमध्ये १,२०० देखि १,५०० सडक बालबालिका काठमाडौं उपत्यकामा मात्रै रहेको आँकलन गरिएको छ । यीमध्ये ८६ प्रतिशत बालबालिका फोहर संकलन गर्ने कार्यमा संलग्न रहेका छन् । उक्त अध्ययनले काठमाडौंका ७५ प्रतिशत सडक बालकहरू यौन दुर्व्यवहारमा पर्ने गरेको कुरा उजागर गरेको छ । सडक बालबालिकामध्ये सबैभन्दा बढी (१५ प्रतिशत) सुनसरी जिल्लाका रहेका छन् ।

CPCS (Ryckman, 2012) को एक अध्ययनले सडक बालबालिकामध्ये ९३ प्रतिशत बालक देखिएका छन् । यसरी सडकमा रहने बालबालिकाहरूमध्ये सबैभन्दा बढी १४ वर्ष उमेर समूहका रहेका छन् । वास्तवमा सडक बालबालिकाहरू ३ (तीन) प्रकारका रहेका हुन्छन् । (१) दिनभर कामका लागि सडकमा आउने र बेलुका घरमै फर्कने (On the street), (२) घर छोडेर सडकमै रहने (In the street), र (३) परिवार नै सडकमा रहने (Family in the street), जुनसुकै प्रकारको सडक बालबालिका भएतापनि उनीहरू शिक्षाको अवसरबाट बञ्चित त हुन्छन् नै जीवनयापनका लागि फोहर संकलन जस्तो निकृष्ट किसिमको काममा संलग्न हुनु पर्छ । यसको अलावा यिनीहरू लागु औषध ओसार-पसार, यौन व्यापार तथा अन्य गैह्रकानुनी काममा संलग्न हुने गर्छन् । त्योभन्दा झनै खतरा यी बालबालिकाहरू दुर्व्यसनीमा पर्ने, बेचविखनमा पर्ने वा आपराधिक कार्यमा संलग्न हुने प्रचुर सम्भावना रहेको हुन्छ । यस्ता बालबालिकाहरूको उद्धार गरी पुनर्स्थापना गर्न केही संघसंस्थाहरू क्रियाशील रहेतापनि यो पर्याप्त छैन ।

## १.७ बाध्यकारी बालश्रमिकको अवस्था

यो पटकको श्रमशक्ति सर्वेक्षण (CBS and ILO, 2019) बाध्यकारी श्रममा रहेका श्रमिकहरूको संख्या पनि गणना गरेको छ । यसले बाध्यकारी श्रममा रहँदाको बालबालिका (५-१७ वर्ष) को समेत संख्या गणना गरेको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि २९ अनुसार बाध्यकारी श्रम भन्नाले त्यस्ता सबैखाले काम वा सेवा पर्दछन् जुन कुनै जरिवानाको दवावमा सम्बन्धित व्यक्तिको स्वइच्छाको प्रतिकूल गराइने गर्दछ । उक्त सङ्गठनकै आँकलन अनुसार अझैं पनि विश्वमा करिब २ करोड ४९ लाख श्रमिकहरू बाध्यकारी श्रमको चपेटामा परेका छन् ।

तालिका १.१० का अनुसार नेपालमा ३१,३३८ व्यक्तिहरू बाध्यकारी श्रमिकका रूपमा काम गरिरहेका छन् । बाध्यकारी श्रममा रहनेमा महिलाहरू ५६ प्रतिशत रहेका छन् भने १७ प्रतिशत बालबालिका रहेका छन् ।

**तालिका १.१०: बाध्यकारी श्रमिकको अवस्था**

| | |
|---|---|
| **हालका पीडितहरू** | |
| जम्मा पीडितहरू | ३१,३३८ |
| विद्यमान दर (प्रति एक हजारमा) | १.२ |
| **विगत ५ वर्ष यताको अवस्था** | |
| जम्मा पीडितहरू | ६१२५२ |
| विद्यमान दर (प्रति हजारमा) | २.३ |
| **अन्तर वार्ताको अवस्थाको औषत अवधि** | |
| औषत अवधि (वर्षमा) | २.६ |
| लिङ्ग | |
| महिला | ५६% |
| पुरुष | ४४% |
| **बाध्यकारी श्रममा रहँदाको उमेर** | |
| बालबालिका (५-१७ वर्ष) | १७% |
| प्रौढहरू (१५ वर्ष माथि) | ८३% |
| **विगतका पीडितहरूको शैक्षिक उपलब्धि (सर्वेक्षण गर्दाको समय)** | |
| विद्यालय/क्याम्पसमा कहिलै उपस्थित नभएको | ५५% |
| विद्यालय/क्याम्पसमा उपस्थिति भएका | ४५% |
| **देशमा शोषणमा परेका** | |
| नेपालमा पीडित | ७१% |
| अन्य देशमा पीडित | २९% |
| **क्षेत्र** | |
| कृषि र वन | ४४% |
| निर्माण | १६% |
| अन्य क्षेत्र | ४०% |

***स्रोत : CBS & ILO, 2019***

बाध्यकारी श्रम विशेषगरी कृषि तथा वनमा ४४ प्रतिशत, निर्माण कार्यमा १६ प्रतिशत र अन्य क्षेत्रमा ४० प्रतिशत रहेको छ । पीडितहरूमध्ये धेरैजसोले कहिल्यै पनि विद्यालय शिक्षा लिएका छैनन् । यस्तो शोषण देशबाहिर भन्दा देशभित्रै बढी हुने गरेको सर्वेक्षणले देखाएको छ । सर्वेक्षणले संकेत गरेको छ कि धेरैजसो श्रम शोषण आर्थिक दण्ड (जस्तै : तलब वा ज्याला गुमाउने डर) र जमिन वा बसोबास गुमाउने डर आदिका कारण हुने गर्दछ ।

## १.८ भौगोलिक क्षेत्र र जातजाति अनुसार जोखिमपूर्ण काममा संलग्न बालबालिका

पछिल्लो श्रम सर्वेक्षणले काममा संलग्न बालबालिकाहरूको जातिगत विवरण संकलन गरेको देखिदैन । तथापि नेपालको जातिगत संरचना हेर्दा अघिल्लो सर्वेक्षणले उल्लेख गरिएको जातिगत संरचनामा खासै परिवर्तन भएको अवलोकनबाट अनुभूत हुँदैन । त्यस अर्थमा अघिल्लो श्रम सर्वेक्षणले प्रस्तुत गरेका जातिगत विवरणलाई नै भौगोलिक आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**<u>तालिका १.११:</u> भौगोलिक क्षेत्र अनुसार जोखिमपूर्ण कार्यमा संलग्न बालबालिकाहरू**

| जातीय समूह/ भौगोलिक क्षेत्र | जम्मा बाल बालिका (हजार) | जम्मा काममा संलग्न बाल बालिका (हजार) | काममा संलग्न बाल बालिकाको प्रतिशत | श्रममा संलग्न बाल बालिकाको संख्या (हजार) | श्रममा संलग्न बाल बालिकाको प्रतिशत | जोखिमपूर्ण काममा संलग्न बाल बालिकाको संख्या (हजार) | जोखिमपूर्ण काममा संलग्न बाल बालिकाको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| **नेपाल** | **७७७०** | **३१४२** | **४०.४** | **१५९९** | **५०.९** | **६२१** | **१९.७** |
| **शहरी क्षेत्र** | **१०२२** | **१९३** | **१८.९** | **९३** | **४८.४** | **६०** | **३१.२** |
| ब्राम्हण, क्षेत्री | ३७७ | ६६ | १७.६ | २७ | ४०.७ | १७ | २४.९ |
| तराई जाति | १२३ | २४ | १९.२ | १४ | ५७.८ | ८ | ३३.० |
| दलित | ८८ | २७ | ३०.६ | १४ | ५०.८ | ९ | ३२.० |
| नेवार | १२१ | ९ | ७.६ | ४ | ४६.१ | ३ | ३७.४ |
| जनजाति | २४९ | ५६ | २२.६ | २८ | ४९.७ | १९ | ३४.७ |
| मुस्लिम | ५० | ९ | १८.२ | ६ | ६१.३ | ४ | ४०.५ |
| अन्य | १४ | २ | १२.९ | १ | ७४.१ | १ | ४४.१ |
| **ग्रामीण क्षेत्र** | **६७४८** | **२९४९** | **४३.७** | **१५०६** | **५१.१** | **५६०** | **१९.०** |
| ब्राम्हण, क्षेत्री | १९०१ | ८३६ | ४४ | ३९४ | ४७.१ | १३६ | १६.३ |
| तराई जाति | ९९७ | ३०१ | ३०.२ | १५३ | ५०.७ | ४२ | १४.१ |
| दलित | ९०२ | ४३६ | ४८.४ | २६६ | ६१.० | ११९ | २७.४ |
| नेवार | २३५ | ८७ | ३७.१ | ३५ | ३९.६ | १३ | १४.९ |
| जनजाति | २३०८ | ११६४ | ५०.४ | ५८७ | ५०.४ | २१५ | १८.५ |
| मुस्लिम | ३५० | १०७ | ३०.७ | ६२ | ५८.२ | ३१ | २९.१ |
| अन्य | ५५ | १७ | ३०.१ | ९ | ५२.७ | ३ | १८.७ |

***स्रोत : BK & Bista, 2012***

तालिका १.११ अनुसार बालश्रमिकहरूको विवरणलाई हेर्दा शहरी क्षेत्रमा १८.९ प्रतिशत र ग्रामीण क्षेत्रमा ४३.७ प्रतिशत बालबालिका बालश्रममा संलग्न भएको तथ्याङ्कले देखाउँछ भने जोखिमपूर्ण काममा शहरी क्षेत्रमा ३१.२ प्रतिशत र ग्रामीण क्षेत्रमा १९ प्रतिशत बालबालिकाहरू जोखिमपूर्ण काममा संलग्न रहेका छन् । त्यसैले जोखिपूर्ण काममा ग्रामीण क्षेत्रका भन्दा शहरी क्षेत्रका बालबालिका बढी संलग्न भएको तथ्याङ्कले देखाउँछ । यसरी संलग्न हुने बालबालिकाको जातिगत विवरण हेर्दा बालश्रमिक सबैभन्दा बढी भएका जातीय समूहमा जनजाति (३८.५ प्रतिशत) रहेको छ भन्ने जोखिमपूर्ण काममा संलग्न बालबालिकाहरूमा दलित बालबालिकाको संख्या (४५.७ प्रतिशत) सबैभन्दा बढी देखिन्छ । उक्त विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**<u>तालिका १.१२</u> : जातजाति अनुसार जोखिमपूर्ण काममा संलग्न बालबालिकाको विवरण**


| जातीय समूह | बालबालिकाको संख्या(५–१७ वर्ष)हजार | बाल श्रमिकको संख्या (हजार) | बाल श्रमिकको प्रतिशत | जोखिमपूर्ण काममा संलग्न बालबालिकाको संख्या | जोखिमपूर्ण काममा संलग्न बालबालिकाको प्रतिशत |
|---|---|---|---|---|---|
| **नेपाल** | **७७७०** | **१५९९** | **१००** | **६२१** | **१००** |
| ब्राहमण क्षेत्री | २२७८ | ४२१ | २६.३ | १५३ | २४.६ |
| तराई जाति | ११२० | १६६ | १०.४ | ५० | ८.१ |
| दलित | ९९० | २८० | १७.५ | १२८ | ४५.७ |
| नेवार | ३५६ | ३९ | २.४ | १६ | २.६ |
| जनजाति | २५५७ | ६१५ | ३८.५ | २३४ | ३७.७ |
| मुस्लिम | ४०१ | ६८ | ४.३ | ३५ | ५.६ |
| अन्य | ६८ | १० | ०.६ | ४ | ०.६ |

***स्रोत : BK & Bista, 2012***

## १.९ काम गर्ने समयको अवस्था

नेपाल श्रमशक्ति सर्वेक्षण (२०१७/१८) अनुसार नेपालमा बालबालिकाहरूले औषतमा हप्तामा ३० घण्टा काम गर्ने गरेको आँकलन गरेको छ । सबैभन्दा बढी समय सूचना र संचारमा क्षेत्रमा (६३ घण्टा) काम गर्ने गरेको पाइएको छ ।

**चित्र १.९ : बालबालिकाले काम गर्ने घण्टाको तथ्याङ्कीय अवस्था**




***स्रोत : CBS & ILO, 2019***

बालबालिकाको काम गर्ने अवधि हेर्दा २१ देखि ६३ घण्टासम्म काम गर्ने गरेको पाइएको छ । सन् २००८ को श्रम शक्ति सर्वेक्षणले आर्थिक रूपले सक्रिय बालबालिकामध्ये ६०.५ प्रतिशतले प्रतिहप्ता १९ घण्टासम्म काम गरेको देखाइएको छ भने ३२.२ प्रतिशतले २० देखि ४० घण्टासम्म काम गर्ने गरेको दखाएको छ । ७.३ प्रतिशतले त ४० घण्टाभन्दा बढी काम गर्ने गरेका थिए । यसरी हेर्दा बालबालिकाले काम गर्ने समय पनि बढेको देखिन्छ, जसले उनीहरूको बढ्दो जोखिमको अवस्थालाई इङ्गित गर्दछ ।

**<u>तालिका १.१३</u> : बालबालिकाले काम गर्ने समयको लैङ्गिक अवस्था**

| प्रमुख क्रियाकलापहरू | औषत काम गर्ने घण्टा | | |
|---|---|---|---|
| | बालक | बालिका | जम्मा |
| **नेपाल** | ३४ | २४ | ३० |
| कृषि, वन र माछा मार्ने | २३ | २२ | २२ |
| खानी र ढुङ्गा खानी | ५२ | ३२ | ४९ |
| उत्पादन | ४५ | २८ | ३८ |
| पानी आपूर्ति | ० | ३७ | ३७ |
| भौतिक निर्माण | ४७ | ५० | ४८ |
| खुद्रा, थोक व्यापार, गाडी तथा मोटरसाइकल मर्मत | २३ | २० | २२ |
| यातायात र गोदाम | ४८ | ४० | ४८ |
| खाना र आवाससम्बन्धी सेवा | ३२ | २२ | २७ |
| सूचना र संचार | ६३ | ० | ६३ |
| बाणिज्य र बीमाजन्य क्रियाकलापहरू | ० | ४२ | ४२ |
| पेशागत, वैज्ञानिक र प्राविधिक गतिविधिमा | १४ | २८ | २१ |
| प्रशासनिक र सहयोगी सेवाका गतिविधिहरू | ३५ | ० | ३५ |
| शिक्षा | ३४ | २४ | २८ |
| मानव स्वास्थ्य र सामाजिक कामका गतिविधिहरू | ० | ५४ | ५४ |
| अन्य सेवाका गतिविधिहरू | ४० | १४ | ३५ |
| निजी घरेलु काम | ४६ | ३४ | ३८ |

***स्रोत : CBS & ILO, 2019***

पछिल्लो गणना अनुसार काम गर्ने अवधिलाई लैंगिक हिसाबले हेर्दा काम गर्ने घण्टा बालिकाको भन्दा बालकको १० प्रतिशत विन्दुले बढी देखिन्छ तर काम गर्ने विषयगत क्षेत्रको आधारमा हेर्दा मानव स्वास्थ्य तथा सामाजिक क्रियाकलापमा बालिकाले बढी (५४ घण्टा) समयसम्म काम गरेको देखिन्छ ।

## १.१० भौगोलिक विवरण र बसाइसराई

पहिलाको अध्ययन (BK and Bista, 2012) अनुसार ५-१४ वर्ष उमेर समूहका लगभग ८ प्रतिशत बालबालिका बसाई सरी आएका बालश्रमिक छन्, जसमा ५० मध्ये ४ जना खराब अवस्थामा बसाइसराई गरेका बालश्रमिकहरू रहेका छन् । यो तथ्याङ्कले बालश्रमिकको स्थानान्तरण र शोषणबीचको सम्बन्धलाई देखाउँछ । अध्ययनले गरिबी र बसाइसराई बीचमा प्रत्यक्ष सम्बन्ध रहेको देखाएको छ । तद्नुरूप सबभन्दा बढी गरिबी भएको जिल्लामा उच्च बालश्रमिक रहेको देखाएको छ । यस्ता जिल्लाहरूबाट अन्य जिल्लामा बालश्रमिकहरू बढी जाने गर्दछन् ।

पछिल्लो श्रम शक्ति सर्वेक्षण अनुसार नेपालमा १ करोड ५ लाख १० हजार (३६.२ प्रतिशत) जनसंख्याले आफ्नो जीवनकालमा बसाइसराई गरेको देखाएको छ । त्यसमध्ये महिलाको प्रतिशत (४७.४ प्रतिशत) धेरै रहेको छ । पुरुषको बसाइसराईको अवस्था २३.४ प्रतिशत मात्र रहेको छ । महिलाको संख्या बढी हुनुमा हाम्रो देशको वैवाहिक संस्कार एक कारक हो, जसले गर्दा महिला विवाह भएपछि बसाइसराई अनिवार्य हुन्छ । उक्त सर्वेक्षणले बालबालिकाहरू (१४ वर्षसम्मका) मध्ये ७ लाख ३१ हजार बसाइसराईमा परेका छन् । यसमध्ये बालिकाको संख्या ३ लाख २४ हजार (४४.३२ प्रतिशत) रहेको छ । यसरी बालबालिकाहरू बसाइसराईमा पर्नुको कारण बालबालिकाहरू कामको खोजीमा शहरी क्षेत्रमा जानु पनि हो । बसाइसराईको प्रवृत्ति हेर्दा ग्रामीण भेगबाट शहरी भेगतर्फ बसाइसराई गर्नेको संख्या बढी (८७.६ प्रतिशत) देखिन्छ । बालबालिकाको बसाइसराईमा बाल विवाहको पनि महत्वपूर्ण भूमिका रहेको छ । विशेषत बालिकाहरू कम उमेरमै विवाह भएर बेहुलाको घरमा जाने हुँदा यो संख्याले बालबालिकाको बसाइसराईको संख्या बढाएको छ । अहिले जिल्लाका सदरमुकाम, स्थानीय तह, र शहरी क्षेत्र लगायत ग्रामीण क्षेत्रमा विस्तार भएका साना हाट बजार एवम् मझौला उद्योगहरूमा कामको खोजीमा आउने बालबालिकाहरूको संख्यामा पनि बृद्धि भएको देखिन्छ । उनीहरूको प्राथमिकतामा यातायात, होटेल रेष्टुरेण्ट र कृषि फार्महरू पर्ने गर्दछन् । पछिल्लो समय उमेर बढाएर राहादानी बनाई रोजगारीका लागि विदेश विशेषगरी अरबी मुलुकमा जानेको संख्या पनि उल्लेखनीय छ ।


परिच्छेद-२

# कर्णाली प्रदेशका बालबालिका

## २.१ कर्णाली प्रदेशमा बालबालिकाको अवस्था

राष्ट्रिय जनगणना २०६८, अनुसार कर्णाली प्रदेशको कूल जनसंख्या १५,७०,४१८ मध्ये ८,२४,३७३ बालबालिका रहेका छन् । जसमा ४,१०,७३१ बालक र ४,१३,६४२ बालिकाको संख्या रहेको छ । यस प्रदेशको १० वटा जिल्लामध्ये सबैभन्दा कम बालबालिका डोल्पामा १८,०६५ र सबैभन्दा बढी बालबालिका सुर्खेत जिल्लामा १,७४,६०१ संख्या रहेको छ ।

**चित्र २.१: कर्णाली प्रदेशमा बालबालिकाको संख्या**




*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

**कर्णाली प्रदेशमा बालश्रमका क्षेत्रहरू**

- ढुङ्गा खानीमा काम गर्ने,
- भारी बोक्ने काम,
- घरेलु कामदारको रूपमा लगाइने काम,
- स–साना होटल, रेष्टुरेण्टहरूमा लगाइने काम,
- यातायातका साधनहरूमा लगाइने काम,
- बालुवा र रातो माटोको खानीमा काम गर्ने,
- यार्सागुम्वा खोज्न जाने काम,
- कृषि-कार्य अन्तर्गतका जोखिमपूर्ण कामहरू,
- खच्चड मार्फत ढुवानी गर्ने कार्यमा प्रयोग,
- बिभिन्न प्रकृतिका निर्माण व्यवसायमा जोखिमपूर्ण काम गर्ने,
- विभिन्न सार्वजनिक काममा बालबालिकाको प्रयोग आदि ।

यस प्रदेशका बालबालिकालाई विभिन्न उमेर समूहको आधारमा हेर्दा जसमध्ये ०-४ वर्ष उमेर समूहका २,०३,४१६ बालबालिका रहेका छन्, ५-९ वर्ष उमेर समूहका २,२६,९२० बालबालिका रहेका छन्, १०-१४ वर्ष उमेर समूहका २,२३,११२ बालबालिका रहेका छन् भने १५-१९ वर्ष उमेर समूहका १,७०,९२५ बालबालिका रहेका छन् । यसरी हेर्दा सबैभन्दा बढी अर्थात २७.५३ प्रतिशत बालबालिका ५-९ वर्ष उमेर समूहका रहेका छन् । यसले गर्दा प्रदेशलाई जनसंख्याकी लाभ लिने अवसर रहेको पुष्टि हुन्छ ।

कर्णाली प्रदेशका बालबालिकाहरू विभिन्न खाले हिंसात्मक घटनाहरूबाट प्रभावित भएको पाइन्छ । उनीहरू शिक्षा, स्वास्थ्य र पोषण लगायतका आधारभूत अधिकारबाट समेत बञ्चित देखिन्छन् । बालबालिका विद्यालय भर्ना भएतापनि आधारभूत शिक्षा पूरा नगर्दै विद्यालय छोड्नुपर्ने बाध्यता रहेको छ भने अर्कोतिर सामाजिक तथा आर्थिक रूपमा कष्टपूर्ण जीवन बाँच्न बाध्य देखिन्छन् । प्राप्त तथ्याङ्क अनुसार बालविवाह गर्ने र २० वर्ष नपुग्दै गर्भवती हुनेको संख्या उच्च रहेको हुँदा यसले बालश्रमको चक्रलाई टेवा दिएको पाइन्छ ।

केन्द्रीय तथ्याङ्क विभागका अनुसार कर्णाली प्रदेशमा कूल जनसंख्याको करिब ५२.४९ प्रतिशत बालबालिका रहेका छन् । कूल बालबालिकामध्ये ६७ प्रतिशत बालबालिका विभिन्न सामाजिक तथा आर्थिक कठिनाईहरूका कारणले विभिन्न गतिविधिमा संलग्न रहेको देखिन्छ ।

## २.२ कर्णाली प्रदेशमा आर्थिक गतिविधिमा संलग्न बालबालिका

राष्ट्रिय जनगणना, २०६८ अनुसार कर्णाली प्रदेशका जम्मा बालबालिका संख्या ८,२४,३७३ मध्ये १०-१९ वर्ष उमेर समूहका क्रियाशिल जनशक्ति संख्या ३,९४,०३७ अर्थात कूल जनसंख्याको ४७.८० प्रतिशत रहेको देखिन्छ । कर्णाली प्रदेशका १० वटा जिल्लामा आर्थिक गतिविधिमा संलग्न बालबालिकाको संख्या र प्रतिशत तालिका २.१ मा प्रस्तुत गरिएको छ । यसरी आर्थिक गतिविधिमा संलग्न बालबालिकामध्ये सबैभन्दा कम मुगुमा ३,५४३ जना र सबैभन्दा बढी दैलेख जिल्लामा १९,०६२ जना बालबालिका संलग्न रहेका देखिन्छन् । उनीहरूको पहिलो रोजाई पैसा कमाउने रहेको हुन्छ भने दोस्रो रोजाईमा विद्यालय जाने पर्दछ ।

**तालिका २.१: आर्थिक गतिविधिमा संलग्न १० देखि १९ वर्ष उमेर समूहका बालबालिका**

| जिल्ला | १० देखि १९ वर्षको संख्या | आर्थिक गतिविधिमा संलग्न | | | | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | आफ्नै कृषि | तलब ज्याला | आफ्नै गैरकृषि व्यवसाय | विस्तारीत आर्थिक काम | | |
| पश्चिम रुकुम | ४१,३९७ | ४६७० | ९६२ | ५६८ | ८७५ | ७०७५ | १७ |
| सल्यान | ६४,९२२ | ७७५५ | १६५८ | ७६७ | २२१५ | १२३९५ | १९ |
| सुर्खेत | ८८,३८३ | १०७३२ | २५८३ | १७४६ | ३६४६ | १८७०७ | २१ |
| दैलेख | ६७,३२५ | १०,६१२ | १,६०१ | १,५६३ | ५,२८६ | १९०६२ | २८ |
| जाजरकोट | ४१,९२८ | ४८६९ | ७९७ | ८२५ | १७४० | ८२३१ | २० |
| डोल्पा | ७,९६७ | १८८७ | २११ | ५६२ | १०६३ | ३७२३ | ४७ |
| जुम्ला | २५,८४८ | ५१०८ | ८६१ | ११०६ | १५८४ | ८६५९ | ३३ |
| कालिकोट | ३२,८०० | ५४९९ | ७७३ | ८९४ | १४७५ | ८६४१ | २६ |
| मुगु | १२,५१४ | १५६२ | ४८१ | ३८२ | १११८ | ३५४३ | २८ |
| हुम्ला | १०,९५३ | २०५८ | ५८६ | ४८९ | १४७४ | ४६०७ | ४२ |
| **जम्मा** | **३९४,०३७** | **५४७५२** | **१०५१३** | **८९०२** | **२०४७६** | **९४६४३** | **२४** |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

गरिबी, संरक्षकको अभाव, भौगोलिक विकटता र विगतमा भएको द्वन्द्वका कारण बालबालिका आर्थिक गतिविधिमा संलग्न भएको पाइन्छ । त्यसैगरी रोग, भोक र अभावले गर्दा बालबालिका श्रम बजारमा जान बाध्य हुन्छन् । यहाँका धेरैजसो बालबालिका मौसमी प्रकृतिको कामको खोजी गरिरहेका हुन्छन् । हिमाली तथा पहाडी जिल्लाका बालबालिका बहुमूल्य जडिबुटी यार्सागुम्बा संकलन गर्न जाने भएकोले प्रत्येक वर्ष दुई महिना विद्यालयमा विद्यार्थी हुँदैनन् । यार्सागुम्बा संकलन गर्ने समयमा कुनै विद्यालय बन्द नै गर्नुपर्ने बाध्यता पनि भएको पाइन्छ । त्यसैगरी केही बालबालिका अभिभावकसँगै भारत मजदुरी गर्न पनि जाने गरेको पाइन्छ । यसले गर्दा मौसमअनुसार विद्यालयमा विद्यार्थीको संख्या घटबढ हुने गरेको पाइन्छ ।

## २.३ आर्थिक गतिविधिमा बाहेक अन्य काममा संलग्न बालबालिका

राष्ट्रिय जनगणना, २०६८ अनुसार कर्णाली प्रदेशमा १० देखि १९ वर्ष उमेर समूहका १,६९,११८ जना बालबालिका आर्थिकबाहेकका काममा संलग्न रहेको पाइयो । यस प्रकृतिको समूहमा काममा सक्रिय, कामको खोजीमा, घरधन्दा र आर्थिक काम नखुलेको गरी जम्मा ४३ प्रतिशत बालबालिका संलग्न भएको पाइयो । यस प्रकृतिका बालबालिकाहरूको संख्यालाई जिल्लागत रूपमा हेर्दा सबैभन्दा बढी दैलेखमा ३६,४१० जना र सबैभन्दा कम ४,८२० जना मुगुमा तथ्याङ्कले देखाउँछ ।

**तालिका २.२ : आर्थिक गतिविधिबाहेक विभिन्न काममा संलग्न १० देखि १९ वर्षका बालबालिका**

| जिल्ला | १० देखि १९ वर्षको संख्या | काममा संलग्न | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | काममा सक्रिय | कामको खोजी | घर धन्दा | काम नखुलेको | | |
| पश्चिम रुकुम | ४१,३९७ | ७०७५ | ४२५ | ४९५३ | ४१४ | १२८६७ | ३१ |
| सल्यान | ६४,९२२ | १२३९५ | ६६५ | ५२६४ | ६३८ | १८९६२ | २९ |
| सुर्खेत | ८८,३८३ | १८७०७ | १३७१ | ११४०४ | ६३८ | ३२१२० | ३६ |
| दैलेख | ६७,३२५ | १९०६२ | १,१२१ | १५,६०६ | ६२१ | ३६४१० | ५४ |
| जाजरकोट | ४१,९२८ | ८२३१ | ६०० | ५६६४ | ४०८ | १४९०३ | ३६ |
| डोल्पा | ७,९६७ | ३७२३ | १०६ | २०७८ | ४३ | ५९५० | ७५ |
| जुम्ला | २५,८४८ | ८६५९ | ६१३ | ८२८८ | ३१८ | १७८७८ | ६९ |
| कालिकोट | ३२,८०० | ८६४१ | ६८८ | ९३८१ | १८२ | १८८९२ | ५८ |
| मुगु | १२,५१४ | ३५४३ | ८५ | ११७८ | १४ | ४८२० | ३९ |
| हुम्ला | १०,९५३ | ४६०७ | १०६ | १५५८ | ४५ | ६३१६ | ५८ |
| **जम्मा** | **३९४,०३७** | **९४६४३** | **५७८०** | **६५३७४** | **३३२१** | **१६९११८** | **४३** |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

## २.४ कर्णाली प्रदेशमा काममा संलग्न बालबालिकाको शैक्षिक अवस्था

नेपाल श्रमशक्ति सर्वेक्षण प्रतिवेदन २०१७/०१८ अनुसार कर्णाली प्रदेशमा काममा संलग्न बालबालिकाहरूको शैक्षिक अवस्थालाई तालिका २.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.३ : विद्यालयमा उपस्थित हुने र नहुने ५-१७ वर्ष उमेर समूहका बालबालिकाको संख्या (हजारमा)**

| प्रकार | काम गर्ने | | | काम नगर्ने | | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| विद्यालय उपस्थिति हुने | ५ | ७ | १२ | २५२ | २५७ | ५०९ |
| विद्यालय उपस्थिति नहुने | ३ | १ | ४ | १४ | १६ | ३० |
| **जम्मा** | **८** | **८** | **१६** | **२६६** | **२७३** | **५३९** |


***स्रोत: CBS and ILO, 1017/2018***

प्रस्तुत तालिका अनुसार विद्यालय उपस्थित हुने र आर्थिक उपार्जनको लागि प्रतिष्ठानमा काम गर्ने बालबालिकाको संख्या १६ हजार रहेको छ भने विद्यालय नगएर काम गर्ने बालबालिकाको संख्या ४ हजार रहेको देखिन्छ । विद्यालय मात्र जाने (काम नगर्ने) बालबालिकाको संख्या ५ लाख ९ हजार रहेको छ भने विद्यालय पनि नजाने र काम पनि नगर्ने बालबालिकाको संख्या ३० हजार रहेको छ । नेपाल श्रम शक्ति सर्वेक्षण २०१७/०१८ ले प्रस्तुत गरेको उल्लेखित तथ्याङ्क र राष्ट्रिय जनगणना, २०६८ को तथ्याङ्कमा धेरै भिन्नता देखिन्छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार विभिन्न गतिविधिमा संलग्न बालबालिका २,६३,७६१ अर्थात ६७ प्रतिशत रहेको देखिन्छ, यसलाई हेर्दा समग्र काममा संलग्नताको अवस्थालाई समेटेको छ भने पछिलो श्रमशक्ति सर्वेक्षणले राजेगारीमा संलग्न बालबालिकाहरूको अवस्थालाई मात्र समेटेकोले यी दुई तथ्याङ्कमा फरक रहेको देखिन्छ ।

## २.५ कर्णाली प्रदेशमा बाल विवाहको अवस्था

राष्ट्रिय जनगणना २०६८, अनुसार कर्णाली प्रदेशमा ५२ प्रतिशले बाल विवाह गर्ने गरेका छन् । कर्णाली प्रदेशका १० वटा जिल्लामा बाल विवाहको अवस्थालाई तलको चित्रमा प्रस्तुत गरिएको छ । प्रस्तुत चित्र अनुसार सबैभन्दा बढी बाल विवाह रुकुम पश्चिममा ७१ प्रतिशत र सबैभन्दा कम बाल विवाह डोल्पामा ५० प्रतिशत देखिन्छ । कर्णाली प्रदेशमा बाल विवाह बाल संरक्षणको प्रमुख सवाल हो । सरकारी तथा गैह्रसरकारी संस्थाहरूले बाल विवाह न्यूनीकरणको लागि विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएका छन् । फलस्वरूप बाल विवाह विरुद्धको जनचेतना वृद्धि हुनुको साथै बाल विवाहको स्वरूपमा परिर्वतन आएको छ । पहिला बाबुआमाले बाल विवाह गरिदिन्थे भने अहिले केटाकेटी आफैले बाल विवाह गर्ने गरेको पाइन्छ । यसले गर्दा बाल विवाह गर्नेको संख्यामा केही कमि आएको विभिन्न तथ्याङ्कले जनाएको छ ।

**चित्र २.२: जिल्लागत रूपमा २० वर्षमुनि विवाह गर्नेको प्रतिशत**




*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

नेपालको कानुनले विवाह गर्नको लागि केटा र केटीको उमेर २० वर्ष पुगेको हुनुपर्ने व्यवस्था गरेको छ । तालिका २.४ मा प्रस्तुत तालिकामा यस प्रदेशमा १० वर्षमुनि विवाह गर्नेको अवस्था पनि देखिन्छ । तथ्याङ्कलाई हेर्दा अधिकांश बालबालिकाले १५ देखि १९ वर्षभित्र विवाह गरिसक्छन् । यसरी हेर्दा १५ देखि १९ वर्षभित्र विवाह गर्नेको संख्या सबैभन्दा बढी सल्यानमा ६२.८८ प्रतिशत देखिन्छ । तर समग्रमा हेर्दा दैलेख र जुम्लामा बाल विवाह बढी हुने गरेको देखिन्छ ।

**तालिका २.४ : उमेर अनुसार बाल विवाह गर्ने प्रतिशत**

| जिल्ला | १० वर्षमुनि | १० देखि १४ वर्ष | १५ देखि १९ वर्ष |
|---|---|---|---|
| रुकुम पश्चिम | ०.०८ | ९.७१ | ६१.२७ |
| सल्यान | ०.१ | ६.९ | ६२.८८ |
| सुर्खेत | ०.४९ | ९.६९ | ५८.६४ |
| दैलेख | ०.७५ | ११.१९ | ५८.७२ |
| जाजरकोट | ०.२२ | ७.५३ | ५८.११ |
| डोल्पा | ०.११ | ४.११ | ४५.७३ |
| जुम्ला | ०.५२ | १०.७२ | ५८.५२ |
| कालिकोट | ०.४३ | ८.०९ | ५०.६५ |
| मुगु | ०.१४ | ५.०७ | ५२.१८ |
| हुम्ला | ०.१२ | ६.१५ | ४६.११ |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

बाल विवाहका कारण कलिलो उमेरमै गर्भवती हुने, बच्चा जन्माउँदा आमा र शिशुको मृत्यु हुन सक्ने, पाठेघर खस्ने, विवाह गर्ने केटाकेटीको पढाई छुट्ने, कलिलो उमेरमा पारिवारिक जिम्मेवारी लिनु पर्ने हुँदा मानसिक तनाव हुने जस्ता कारणले पारिवारिक सम्बन्ध बिग्रेको पाइन्छ । यसले गर्दा सम्बन्ध विच्छेदका घटना वृद्धि भएको पाइन्छ । उमेर नपुग्दै बच्चा उन्माउने र बाबुआमाको सम्बन्ध विच्छेद हुनुले निजबाट जन्मेका सन्तानको संरक्षण र विकासमा समस्या हुन्छ । यसरी विभिन्न तथ्याङ्कलाई विश्लेषण गर्दा बाल संरक्षणको समस्या भोगेका बालबालिकाहरू नै श्रम बजारमा धकलिने र तानिने (Pull and Push) गर्दछन् । यस कारण बाल विवाह पनि बालश्रम वृद्धि गर्ने एक प्रमुख कारण हो ।

## २.६ कर्णाली प्रदेशमा २० वर्षमुनिका गर्भवतीको अवस्था

कर्णाली प्रदेशमा आ.व. २०७२/०७३ देखि आ.व. २०७४/०७५ सम्म ३ बर्षको अवधिमा २० वर्षभन्दा कम उमेरमा गर्भवती हुनेको संख्या तालिका २.५ मा प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई हेर्दा २० वर्षमुनि गर्भवती हुने महिलाहरूको संख्या उच्च रहेको हुँदा बालविवाह पनि उच्च रहेको अवस्थालाई प्रष्टाउँछ ।

**तालिका २.५: २० वर्षमुनिका गर्भवतीको विवरण**

| जिल्ला | २० वर्षमुनिका गर्भवती महिला | | | जम्मा |
|---|---|---|---|---|
| | आ.व. २०७२/०७३ | आ.व. २०७३/०७४ | आ.व. २०७४/०७५ | |
| डोल्पा | २८६ | १८८ | २१३ | **६८७** |
| मुगु | ५८० | ९८२ | ७६४ | **२३२६** |
| हुम्ला | २६१ | १६० | ४८१ | **९०२** |
| जुम्ला | ९८८ | ९५२ | ८९० | **२८३०** |
| कालिकोट | ७९८ | ९१५ | ८२५ | **२५३८** |
| दैलेख | १६३९ | १५९८ | १४५९ | **४६९६** |
| जाजरकोट | १३४५ | १२७७ | १४०२ | **४०२४** |
| रुकुम पश्चिम | २५८७ | २२७९ | २७२४ | **७५९०** |
| सल्याण | २१७८ | २३१७ | २१५७ | **६६५२** |
| सुर्खेत | २९६२ | ३०२९ | २७२५ | **८७१६** |
| **कुल जम्मा** | १३६२४ | **१३६९७** | **१३६४०** | ४०९६१ |

***स्रोत :*** *स्वास्थ्य सेवा महाशाखा, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत, २०७६*

कम उमेरमा गर्भवती हुनुले शिक्षाबाट वञ्चित हुने, बेरोजगारी, आर्थिक भार पर्ने, सानै उमेरमा पारिवारिक तथा सामाजिक जिम्मेवारी लिनु पर्दा मनोसामाजिक समस्या हुने गर्दछ । अन्ततः उल्लेखित कारणहरूले बालश्रमलाई प्रोत्साहित गर्दछ । धार्मिक, सामाजिक, कानूनी तथा व्यवहारिक रूपले २० वर्षभन्दा कम उमेरमा गर्भवती हुनुले दिर्घ जीवनमा गम्भीर असर गर्दछ ।

## २.७ कर्णाली प्रदेशमा हराएका बालबालिकाहरूको विवरण

कर्णाली प्रदेशमा विशेषगरी अति विपन्न एवम् गरिब परिवारका बालबालिकाहरू परिवार छोडी अन्य जिल्ला वा भारत जाने गरेको पाइन्छ । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार यसरी परिवार छोडी गएका तथा हराएका बालबालिकाहरूमध्ये केही बालबालिका केही समयपछि भेटिने र केही बालबालिका फेला पर्न नसकेको तथ्याङ्कले देखाउँछ । फेला पर्ने बालबालिकाहरू आफ्नो जीवननिर्वाह गर्न श्रमको खोजीमा हिंडेको र विभिन्न श्रममा संलग्न रहेको पाइन्छ । यसले गर्दा हराउने बालबालिकाहरू बेचबिखनमा पर्ने, श्रम शोषणमा पर्ने, पढाइबाट बञ्चित हुने र जीवन नै जोखिममा रहेको पाइन्छ । कर्णाली प्रदेशमा हराएका बालबालिकाहरूको विगत ३ वर्षको तथ्याङ्क तालिका २.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.६ : कर्णाली प्रदेशमा गत ३ आ.व.मा हराएका बालबालिकाको विवरण**

| आ.व. | जम्मा हराएका बालबालिका | | | फेला पार्न बाँकी बालबालिका | | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| ०७३/०७४ | १५८ | १२९ | **२८७** | ५१ | ३६ | **८७** |
| ०७४/०७५ | १८० | १४३ | **३२३** | ५५ | ४९ | **१०४** |
| ०७५/०७६ | १७३ | २०१ | **३७४** | ४३ | ३४ | **७७** |

*स्रोत: प्रदेश प्रहरी कार्यालय, कर्णाली प्रदेश, सुर्खेत, २०७६*

यो तथ्याङ्कलाई हेर्दा हराएकामध्ये २७.२३ प्रतिशत बालबालिका अझैं फेला नपरेको तथ्याङ्कले देखाउछ । बेखबर घरबाट हिंडेका यस्ता बालबालिका होटल व्यवसाय र जोखिमपूर्ण काममा संलग्न भएको अनुमान गर्न सकिन्छ ।

तालिका २.७ मा कणाली प्रदेशका १० वटा जिल्लाहरूमा आ.व.२०७३/०७४ देखि आ.व.२०७५/०७६ सम्म हराएका बालबालिकाहरूको तथ्याङ्क प्रस्तुत गरिएको छ । यस तथ्याङ्कलाई हेर्दा हराउने बालबालिकाको संख्या सबैभन्दा बढी सुर्खेत जिल्लामा ३३२ र सबैभन्दा कम डोल्पा जिल्लामा २१ जना बालबालिका देखिन्छ । बालश्रममा रहेका बालबालिकाको तथ्याङ्कलाई आधार मानी हराउने बालबालिकाको संख्या तुलना गर्दा

हराउने बालबालिकाको रिपोर्ट गर्ने सम्बन्धमा चेतना र अभ्यास न्यून भएको अवस्थाले यस्तो अवस्था सृजना भएको हो ।


**तालिका २.७ : जिल्लागत रूपमा हराएका बालबालिकाको विवरण**

| जिल्ला | ०७३/०७४ | ०७४/०७५ | ०७५/०७६ | कुल जम्मा |
|---|---|---|---|---|
| सुर्खेत | ८९ | १२१ | १३२ | ३३२ |
| दैलेख | ३२ | २५ | ५९ | ११६ |
| जाजरकोट | ३५ | ३८ | ३२ | १०५ |
| रुकुम पश्चिम | ५० | २१ | ७५ | १३६ |
| सल्यान | २९ | १५ | २० | ६४ |
| जुम्ला | ११ | ३९ | ३० | ८० |
| हुम्ला | ६ | १२ | ८ | २६ |
| कालिकोट | १९ | ३२ | २४ | ७५ |
| डोल्पा | ७ | १० | ४ | २१ |
| मुगु | ९ | १० | १० | २९ |
| **जम्मा** | २८७ | ३२३ | ३७४ | ९८४ |

*स्रोत: प्रदेश प्रहरी कार्यालय कर्णाली प्रदेश सुर्खेत, २०७६*

## २.८ सडकमा आश्रित बालबालिका

**चित्र २.३ : सडक बालबालिकाको अवस्था**




*स्रोत: आवाज संस्था सुर्खेत, २०७६*


कर्णाली प्रदेशको राजधानी सुर्खेतमा अवसरको खोजी गर्दै दुर्गम क्षेत्रबाट बालबालिका आउने गर्दछन् । सामाजिक, पारिवारिक र आर्थिक रूपमा विपन्न बालबालिकाले जीवन जिउने विकल्पको रूपमा सडकलाई रोज्ने गर्दछन् । कर्णाली प्रदेशमा सडकमा आश्रित बालबालिकाको यकिन तथ्याङ्क छैन । आवाज संस्था सुर्खेतको अनुसार ४१ जना सडकमा आश्रित बालबालिका रहेको देखिन्छ । ती बालबालिकामध्ये १ देखि ५ वर्ष उमेर समूहका २ जना, ६ देखि १० वर्षका समूहका २० जना, ११ देखि १५ वर्ष उमेर समूहका १८ जना र १६ वर्षभन्दा माथिको १ जना रहेको तथ्याङ्कले देखाउँछ । यसरी सडकमा बस्ने बालबालिका शिक्षा, स्वास्थ्य लगायतका आधारभूत अधिकारबाट वञ्चित हुनुको साथै अत्यन्त कष्टकर एवं जोखिमपूर्ण जीवन विताएका हुन्छन् ।

सर्वेक्षण अनुसार सडकमा आश्रित बालबालिका कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट कामको खोजीमा सुर्खेतमा आउने गरेको तथ्याङ्कले देखाउँछ । यस अध्ययन अनुसार सामाजिक, पारिवारिक र आर्थिक रूपमा कमजोर बालबालिकाहरू जीवनको विकल्पको रूपमा सडकलाई रोज्ने गर्दछन् । बालबालिका सडकमा आउनु भनेकै बालश्रमलाई प्रश्रय दिनु हो । उनीहरू प्रायः कामको खोजीमा हुन्छन् । उचित काम पाए काम गर्छन् भने काम नपाए सडकमा दिन र रात बिताउँछन् । कतिपय बालबालिकाहरू त रोजगारदातासँगको असहमति एवं न्यून पारिश्रमिक र श्रम शोषणका कारण सडकमा आश्रित हुन पुगेको पाइन्छन् ।

## २.९ अध्ययनरत र विद्यालयबाहिर रहेका बालबालिका

कर्णाली प्रदेशमा धेरैजसो नागरिकहरू रोजगारीको खोजीमा केही समयका लागि भारत काम गर्न जाने र साथमा बालबालिकालाई पनि लाने प्रचलन रहेको छ । यसले गर्दा पनि बालबालिका पढाइ बीचमै छोड्न पुग्दछन् । डोल्पा, हुम्ला, मुगु, जुम्ला, जाजरकोट, रूकुम लगायतका हिमाली जिल्लाका बालबालिका बैशाख, जेठ र असार महिनामा हिमालतिर यार्सागुम्बा खोज्न जाने गर्दछन् । अत्यधिक चिसोको कारण बालबालिका जोखिममा रहने, उनीहरूको पढाइ छुट्ने र क्रमशः पढाइमा कमजोर हुँदै विद्यालय नै छोड्ने गरेको दृष्टान्त पाइन्छ । जाजरकोट लगायतका केही जिल्लाहरूमा भने बालबालिका ढुङ्गाखानीमा जोखिमपूर्ण काम गर्ने गरेको पाइन्छ, जसको कारण उनीहरू विद्यालयबाहिर रहेका छन् ।

**चित्र २.४: विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या**




*स्रोतः फ्लास रिपोर्ट २०७४, सामाजिक विकास दर्पण, २०७५*

बालबालिकाको जीवनलाई व्यवहारिक ज्ञान तथा सीपयुक्त बनाउनको लागि बाल संरक्षण र विकासमा असर नपर्ने गरी कुनै काम गर्न लगाउने वा सिकाउने गर्न सकिन्छ । तर शिक्षा लगायत आधारभूत अधिकारबाट बञ्चित हुने गरी घरपरिवारले पनि बालबालिकालाई काममा लगाउछ भने यो बालश्रम हो । हाम्रो समाजमा घरपरिवारमा हुने बालश्रमलाई बेवास्ता गरिएको छ । कर्णाली प्रदेशमा भौगोलिक विकटता, गरिबी, विभिन्न प्रकारका विभेद र कृषिमा आधारित जीवन भएकोले घरपरिवारमा नै धेरै बालश्रम हुने गरेको पाइन्छ । चित्र २.४ मा प्रस्तुत तथ्याङ्कले सबैभन्दा बढी ३,३८,७२८ बालबालिका प्राथमिक तहमा भर्ना भएको देखिन्छ । यसरी क्रमशः तहगत रूपमा अध्ययन गर्ने बालबालिकाको संख्या कमि हुँदै मा.वि.तहमा ७२,०४१ बालबालिकाहरू भर्ना भएको देखिन्छ । यो तथ्याङ्कलाई हेर्दा तहगत रूपमा अध्ययन छोडेका बालबालिकाहरू कुनै न कुनै श्रममा प्रयोग भएको अनुमान गर्न सकिन्छ ।

## परिच्छेद–३
# बालश्रम सम्बन्धी कानुनी व्यवस्था

## ३.१ बालश्रम सम्बन्धी अन्तर्राष्ट्रिय कानुनी व्यवस्था

### *३.१.१ संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९*

बालबालिकाको हकहित र विशेष संरक्षणको लागि संयुक्त राष्ट्रसंघको महासभाले २० नोभेम्बर १९८९ मा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरेको हो । नेपालले १४ सेप्टेम्बर १९९० मा यस महासन्धिलाई अनुमोदन गरी कार्यान्वयनमा ल्याएको छ । यसै अनुरूप बालबालिकाको हकहित र अधिकारलाई संवैधानिक हैसियतमा कानून तर्जुमा गरी मान्यता दिइएको छ । महासन्धिले १८ वर्षभन्दा मुनिका हरेक व्यक्तिलाई 'बालबालिका' भनी परिभाषा गरेको छ । महासन्धिको प्रावधान अनुसार बालबालिकाको अधिकार उलङ्घन हुने कुनै पनि आर्थिक शोषण र जोखिमपूर्ण काममा बालबालिकालाई संलग्न गराउन पाइँदैन । साथै बालबालिकाको शिक्षा, स्वास्थ्य, मानसिक, शारीरिक, नैतिक र सामाजिक विकासमा असर पर्ने कुनै पनि काममा उनीहरूलाई संलग्न गराउन पाइँदैन ।

नेपालले वि.सं. २०४६ को जनआन्दोलन लगतै २०४७ भदौ २९ गते अनुमोदन गरेको बालअधिकार सम्बन्धी महासन्धिले बालबालिकाको सर्वोत्तम हित, दीर्घजीवन र विकास, भेदभाव विहिनता, विचार र भावनाको कदर जस्ता मूल सिद्धान्तमा आधारित भएर ४० बुँदामा हक अधिकारहरू व्यवस्थित गरेको छ । महासन्धिमा रहेका कूल ५४ धाराहरूमध्ये ४० धाराहरूले बालबालिकाको हक अधिकारको ब्याख्या गरेका छन् । बाँकी १४ धाराहरू कार्यान्वयन र अनुगमनसँग सम्बन्धित छन् ।

**बाल अधिकार सम्बन्धी महासन्धिका इच्छाधीन आलेखहरू**

महासन्धिमा उल्लेखित प्रावधानहरूको थप व्याख्या गर्दै बाल अधिकार सम्बन्धी महासन्धि अन्तर्गत देहायका तीनवटा इच्छाधिन आलेखहरू पनि पारित भएका छन्:

१. सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्ध बालअधिकार सम्बन्धी महासन्धिको इच्छाधिन आलेख, २०००
२. बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रणविरूद्ध बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधिन आलेख, २०००
३. बालअधिकार हनन्को उजुरी बारे सञ्चार कार्यविधि सम्बन्धी इच्छाधिन आलेख, २०११

उपर्युक्त इच्छाधिन आलेखहरूमध्ये पहिलो र दोस्रोलाई नेपालले अनुमोदन गरिसकेको छ । नेपालको सन्धि ऐन, २०४७ को दफा ९ मा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय

महासन्धिहरूका प्रावधानहरू राष्ट्रिय कानून सरह लागु हुने भएकोले नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरूको परिपालना गर्नु राज्यको दायित्व हो ।

***बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का सम्बन्धमा नेपालको प्रतिवेदन***

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेपछि महासन्धिको धारा ४४ बमोजिम सदस्य राष्ट्रको हैसियतले हरेक पाँच वर्षमा पठाउनुपर्ने पछिल्लो प्रतिवेदन (तेश्रो, चौथो र पाँचौ संयुक्त प्रतिवेदन) सन् २०१२ मा बुझाएको थियो । सो प्रतिवेदनमाथि सन् २०१६ को मे महिना (२०७३ जेठ ४ देखि २१ गतेसम्म) मा संयुक्त राष्ट्रसंघको बालअधिकार समितिको बहत्तरौं बैठकमा छलफल भएको थियो । उक्त समितिले राज्यले बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न परिचालन गर्दै आएको बजेट सीमित भएको टिप्पणी गर्दै बालबालिकाको सर्वोत्तम हित समेटिने गरी विद्यमान बालबालिका सम्बन्धी ऐनमा संशोधन गर्न समेत सुझाव दिएको छ । समितिले बालबालिकालाई परिवार, विद्यालय वा अन्य संस्थाहरूमा शारीरिक दण्ड दिने वा दुर्व्यवहार गर्ने परिपाटीको अन्त्य गर्न कानूनी व्यवस्था गर्नुपर्ने लगायतका थुप्रै सिफारिस गरेको छ ।

त्यसैगरी समितिले आफ्नो समापन टिप्पणीमा बालबालिकाको परिभाषा, परिचय, विभेद तथा हिंसा, सर्वोत्तम हित, बालबालिकाको विचारको कदर, बालबालिका विरूद्धका हिंसा र क्रुर यातना, दुर्व्यवहार र बेवास्ता, यौनशोषण तथा दुर्व्यवहार, हानिकारक अभ्यासजस्ता विषयमा केन्द्रित भई सुधारात्मक उपाय अपनाउनुपर्ने लगायत बालबालिका सम्बन्धी खण्डीकृत सूचना व्यवस्थापनको विषयलाई प्राथमिकता दिइएको छ ।

### ***३.१.२ अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धिहरू***

**अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं १३८**

सन् १९७३ मा पारित अन्तर्राष्ट्रिय श्रम सङ्गठनकोमहासन्धि नं १३८ लाई नेपाललगायत विश्वका १६८ देशले अनुमोदन गरेका छन् । यसले रोजगारीमा संलग्न हुने न्यूनतम उमेर निर्धारण गरी बालश्रमलाई प्रभावकारी रूपमा उन्मूलन गर्ने अभिप्राय राखेको छ । बालबालिकालाई काममा लगाउने उमेर अनिवार्यरूपमा प्राथमिक शिक्षा पछिको वा १५ वर्षभन्दा माथिको हुनुपर्ने प्रावधान यस महासन्धिले गरेको छ । तर विकासको पथमा पछाडि रहेका राष्ट्रहरूले भने रोजगारदाता र मजदुर यूनियनहरूको सल्लाहमा उक्त उमेरलाई घटाएर १४ वर्षसम्म राख्न सक्ने खुकुलोपन पनि महासन्धिले दिएको छ । साथै यो महासन्धिले काममा संलग्न हुनका लागि न्यूनतम १८ वर्षको उमेर तोकेको छ,

जुन उमेरभन्दा कम उमेरका बालबालिका काम गर्दा उनीहरूको स्वास्थ्य, सुरक्षा र नैतिकतामा नकारात्मक प्रभाव पर्न सक्दछ ।

### अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १८२

सन् १९९९ मा पारित अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं १८२ लाई नेपाल लगायत विश्का १८० देशले अनुमोदन गरेका छन् । यस महासन्धिले संसारबाटै निकृष्ट प्रकारको बालश्रमलाई प्रतिबन्ध गर्ने, निकृष्ट प्रकारका श्रम क्षेत्रमा रहेका बालबालिकालाई यथासक्य छिटो पुन:स्थापना गर्ने र निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्ने उद्देश्य राखेको छ । महासन्धि अनुमोदन गर्ने प्रत्येक सदस्य राष्ट्रले प्राथमिकताका साथ निकृष्ट प्रकारका बालश्रमलाई उन्मूलन गर्नका लागि कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । यस महासन्धिले कामको प्रकृति हेरी निम्न ४ प्रकारका कामलाई बालश्रमको निकृष्ट स्वरूपका रूपमा परिभाषित गरेको छ :

(क) दासत्व तथा यस्तै प्रकारको काम, बँधुवा श्रम, बालबालिकाको बेचविखन र बालसेनामा लगाउने कार्य,
(ख) बाल वेश्यावृत्ति तथा अश्लील चित्रणमा बालबालिकाको प्रयोग गर्ने कार्य,
(ग) लागु औषध उत्पादन र ओसारपसारमा बालबालिकाको उपयोग गर्ने कार्य,
(घ) बालबालिकाको सुरक्षा, स्वास्थ्य र नैतिकतामा प्रत्यक्ष हानि नोक्सानी पुऱ्याउने अरू सबैखाले कामहरू ।

## ३.१.३ बालअधिकार तथा बालश्रम उन्मूलनका लागि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय निकायबाट भएका प्रयासहरू

### दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (SAARC) को प्रयासहरू

दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (SAARC) को स्थापना कालदेखि बाल अधिकारको मुद्दा र बालश्रमलाई प्रमुख सरोकारको विषयको रूपमा लिएको छ । नेपाल सार्कको सदस्य राष्ट्र हो । यसले सार्कको बालअधिकार र मानवअधिकार संरक्षणसँग सम्बन्धित सबैखाले निर्णयहरूमा हस्ताक्षर गरिसकेको छ । सार्कको कोलम्बो घोषणा पत्रमा बालबालिकालाई श्रमको सट्टा विद्यालय पठाउनका लागि विद्यालयको पहुँच विस्तार गर्नुपर्नेमा जोड दिइएको थियो । पाकिस्तानको रावलपिण्डिमा सम्पन्न सार्कको मन्त्री स्तरीय बैठकले (१९९६) सन् २००० सम्म जोखिमपूर्ण र जबर्जस्ती काम गरिरहेका बालश्रमिक उन्मूलन गर्ने र सन् २०१० सम्म सबै प्रकारका बालश्रमको उन्मूलन गर्ने घोषणा गऱ्यो । माल्दिभ्सको राजधानी मालेमा सम्पन्न नवौं सार्क शिखर सम्मेलन (१९९७) ले सन् २००० देखि २०१० लाई “बालअधिकारका लागि सार्क दशक” घोषणा

गऱ्यो । त्यसैगरी श्रीलंकाको राजधानी कोलम्बोमा सम्पन्न १०औं सार्क शिखर सम्मेलन (१९९८) ले बाल वेश्यावृत्तिका लागि बालबालिका र किशोरी बेचविखन रोक्ने तथा त्यस विरूद्ध लड्ने क्षेत्रीय महासन्धि प्रस्तावित गऱ्यो । काठमाडौंमा सम्पन्न ११औं सार्क सम्मेलन (सन् २०००) मा उक्त महासन्धिलाई अनुशरण गरिएको छ ।

### संयुक्त राष्ट्रसंघका निकायबाट भएका प्रयासहरू

विश्व स्वास्थ्य सङ्गठन (WHO), संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय बालकोष (UNICEF), संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA) जस्ता निकायहरू प्रत्यक्ष र परोक्ष रूपमा बालबालिकाको संरक्षणमा संलग्न रहेका छन् । सन् १९७९ पछि विश्व स्वास्थ्य सङ्गठनले विशेषगरी कठीन परिस्थितिमा काम गर्ने बालबालिकाको स्वास्थ्य अवस्थामाथि विभिन्न अध्ययन गऱ्यो । संयुक्त राष्ट्रसंघीय बालकोषले सन् १९८६ मा विशेष गरी कठीन परिस्थितिमा रहेका बालबालिका (Children in Especially Difficult Circumstances- CEDC) लाई लक्षित गरी कार्यक्रम सञ्चालन गऱ्यो । तत्पश्चात धेरै गैरसरकारी संस्थाहरू बालश्रम न्यूनीकरणका क्षेत्रमा कार्यरत रहेका छन् ।

### अन्तर्राष्ट्रिय श्रम सङ्गठनको प्रयासहरू

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) ले स्थापनाकालदेखि नै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय एवं सङ्गठनहरूसँग सहकार्य गर्दै बालश्रमका विरूद्धमा अग्रणी रूपमा संघर्ष गर्दै आएको छ । बालश्रम उन्मूलन गर्न यो सङ्गठनले सन् १९९२ मा बालश्रम अन्त्यका लागि अन्तर्राष्ट्रिय कार्यक्रम (International Programme for the Elimination of Child Labor-IPEC) सुरूवात गऱ्यो । अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बाल श्रमविरूद्धको अभियान समय रेखा अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

### *३.१.४ दीगो विकास लक्ष्य*

सन् २०१५ सम्मको सहस्राब्दी विकास लक्ष्यको समयावधि सकिए लगत्तै विश्वमा दीगो विकास लक्ष्य (सन् २०१६-२०३०) निर्धारण गरिएको छ । जस अन्तर्गत तय गरिएका १७ वटा लक्ष्यहरूमध्ये बालबालिका सम्बन्धी मुख्य सूचक, स्थिति र परिलक्ष्य निर्धारण गरी कार्यान्वयन रहेको अवस्था छ । संयुक्त राष्ट्रसंघले आगामी सन् २०३० सम्ममा पूरा हुने गरी दिगो विकास लक्ष्यहरू निर्धारण गरेको छ । त्यसको आठौं लक्ष्य “समावेशी तथा दिगो आर्थिक विकास, रोजगारी र सबैका लागि मर्यादित काम प्रवर्द्धन” मा बालश्रम निवारण गर्ने लक्ष्य समेत समावेश गरिएको छ । यसै लक्ष्यको सातौं बुँदामा “बाध्यकारी श्रम उन्मूलन, आधुनिक दासत्व अन्त्य, निकृष्ट प्रकारको बालश्रम निषेध र निवारणका

अतिरिक्त बालसैनिक भर्ना र प्रयोग तथा सन् २०२५ सम्म सबै प्रकारका बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी उपायहरू अपनाउने" लक्ष्य निर्धारण गरिएको छ । संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रको रूपमा नेपालले यो लक्ष्य पूरा गर्न सबै प्रकारको प्रयत्न गर्ने उदेश्ये बालश्रम उन्मूलन सम्बन्धी राष्ट्रिय गुरूयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । बालबालिकासँग सम्वन्धित दीगो विकाका केही प्रमुख, गन्तव्य र सूचकको विवरण अनुसूची-२ मा प्रस्तुत गरिएको छ ।

## ३.२ बालश्रम सम्बन्धी राष्ट्रिय कानुनी व्यवस्था

### *३.२.१ नेपालको संविधान (२०७२)*

नेपालको संवैधानिक इतिहासमा पहिलोपल्ट अन्तरिम संविधान २०६३ मा मौलिक हक अन्तर्गत बालबालिकाको हक राखिएको थियो । नेपालको संविधानले त्यसलाई अझ थप व्यवस्थित गरेको छ । नेपालको संविधानको धारा ३९ मा बाल-बालिकाको हक अन्तर्गत १० वटा उपधारामा बालबालिकाको बचावट, विकास, संरक्षण र सहभागिता लगायतको हकको प्रत्याभूति गरिएको छ । नेपालको संविधानमा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ को बुँदा (ञ) को सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अन्तर्गतको उपबुँदा (५) मा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने भन्ने व्यवस्था भएको छ । यस संविधानमा बाल अधिकारका मूलभूतः सिद्धान्तहरूसहित बाल अधिकारका आधारभूत मान्यताहरूलाई स्पष्ट रूपमा अङ्गीकार गरिएकोले बाल अधिकारको दृष्टिकोणबाट नेपालको संविधान अत्यन्तै प्रगतिशील देखिन्छ ।

**धारा ३९: बालबालिकाको हक :**

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।
२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।
३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।
४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्नपाइने छैन ।
६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक,मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन ।
८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।
९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुबिधा पाउने हक हुनेछ
१०. उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

संविधानको धारा ३९ ले बालबालिका सम्बन्धी विशेष व्यवस्थाका अतिरिक्त मौलिक हक र कर्तव्य अन्तर्गतका अन्य ९ वटा धाराहरूमा प्रत्यक्ष वा परोक्ष रूपमा बालबालिकाको विकास र संरक्षणसँग सम्बन्धित अधिकार समावेश भएका छन् । यसै गरी संविधानको धारा ४३ मा सामाजिक सुरक्षाको हक अर्न्तगत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षा प्राप्त हुने हकको व्यवस्था गरेको छ ।

**संविधानको भाग–४** मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ मा राज्यका नीतिहरू उल्लेख गरिएको छ । तीमध्ये देहायका नीतिहरू बालबालिकासँग समेत सम्बन्धित देखिन्छन् :

**(झ) श्रम र रोजगार सम्बन्धी नीति :**

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने ।

**(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति :**

(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाहजस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने,
(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,
(६) मुक्त कमैया, कम्हलरी, हरूवा, चरुवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोवासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषि योग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।

### ३.२.२ आवधिक योजनामा बालश्रम निवारण सम्बन्धी व्यवस्था

तेहौं आवधिक योजना (२०७०/७१-२०७२/७३) ले सबै किसिमको बालश्रम उन्मूलन गर्ने नीति लिएको थियो । उक्त योजनाको कार्यनीतिमा “निकृष्ट बालश्रम निवारणका लागि कार्यक्रमहरू सञ्चालन गरी बालश्रमिकहरूको उद्धार र पुनःस्थापना गरिनेछ र बालश्रम सम्बन्धी नीति, कानून र कार्यक्रम सुधार गरिनेछ” भन्ने उल्लेख गरिएको थियो । यस अनुरूप बालश्रम निवारणका लागि नयाँ गुरूयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने कार्यक्रम तय गरिएको थियो ।

चौधौं योजना (२०७३/७४-२०७५/७६) मा उल्लेख भएको श्रम तथा रोजगारी रणनीतिको बुँदा नं ३ मा "श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने" र कार्यनीतिमा "बालश्रम सम्बन्धी नीति, कानून र कार्यक्रममा सुधार गरिनेछ र निकृष्ट प्रकृतिका बालश्रम निवारण र बालश्रम न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गरी बालश्रमिकहरूको उद्धार र पुनर्स्थापना" गर्ने विषय उल्लेख भएको रहेको पाइन्छ ।

पन्ध्रौ योजना(२०७६/७७-२०८१/८२) आधारपत्रमा राज्यले सबै प्रकारका बालश्रम अन्त गर्ने सम्बन्धी रणनीति तथा कार्यनीति समावेश गरिएको छ । सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ । जुनसुकै क्षेत्रमा कार्यरत श्रमिकहरूको अनुगमन गरी बाल श्रमिकको उद्धार तथा पुर्नस्थापना गरिन तथा प्रदेश तथा स्थानीय तह समेतबाट सबै प्रकारका बालश्रमको अन्त्यका लागि कानुनी, नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिने कुरा उल्लेख छ ।

### ३.२.३ बालबालिका सम्बन्धी ऐन, २०७५

बालबालिका सम्बन्धी ऐन, २०७५ ले १८ वर्षमुनिका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ । प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा उनीहरूको शिक्षामा बाधा-अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनैपनि कामबाट संरक्षण पाउने अधिकार रहेको छ । कुनै पनि बालबालिकालाई सेना, प्रहरी, सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइने छैन । यो ऐनले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ । बालबालिका प्रति प्रत्येक अभिभावक, संरक्षक तथा राज्यको दायित्व रहने छ, दायित्व पूरा नगरेमा कानून बमोजिम सजाय समेतको व्यवस्था गरिएको छ । बालन्याय कार्यविधि नियमावली, २०६३ अनुसार बालबालिकाहरूले कसुर जन्य कार्य गरेमा सो मुद्धा हेर्नका लागि बाल इजलासको व्यवस्था गरेको भएता पनि यस ऐनको दफा ३० ले बाल अदालतको गठन गर्ने कुरा उल्लेख गरेको छ । त्यसैगरी कानुनी विवादमा परेका बालबालिकालाई राख्नका लागि दफा ४३ मा बाल सुधार गृहको व्यवस्था गरिएको छ । ऐनको दफा ६० मा बाल अधिकार सम्बन्धी काम गर्नको लागि राष्ट्रिय तहमा राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश तह र स्थानीय तहसम्म बाल अधिकार समितिको सङ्गठनात्मक व्यवस्था गरेको छ । यस ऐनको ध्येय अनुरूप काम गर्नको लागि तहगत रूपमा सङ्गठन र मानवीय श्रोत हुनु पर्ने व्यवस्था गरेको ।

### ३.२.४ श्रम ऐन, २०७४

श्रम ऐन, २०७४ ले सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने उद्देश्यका साथ कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी काममा लगाउन नपाइने व्यवस्था गरेको छ ।

### ३.२.५ मानव अधिकार आयोग ऐन, २०६८

मानव अधिकार आयोग ऐनले नेपालको संविधानमा उल्लेखित व्यवस्था अनुरूप मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रभावकारी कार्यान्वयनका लागि एक स्वतन्त्र र स्वायत्त संस्थाका रूपमा राष्ट्रिय मानव अधिकार आयोग स्थापना भएको छ । यस आयोगले मानव अधिकारको उल्लङ्घन गर्ने पक्षहरू र कुनै व्यक्ति संस्था वा सङ्गठनले उक्त अधिकार हनन्प्रति देखाएको उदासिनताका बारेमा अनुसन्धान गर्ने काम गर्दछ । बालश्रम प्रयोग गम्भीर मानव अधिकारको उल्लङ्घन भएकोले यो विषय आयोगको क्षेत्रभित्र पनि पर्दछ ।

### ३.२.६ बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

नेपाल सरकारले बालश्रम न्यूनीकरण गर्नका लागि बालश्रम (निषेध र नियमिति गर्ने) ऐन, २०५६ पारित गरी कार्यान्वयनमा रहेको अवस्था छ ।

उक्त ऐनका उद्देश्यहरू निम्न बमोजिम छन् :

- बालबालिकालाई कल कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्ने,
- बालबालिकालाई अन्य काममा लगाउँदा उनीहरूको स्वास्थ्य, सुरक्षा तथा सेवा र सुबिधा सम्बन्धमा व्यवस्था गर्ने,
- १४ वर्षमुनिका बालबालिका-लाई काममा लगाउन निषेध गर्ने,
- बालबालिकाहरूको सर्वाङ्गीण हितको लागि आवश्यक संरक्षणको व्यवस्था मिलाउने ।

**ऐनको दफा ३ को उपदफा (२) मा उल्लेख गरिएका जोखिमपूर्ण व्यवसाय वा कामहरू**

(क) पर्यटन, आवास, होटेल, जुवाघर, रेष्टुराँ, बार, रिसर्ट स्किइङ्ग, वाटर न्याफि्टङ्ग, केवल कार, कम्प्लेक्स, पोनि ट्रेकिङ्ग, पदयात्रा, पर्वतारोहण, हट एयर ब्यालुनिङ्ग, गल्फ कोर्ष, पोलो, अश्वरोहण आदि पर्यटनसँग सम्बन्धित व्यवसायहरू,
(ख) कार्यशाला, प्रयोगशाला, पशु बधशाला, शीत भण्डार आदि सेवामूलक व्यवसायहरू,
(ग) सार्वजनिक परिवहन र निर्माण व्यवसायहरू,
(घ) चुरोट, बिडी बनाउने, गलैंचा बुन्ने तथा रङ्गाउने, ऊन सफा गर्ने, कपडा बुन्ने, धुने, रङ्गाउने तथा बुट्टा छाप्ने, छाला प्रशोधन गर्ने, सिमेन्ट उत्पादन तथा प्याकिङ्ग, सलाई, विष्फोटक तथा अन्य आगजन्य पदार्थहरूको उत्पादन र बिक्री वितरण, बियर, मदिरा तथा अन्य पेय पदार्थहरूको उत्पादन, साबुन उत्पादन, बिटुमिन उत्पादन, पल्प र पेपर उत्पादन, स्लेट, पेन्सिल उत्पादन, कीटनाशक औषधि उत्पादन, लुब्रिकेटिङ्ग तेल उत्पादन, फोहोर मैला संकलन, प्रशोधन तथा इलेक्ट्रोप्लेटिङ्ग, फोटो प्रोसेसिङ्ग, रबर, सिन्थेटिक, प्लाष्टिक, सिसा, पारोसँग सम्बन्धित कार्यहरू,
(ङ) जलस्रोत, वायु, शौर्यशक्ति, कोइला, प्राकृतिक तेल वा ग्यास, बायोग्यास तथा त्यस्तै अन्य स्रोतबाट ऊर्जा पैदा गर्ने र त्यसको प्रसारण वा वितरणसँग सम्बन्धित कार्यहरू,
(च) खानी, खनिज पदार्थ, प्राकृतिक तेल वा ग्यासको उत्खनन्, प्रशोधन तथा वितरणसँग सम्बन्धित कार्यहरू,
(छ) रिक्सा वा ठेलागाडा,
(ज) कटिङ्ग मेशीन जस्ता कार्यहरू,
(झ) जमिनमुनि, पानीमुनि र धेरै उँचाईमा चढेर गर्नु पर्ने कार्यहरू,
(ञ) रसायनिक पदार्थहरूसँग सम्पर्क हुने कार्यहरू, र
(ट) प्रचलित कानून बमोजिम तोकिएको अन्य जोखिमपूर्ण कार्यहरू ।

**यो ऐनमा भएका मुख्य-मुख्य व्यवस्थाहरू निम्नानुसार रहेका छन् ।**

(क) **बाबालिकालाई काममा लगाउन नहुने :** ऐनको दफा (३) मा बालबालिकालाई काममा लगाउन नहुने गरी निम्न व्यवस्था गरेको छ ।

(१) कसैले पनि चौध वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउनु हुँदैन ।

(२) कसैले पनि बालबालिकालाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनु हुँदैन ।

(३) कसैले पनि बालबालिकालाई ललाई फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दवाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रूपमा काममा लगाउनु हुँदैन ।

(ख) **बालश्रमको लागि अवलम्बन गर्नुपर्ने कार्य :** ऐनले १४ वर्ष उमेर पुगिसकेका बालबालिकालाई कुनै काममा लगाउनु पर्ने भएमा निम्नानुसारको प्रक्रिया अवलम्बन गर्नु पर्ने व्यवस्था गरेको छ ।

- कुनै प्रतिष्ठानले बालबालिकालाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु, आमा वा संरक्षकको स्वीकृति लिनु पर्नेछ तर नेपाल सरकारबाट स्वीकृति प्राप्त शिक्षण संस्था वा बालबालिकाको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानून बमोजिम स्थापित संस्थाद्वारा बालबालिकाको बृहत हितको निमित्त आयोजना गरिने काममा वा सांस्कृतिक कार्यक्रममा लगाउन स्वीकृति लिनु नपर्ने व्यवस्था गरेको छ ।
- स्वीकृति दिंदा श्रम कार्यालयले सम्बन्धित प्रतिष्ठानलाई बालबालिकाको सीप र योग्यताको विकास गर्ने तथा शिक्षा प्रदान गर्ने उद्देश्यले उपयुक्त शर्तहरू लगाउन सक्ने र प्रतिष्ठानले यसको पालना गर्नु पर्ने व्यवस्था रहेको छ ।
- प्रतिष्ठानले बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउनु अघि त्यस्तो बालबालिकाले श्रमिकको रूपमा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिनु पर्नेछ ।
- बालबालिकालाई काममा लगाउने प्रतिष्ठानले काममा लगाएको मितिले पन्ध्र दिनभित्र त्यस्तो बालबालिकाको फोटोसहितको विवरण श्रम कार्यालयमा पेश गर्नु पर्ने छ ।
- प्रतिष्ठानमा काम गर्ने बालबालिकाको स्वास्थ्य र सुरक्षाका सम्बन्धमा व्यवस्थापकले पर्याप्त सावधानी अपनाउनु पर्नेछ ।

- कुन पनि बालबालिकालाई विना पारिश्रमिक काममा लगाउन पाइने छैन । काममा लगाएपछि उचित पारिश्रमिक र सुविधाको व्यवस्था विना भेदभाव गर्नु पर्ने छ ।

(ग) **काममा लगाउने समय :** ऐनको दफा ९ बमोजिम बालबालिकालाई काममा लगाउने समयको निम्नानुसारको व्यवस्था गरेको छ ।

- बालबालिकालाई बेलुका ६:०० बजेपछि बिहान ६:०० बजेसम्मको अवधिभर काममा लगाउनु हुँदैन ।
- बालबालिकालाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६ घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुँदैन ।
- बालबालिकालाई प्रत्येक दिन लगातार तीन घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा एक दिनको बिदा दिनु पर्नेछ ।
- प्रत्येक दिनको आधा घण्टाको आराम गर्ने समय र प्रत्येक सप्ताहको एक दिनको बिदा काम गरेको अवधि मानिनेछ ।
- एकै दिन एउटा प्रतिष्ठानमा काम गरिसकेको बालबालिकालाई सोही दिन पुनः अर्को प्रतिष्ठानमा काममा लगाउनु हुँदैन ।

(घ) **दण्ड सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था :** ऐनले बालबालिकालाई ऐनको वर्खिलापमा काममा लगाएमा वा ऐनका अन्य प्रावधानहरू उल्लङ्घन गरेमा त्यसमा दण्ड सजाएको निम्नानुसार व्यवस्था गरेको छ ।

- ऐनले बालश्रम संग सम्वन्धित कसुरमा प्रतिष्ठानको निरीक्षण गर्ने कर्मचारी, सम्बन्धित इलाकाको प्रहरी, सम्बन्धित बालबालिका वा निजको बाबु, आमा वा संरक्षक, सम्बन्धित गाउँपालिका वा नगरपालिका, प्रतिष्ठान स्तरको ट्रेड युनियन वा बालबालिकाको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानूनबमोजिम स्थापित निकाय वा गैरसरकारी संस्थाले सम्बन्धित श्रम कार्यालयमा उजुरी दिन सक्ने व्यवस्था गरेको छ ।
- कसैले चौध वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाएमा निजलाई तीन महीनासम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

- कसैले जोखिमपूर्ण व्यवसाय वा काममा लगाएमा वा बालबालिकालाई इच्छा विरुद्ध काममा लगाएमा निजलाई एक वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ।
- कुनै व्यवस्थापकले स्वीकृति नलिएको, योग्यताको प्रमाण पत्र नलिएको, काममा लगाउने समय विपरीत काम लगाएको, उचित पारिश्रमिक र सुबिधा नदिएको, बालबालिकाको सुरक्षा र स्वास्थ्य सम्बन्धी व्यवस्थाको विपरीत कुनै काम गरेमा निजलाई दुई महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।
- कुनै व्यवस्थापकले श्रम कार्यालयमा सूचना नदिएको, दर्ता किताब नराखेको, सूचना पाटीमा सूचना टाँस नगरेको अवस्थामा निजलाई एक महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।
- कसैले माथि उल्लेख गरेका कसुर बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा निजलाई पन्ध्र दिनसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।
- पटकेलाई सजाय पुनः सोही काम गरेमा निजलाई पटकै पिच्छे उल्लिखित सजायको दोब्बर सजाय हुनेछ ।
- यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको उल्लङ्घन गर्ने व्यक्तिलाई सजाय गर्ने अधिकार श्रम कार्यालयलाई हुनेछ ।
- श्रम कार्यालयले गरेको सजायउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र श्रम अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

### ३.२.७ मानव बेचविखन र ओसारपसार (नियन्त्रण) सम्बन्धी ऐन ,२०६४

यो ऐनले व्यक्तिको खरिदबिक्री लगायत मानव बेचविखन, आयातनिर्यात, कसैलाई वेश्यावृत्तिमा प्रयोग गर्नु, मानव अंग झिक्नु, शोषण वा यौन कार्यका लागि कुनै मानिसलाई घर वा बसेको स्थानबाट टाढा लिनु जस्ता क्रियाकलापहरूलाई मानव बेचविखन र ओसारपसार भनेर परिभाषित गरेको छ । यो ऐनले त्यस कार्यमा संलग्न हुने विरुद्ध विभिन्न प्रकारका सजायहरूको व्यवस्था पनि गरेको छ । साथै यसले विदेशमा बेचिएका नेपाली नागरिकको उद्धार, पुनर्स्थापना र पुनर्मिलन सम्बन्धी कानुनी व्यवस्था समेत गरेको छ ।

### ३.२.८ बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा समग्र बालअधिकारलाई समेट्दै प्रत्येक बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन गर्नुलाई बालबालिका सम्बन्धी राष्ट्रिय नीतिको प्रमुख उद्देश्यका रूपमा उल्लेख गरिएको छ । नीतिका अन्य उद्देश्यहरू देहायबमोजिम छन्:

१. सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने,
२. बालबालिका जन्मनुअघि र जन्मेपछि उनीहरूलाई आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,
३. आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजहरूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बाल सहभागिता अभिवृद्धि गर्ने,
४. बालबालिकाप्रतिको विभेद अन्त्य गर्ने, आदि रहेका छन् ।

### ३.२.९ बालश्रम निवारणका लागि राष्ट्रिय गुरुयोजना

**(क) पृष्ठभूमिः**

बालश्रम निवारण गर्ने उद्देश्यका साथ पहिलो राष्ट्रिय गुरु योजना (२०६१-२०७१) तर्जुमा गरी कार्यन्वयन गरिएको थियो । यसबाट बालश्रम निवारणका लागि महत्वपूर्ण आधारहरू तयार भएका थिए । त्यसैगरी पहिलो योजनाको अवधि नसकिदै दोस्रो गुरुयोजना (२०६६-२०७६) तयार गरियो । उक्त राष्ट्रिय गुरुयोजनाले श्रमिक बालबालिकाको उद्धारका लागि राम्रो वातावरण सृजना गर्ने लक्ष्य लिएको थियो, जसले उक्त लक्ष्य हासिल गर्नु समानान्तर विधि (Parallel Track) अवधारणा अनुशरण गरेको थियो । उक्त अवधारणामा दुईवटा पक्ष छन् पहिलो, श्रम बजारमा जाने सम्भावना भएका बालबालिकालाई श्रम बजारमा जानबाट रोकथाम वा बचावट गर्ने र दोस्रो, अगाडि नै श्रम बजारमा रहेका बालबालिकाको समयमा सुधारात्मक वा उपचारात्मक विधि अवलम्बन गर्ने । उक्त राष्ट्रिय गुरु योजनाले तल उल्लेखित रणनीति अवलम्बन गरेको थियो ।

- नीति, कानुन र अनुसन्धानको खाका
- उपयुक्त वातावरण निर्माण
- बालबालिका र उनीहरूको परिवार बीचमा प्रत्यक्ष मध्यस्थता
- सामाजिक सहयोग र अन्य साझेदारी ।

दोस्रो गुरुयोजनाको अवधि नसकिदै हालै समसामायिक परिस्थितिलाई समेत मध्यनजर गर्दै नयाँ बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) तयार गरिएको छ । उक्त योजनाले १० वर्षभित्रमा नेपालबाट सबै प्रकारका बालश्रम पूर्णरूपमा निवारण गरी मुलुकलाई बालश्रम रहित बनाउने लक्ष्य लिएको छ । गुरुयोजनामा २०७९ सम्ममा निकृष्ट प्रकारको तथा शोषणयुक्त बालश्रम निवारण गर्ने र २०८२ सालसम्ममा सबै किसिमका बालश्रम निवारण गर्ने उल्लेख छ । यसका लागि सार्वजनिक तथा सामाजिक संयन्त्र एवम् संरचनाहरूको संस्थागत क्षमता विकास गर्ने र सामाजिक पुनर्स्थापनाको लागि आर्थिक विकल्पहरू प्रदान गर्न साझेदारी कार्यक्रमलाई अभियानको रूपमा संचालन गर्ने लक्ष्य लिएको छ ।

बालश्रम (निषेध र नियमित गर्ने ऐन) २०५६ को दफा ३ बमोजिम बालश्रमको दायरामा परेका र पर्न सक्ने सबै बालबालिकालाई यस गुरुयोजनाले लक्षित गरेको छ । यसैगरी बालश्रमको जोखिममा रहेका बालबालिका र बालश्रममा रहेका बालबालिकाका परिवारलाई पनि यस गुरुयोजनाले सम्बोधन गरेको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १३८ बाट परिभाषित बालश्रम तथा महासन्धि नं.१८२ बाट परिभाषित निकृष्ट प्रकारको तथा शोषणयुक्त बालश्रम समेत गरी हरेक स्थानका सबै प्रकृतिका बालश्रम र औपचारिक तथा अनौपचारिक क्षेत्रका ५ देखि १७ वर्ष उमेर समूहको बालश्रमलाई यस गुरुयोजनाले समेटेको छ । गुरुयोजनाले पहिचान गरी प्राथमिकतामा राखेका बालश्रमहरू निम्न तालिकामा प्रस्तुत गरिएको छ । बालश्रममा परेका बालबालिकाको नियमित अनुगमन, उद्धार, खोजी गरी प्रत्यक्ष कार्यक्रममार्फत समाजमा पुनर्स्थापना गर्ने र बालश्रमको जोखिममा परेका बालबालिकाको परिवारका लागि रोकथाममूलक कार्यक्रम तथा आवश्यक सहयोग योजनाले उपलब्ध गराउने कुरा उल्लेख गरेको छ ।

**खास लक्षित समूहकोरूपमा पहिचान गरिएका बालश्रमहरू**

१. घरेलु बालश्रम,
२. बाल भरिया,
३. कृषि बालश्रम,
४. लागु पदार्थ संकलन र बेचविखन तथा ओसार-पसारमा संलग्न बालश्रम,
५. बुनाई बालश्रम,
६. ईट्टा उद्योगको बालश्रम,
७. खानी क्षेत्रको बालश्रम,
८. मनोरञ्जन क्षेत्रको बालश्रम (यौनशोषण समेत)
९. यातायात क्षेत्रको बालश्रम,
१०. जरी तथा बट्टा भराईमा संलग्न बालश्रम,
११. छिमेकी देशमा पुऱ्याइएका बालश्रम,
१२. यान्त्रिक वा रासायनिक क्षेत्रमा काम गर्ने बालश्रम,
१३. माग्ने काम गरिरहेका बालश्रम,
१४. सडक व्यापारमा संलगन बालश्रम,
१५. जडिबटी संकलन गर्ने बालश्रम,
१६. भौतिक पूर्वाधार क्षेत्रको बालश्रम तथा
१७. होटेल रेष्टुराँको बालश्रम

यो योजनालाई कार्यान्वयन गर्नका लागि केन्द्रमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा बालश्रम निवारण समितिको गठनको व्यवस्था छ । बालश्रम निवारण गर्न प्रदेश तहमा प्रदेश सरकार र स्थानीय तहमा स्थानीय सरकारको समेत महत्वपूर्ण जिम्मेवारी रहने कुरा योजनामा उल्लेख छ । यसबाहेक सबै क्षेत्रका सरोकारवालाहरूले बालबालिकालाई बालश्रममा नलगाउने प्रतिवद्धता जनाउनु पर्ने व्यवस्था समेत योजनाले उल्लेख गरेको छ । बालश्रम निवारणका राष्ट्रिय गुरुयोजनाको अवधारणागत खाका अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### (ख) **गुरुयोजनाको रणनीतिहरू**

वि.सं. २०८२ (सन् २०२५) सालसम्ममा सबै प्रकारका बालश्रम निवारण गर्ने उद्देश्य लिएको गुरुयोजनाका निम्न ५ वटा प्रमुख रणनीतिहरू रहेका छन् ।

१. बालश्रम निवारण सम्बन्धी नीतिगत, कानुनी र संस्थागत व्यवस्थामा सुधार गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने,
२. बालश्रम निवारणसँग सम्बद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने,
३. बालश्रममा परेका बालबालिकाको नियमित खोजी, अनुगमन, उद्धार र पुनर्स्थापना गर्ने,
४. प्रत्यक्ष लक्षित कार्यक्रम मार्फत बालश्रमको जोखिममा परेका बालबालिका तथा तिनका परिवारका लागि आवश्यक सहयोग उपलब्ध गराउने,
५. सरोकारवालाहरू बीच सहकार्य, समन्वय र सञ्जाल स्थापना गरी संचालन गर्ने ।

### (ग) **जिम्मेवार निकाय, अपेक्षित जिम्मेवारी र भूमिका**

गुरुयोजनाको सफल कार्यान्वयनका लागि सबै तहका सरकारी, गैरसरकारी र सामाजिक संघसंस्थाको सहयोग र प्रतिबद्धता आवश्यक छ । सो सम्बन्धमा विभिन्न तहका सरकार र अन्य सरोकारवालाहरूको भूमिका निम्नानुसार संक्षिप्तमा प्रस्तुत गरिएको छ :-

**संघीय तहः** गुरुयोजना कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रहेको छ । गुरुयोजना कार्यान्वयनमा प्रत्यक्ष रूपमा संलग्न हुने मन्त्रालयहरूमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, शिक्षा विज्ञान तथा प्रविधि, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसंख्या, संञ्चार तथा सूचना प्रविधि, परराष्ट्र, कृषि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण रहेका छन् । यसका अतिरिक्त केन्द्रीय निकायहरूमा राष्ट्रिय योजना आयोग, बालबालिका खोजतलास समन्वय केन्द्र र राष्ट्रिय बाल अधिकार परिषद् परोक्ष रूपमा रहेका छन् । यसका अतिरिक्त केन्द्रीय तहमा रहेका विभिन्न निकायहरूको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहेको छ ।

**प्रदेश तहः** बालश्रम निवारण गर्न प्रदेश सरकारको समेत महत्वपूर्ण जिम्मेवारी एवं भूमिका रहेको छ । यो गुरुयोजनाको सफल कार्यान्वयनका लागि प्रदेशका सम्बन्धित (हालको सामाजिक विकास मन्त्रालय) मन्त्रालयले बालश्रम निवारण सम्वन्धमा अनुगमन, नीतिगत निर्देशन र आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्ने गराउने जिम्मेवारी रहेको छ । त्यसको लागि प्रदेश तहमा बालश्रम निवारण सम्बन्धी राष्ट्रिय नीति एवं कानून विपरीत नहुने गरी बालश्रम निवारण सम्वन्धमा आश्यकता अनुसार नीतिगत, कानूनी एवं संस्थागत व्यवस्था गर्नु पर्ने अवस्था रहेको छ ।

**स्थानीय तह** : गुरुयोजना कार्यन्वयनमा स्थानीय तहको जिम्मेवारी र भूमिका गहन रहेको छ । घरपरिवारदेखि उद्योग प्रतिष्ठानसम्म बालश्रम भए नभएको अनुगमन गर्ने, बालश्रम निवारणका कार्यक्रम संचालन गर्ने र स्थानीय स्तरमा चेतना अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ । ग्रामीण क्षेत्रबाट बालश्रम आपूर्ति हुने सम्भावना बढी भएकोले आपूर्ति नियन्त्रणको कार्य गाउँपालिकाको जिम्मेवारीमा रहेको छ भने बालश्रम उपभोग गर्ने क्षेत्र सामान्यतः शहर हुने भएकोले बालश्रम निषेध र निवारणको मुख्य जिम्मेवारी गाउँपालिका र नगरपालिकाहरूको रहेको छ ।

**नागरिक समाज, गैह्रसरकारी संस्था, संचार क्षेत्र र प्राज्ञिक क्षेत्र** : बालश्रम निवारणको सम्बन्धमा नागरिक समाज, गैरसकारी संस्था र संचार जगतले खासगरी जनचेतना अभिवृद्धि गर्ने सरकारी निकायको समन्वयमा बालश्रममा परेका बालबालिकाको उद्धार गर्न सहयोग पुऱ्याउनुको साथै यस्ता बालबालिकालाई मनोपरामर्श जस्ता सेवा समेत प्रदान गर्ने गर्छन् । साथै सामाजिक परिचालन, बालश्रम पहिचान र रिपोर्टिङ्गमा सहजीकरण तथा समाज र सरकार बीच सम्पर्क बिन्दुको रूपमा पनि यी क्षेत्रलाई जिम्मेवार बनाइएको छ । यसैगरी बालश्रम न्यूनीकरणका लागि अध्ययन अनुसन्धान गर्न प्राज्ञिक क्षेत्रलाई परिचालन गर्ने गरी जिम्मेवारी तोकिएको छ ।

**व्यावसायिक तथा निजी क्षेत्र** : बालश्रम निवारणका लागि व्यावसायिक तथा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । व्यावसायिक तथा निजि क्षेत्र नै बालश्रमिकको माग हुने क्षेत्र भएकोले बालश्रम निवारणका लागि यस क्षेत्रको महत्वपूर्ण भूमिका हुन्छ । बालबालिकालाई बालश्रमबाट पीडित बालबालिका र तिनका परिवारलाई वैकल्पिक रोजगारीको व्यवस्था गरिदिने जिम्मेवारीसमेत यस क्षेत्रबाट वहन हुने अपेक्षा गरिएको छ । गुरुयोजना कार्यान्वयनमा सरकारलाई सहयोग गर्ने र बालश्रम निवारणका लागि स्थापित संजाललाई सक्रिय गराउने भूमिका पनि यस क्षेत्रले खेल्नेछ ।

**ट्रेड युनियन** : बालश्रम निवारणमा ट्रेड युनियनहरूले खासगरी औपचारिक क्षेत्रमा बालश्रम भए/नभएको पहिचान गर्ने, बालश्रम भएको भए तत्काल उद्धार र पुनर्स्थापनाका लागि सक्रिय रहने तथा बालश्रममा रहेका परिवारलाई रोजगारी प्रदान गर्न पहल गर्ने जस्ता भूमिका निर्वाह गर्नेछन् । ट्रेड युनियनले व्यावसायिक, व्यापारिक तथा औद्योगिक

क्षेत्र र समाजका बीच मध्यस्थताको भूमिका प्रभावकारी रूपमा खेल्न सक्ने हुनाले उनीहरूलाई यस्तो भूमिकामा परिचालन गरिनेछ ।

### ३.२.१० स्थानीय सरकार संचालन ऐन, २०७४

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीतिको अन्त्य गर्ने गराउने उल्लेख छ । स्थानीय सरकारले औपचारिक र अनौपचारिक क्षेत्रमा बालश्रमिक भए/नभएको अनुगमन गर्ने, बालश्रम निवारणका कार्यक्रम संचालन गर्ने र स्थानीय स्तरमा चेतना अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ । सामान्यतः बालश्रमको आपूर्ति ग्रामीण क्षेत्रबाट हुने र उपभोग शहरी क्षेत्रमा हुने भएकोले बालश्रम निषेध र निवारणको मुख्य जिम्मेवारी गाउँपालिका र नगरपालिकाहरूको रहनेछ ।

### ३.२.११ प्रदेश सरकार कार्य विभाजन नियमावली,२०७४

प्रत्येक प्रदेशमा प्रदेश सरकारको कामको जिम्मेवारी विभाजन गर्नका लागि प्रदेश सरकार कार्यविभाजन नियमावलीको व्यवस्था गरिएको हुन्छ । उदाहरणको लागि कर्णाली प्रदेश सरकारको मिति २०७४ साल फागुन ६ गतेको निर्णय अनुसार स्वीकृत कर्णाली प्रदेश सरकार कार्य विभाजन नियामाली, २०७४ अनुसार सामाजिक विकास मन्त्रालयको ५८ वटा कार्य जिम्मेवारीहरू रहेका छन्, जसमा बालश्रम न्यूनीकरण सम्बन्धमा निम्न कार्यहरू समावेश छन् :-

१. बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,
२. श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रम शक्ति योजना,
३. औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरूपण,
४. कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन ।

सो अनुसार कर्णाली प्रदेश सरकारले श्रम तथा रोजगार प्रबर्द्धन नीति, २०७५ स्वीकृत गरी कार्यान्वयनमा समेत ल्याएको अवस्था छ । जसको नीति ४ मा बालश्रम, बाधा श्रम तथा बाध्यकारी श्रम अभ्यासलाई उन्मूलन गर्दै रोजगारीमा महिला तथा सीमान्तकृत वर्गको समान पहुँच बढाइने कुरा उल्लेख गरेको छ । बालश्रम अन्त्य गर्नको लागि नीतिमा निम्नानुसार व्यवस्था गरेको छ :-

- प्रदेशभित्र बालश्रमको अवस्थाबारे अध्ययन एवम् पहिचान गरी बालश्रम उन्मूलनका लागि कानुन बनाई बालबालिकालाई श्रमिकका रूपमा काम लगाउने उपर कारबाही गर्ने व्यवस्था मिलाइनेछ ।
- हाल प्रदेशभित्र श्रमिकको रूपमा काममा लगाइएका बालबालिकाहरूको पहिचान गरी तिनीहरूको उद्धार, व्यवस्थापन र पुनःस्थापनाको कार्य गरिनेछ ।

## ३.२.१२ सामाजिक सुरक्षा र बालबालिका

नेपालको संविधानको धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था भएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ, र दफा १८ मा राज्यको दायित्व अन्तर्गत विशेष संरक्षणको आवश्यकता भएका बाल-बालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ भन्ने उल्लेख भएको छ । साथै ऐनको दफा ४८ अनुसार विभिन्न १३ समूहका बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानिएको छ ।

**विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाः**

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबाआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिका मध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफुले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानुन विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धुम्रपान, मद्यमान एवं अन्य लागु औषधको कुलतमा फसेका, एच. आई. भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाई भएका,

(ञ) बालबालिका विरुद्धको कसुरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा वा बाबु मध्ये एक गुमाएका, बेपत्ता भएका वा आफु नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,

(ठ) विपन्न दलित समुदायका बालबालिका,

(ड) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

*स्रोतः बालबालिका सम्बन्धी ऐन, २०७५*

### ३.२.१३ बालबालिका प्रत्यक्ष लाभान्वित हुने केही प्रमुख कार्यक्रम तथा सेवा सुबिधाहरू

शिक्षा, स्वास्थ्यजस्ता कार्यक्रमहरूबाट बालबालिका प्रत्यक्ष रूपमा लाभान्वित हुने क्रम बढ्दो छ । बालश्रम निवारण कोष, आपत्कालिन बाल उद्धार कोष, बालगृह, बाल सुधार गृह, द्वन्द्व पीडित बालबालिकाका लागि सहयोग, सडक बालबालिका मुक्त अभियान कार्यक्रम, विद्यालय बिमुख किशोरीको बहुआयामिक विकास कार्यक्रम, "सुनौला हजार दिन, पोषणका लागि समुदायको क्रियाशिलता आयोजना", सामुदायिक रेखदेखमा सङ्कटासन्ना बालबालिकाको पारिवारिक संरक्षण सेवा, बाल विवाह, बाल यौन शोषण विरुद्धका सचेतना कार्यक्रम, एकीकृत बाल स्वास्थ्य एवम् पोषण कार्यक्रम, राष्ट्रिय खोप कार्यक्रम, समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम, निःशुल्क औषधी तथा उपचार, विद्यालय दिवा खाजा कार्यक्रम, निःशुल्क विद्यालय पाठ्यपुस्तक वितरण, २५ भन्दा बढी विविध किसिमका छात्रवृत्तिहरू लगायतका कार्यक्रमहरूबाट बालबालिका प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।


यसैगरी प्रदेश सरकारले तपसिलका बाल संरक्षण सम्बन्धी विशेष कार्यक्रम संचालन गरेका छन् ।

| प्रदेश | कार्यक्रम |
|---|---|
| प्रदेश नं. १ | बालबालिकासँग प्रदेश सरकार : स्थानीय तहसँगको सहकार्यमा बालबालिका विरुद्ध हुने सबै प्रकारको शोषण, दुर्व्यवहार, बालश्रम, बाल विवाह लगायतका भेदभावको अन्त्य गर्दै बालमैत्री प्रदेश निर्माण गर्ने |
| प्रदेश नं. २ | "बेटी पढाऊ, बेटी बचाऊ" र "छोरी बीमा योजना" |
| प्रदेश नं.३ | "प्रदेश र स्थानीय तहको एउटै सन्देश, बाल विवाह मुक्त हाम्रो देश" र आपतकालीन बाल संरक्षण कोषको स्थापना |
| गण्डकी प्रदेश | बाल अधिकार सुनिश्चितताको लागि बालमैत्री स्थानीय तह घोषण कार्यक्रम |
| प्रदेश नं. ५ | बालमैत्री पालिका बनाउन स्थानीय तहलाई प्रोत्साहन गरिने |
| कर्णाली प्रदेश | छोरी बुहारी मूल प्रवाहीकरण कार्यक्रम, बैंक खाता छोरीको : सुरक्षा जीवनभरीको, मुख्यमन्त्री महिला तथा दलित आयआर्जन कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम आदि । |
| सुदुरपश्चिम प्रदेश | बाल विवाह न्यूनीकरण गर्ने अभियान "सानै छु म बढ्न देऊ, विवाह हैन पढ्न देऊ" |

नेपाल सरकाले बालश्रम निवारण सम्वन्धमा कानूनी तथा नीतिगत व्यवस्था गरे तापनि कार्यक्रमको रूपमा अपेक्षाकृत उपलब्धि प्राप्त गरेको पाइदैन । केन्द्रीय बाल कल्याण समितिले महिला, बालबालिका तथा समाज कल्याण तथा जेष्ठ नागरिक मन्त्रालयसँगको समन्वय र अन्य सरकारी तथा गैरसरकारी निकायहरूको सहयोगमा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन बमोजिम काठमाडौं उपत्यकालाई सडक बालबालिका मुक्त बनाउने अभियान सञ्चालनमा छ । यो अभियान अन्य प्रमुख

शहरहरूमा विस्तार गर्ने योजना रहेको छ । बालश्रम निवारणका लागि सम्बद्ध मन्त्रालयहरूसँग समन्वय तथा सहजीकरण गरी बाल अधिकार संरक्षण सम्बन्धी व्यापक चेतना जागरण गर्ने, कार्यलाई समितिले निरन्तरता दिएको छ । यो लगायत समितिले आपत् तथा जोखिममा परेका बालबालिकाको उद्धार तथा उनीहरूलाई सहयोग, बालगृह अनुगमन, बालबालिका सम्बन्धी घटना व्यवस्थापन, सरोकारवाला निकायको क्षमता अभिबृद्धि, बालबालिका खोजतलास समन्वय केन्द्र (नि:शुल्क फोन नं. १०४) सञ्चालन तथा व्यवस्थापन जस्ता कार्यलाई पनि निरन्तरता दिइएको छ । जोखिममा परेका बालबालिकाको तत्काल उद्धार, संरक्षण, सहयोगका लागि बाल हेल्पलाइन नं.१०९८ (दश नौ आठ) सञ्चालन तथा व्यवस्थापन सहयोग र सुदृढीकरण, धार्मिक संघसंस्थामा आवासीय रूपमा रहेका बालबालिकाको तथ्याङ्क संकलन तथा अनुगमन, बालविवाह रोकथाम तथा न्यूनीकरण, बालबालिका बेचविखन तथा ओसारपसार रोकथाम, पिछडिएका क्षेत्रमा बालअधिकार सचेतना अभिवृद्धि जस्ता कार्यक्रम रहेका छन् । यसैगरी, स्थानीय तहमा बाल अधिकारमा आधारित सहभागिता-मूलक योजना तर्जुमा, बालबालिका सम्बन्धी घटना व्यवस्थापनको विषयमा सहजीकरण गर्ने तथा बाल अधिकार समिति गठन गर्ने व्यवस्था रहेको छ ।

**चित्र ३.१ : बाल हेल्पलाइनबाट लाभान्वित बालबालिकाको संख्या**




स्रोतः केन्द्रीय बालकल्याण समिति, २०७५ * फागुनसम्म

यसैगरी जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आपतकालिन उद्धार, राहत, मनो विमर्श, पारिवारिक पुनर्मिलन, पुनः एकीकरण तथा पुनर्स्थापनाको लागि काडमाडौं, मकवानपुर, चितवन, कास्की, मोरङ, उदयपुर, बाँके, सुर्खेत, कैलाली, सुनसरी, दैलेख र बाजुरामा बाल हेल्पलाइनहरू (१०९८) संचालित अवस्थामा छन् । प्रस्तुत १२ जिल्लामा संचालित नि:शुल्क बाल हेल्पलाइनबाट आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म क्रमशः २२२६, ४०६९, ३७११, २४१०, ३३८५ जना बालबालिकाको आपतकालिन उद्धार गरी राहत, मनोविमर्श र पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गरिएको छ भेन आ.व. २०७५/०७६ को फागुन महिनासम्म १९६६ जना बालबालिकाले यो कार्यबाट लाभान्वित भएको तथ्याङ्कले देखाउँछ । नेपाल सरकारले जोखिम अवस्थामा रहेका बालबालिकाहरूलाई सेवा प्रवाह गर्दै आएको अवस्था छ र यो अवस्थालाई हेर्दा दिन प्रतिदिन विभिन्न कारणले गर्दा बालबालिकाहरू जोखिमपूर्ण अवस्थातिर जाने अवस्था न्यून हुन सकेको छैन् ।

परिच्छेद ४

# बालश्रमका कारण तथा सुझावहरू

## ४.१ नेपालमा बालश्रमका समस्या र चुनौतिहरू

नेपाल उच्च बालश्रम दर रहेको मुलुकमध्ये एक हो । यहाँ बालश्रमको समस्याप्रति जागरूकता आउन थालेको धेरै भएको छैन । सन् १९९० को दशक आएपछि मात्र मुलुकमा बालश्रमको समस्यालाई महशुस गरिएको हो । धनी र सम्पन्न देशहरूको तुलनामा विकासशील देशहरूमा बालापन संरक्षण र सम्बर्द्धनका लागि पर्याप्त सुबिधाहरूको अभाव रहन्छ । त्यस्ता विकासशील देशहरूमा परिवार कृषिमा आश्रित हुने तथा परिवारको कमजोर आर्थिक अवस्थाका कारण बालबालिकालाई श्रममा लगाउन बाध्य हुन पुग्दछन् ।

नेपालमा हरेक तीन बालबालिकामध्ये एक बालबालिका श्रमिकको रूपमा बाँचिरहेका छन् (BK and Bista, 2012) । बालश्रमले शिक्षाको अपर्याप्तता, सरकारको न्यून क्षमता र समाजको गलत स्वीकार्यतालाई सजिलै देखाउँदछ । बालश्रमले बालबालिकाको अन्तरनिहित क्षमतालाई नष्ट गर्दछ । उनीहरूलाई गरिबी र अभावको चक्रबाट बाहिर आउने अवसरबाट सँधै वञ्चित गरिदिन्छ । बालश्रमले यसको पीडित बालबालिकालाई मात्र नभएर यसको संरक्षण गर्ने परिवारसमेतलाई पछाडि पार्दछ ।

नेपालमा विशेषगरी अनौपचारिक क्षेत्रमा हुने बालश्रम विरूद्ध अनुगमन गर्ने र आवश्यक कानूनी प्रक्रिया अगाडि बढाउने जिम्मेवारी श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको हो । तथापि संघीयताको स्वरूपमा राज्यको पुनर्संरचना भएपछि यसको जिम्मेवारी प्रदेश सरकार र स्थानीय तहमा समेत रहेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपालमा बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरूयोजना (२०७५-२०८५) लागु गरेको छ । यस योजनाले बालश्रम मात्र नभएर यसका व्यापक कारक तत्वहरू शिक्षा, गरीबी र स्वास्थ्यसँग सम्बन्धित मुद्दाहरू समेतको विश्लेषण गरेको छ ।

सामाजिक उत्तरदायित्वको कमी, बालबालिकाप्रति उदासिन राज्य व्यवस्था, बाल संरक्षणको सङ्गठनात्मक संरचना नहुनु, नियन्त्रण र नियमनको अभाव लगायतका कारणले नेपालमा बालश्रम विकराल समस्याको रूपमा रहेको छ । बालश्रमको निराकरणको लागि अन्तरसम्बन्धित कारणहरूको अध्ययन विश्लेषण आवश्यक छ । बालश्रम राष्ट्रिय सवालको विषय हो तर संघ, प्रदेश र स्थानीय तहका बीच यस सम्बन्धमा नीति, कार्यक्रम र समन्वयको अभाव रहेको छ ।

## ४.२ बालश्रमका कारणहरू

अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार पारिवारिक विपन्नता नै बालश्रमको सबभन्दा ठूलो कारण हो । थोरै भएतापनि बालबालिकाले गरेको कामबाट आएको आम्दानी घरपरिवारको गुजारा चलाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अर्कोतर्फ बालबालिकाले घरको काम हेरिदिए वा सानो बच्चाको रेखदेख गरिदिए बाबुआमा काममा जान पाउने हुँदा पनि बालबालिकाहरू घरको काममा संलग्न हुनु पर्ने अवस्था छ । तथ्यले पनि पुष्टी गरेको छ कि आर्थिक रूपले कमजोर मुलुकमा बालश्रमको संख्या पनि बढी छ ।

### *४.२.१ आर्थिक विपन्नता*

अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार पारिवारिक विपन्नता नै बालश्रमको सबभन्दा ठूलो कारण हो थोरै भएतापनि बालबालिकाले गरेको कामबाट आएको आम्दानी घरपरिवारको गुजरा चलाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैगरी बालबालिकाले घरको काम हेरिदिए वा सानो वच्चाको रेखदेख गरिदिए बावुआमा काममा जान पाउने हुँदा पनि बालबालिकाहरू घरको काममा संलग्न हुनु परेको अवस्था छ । त्यस्तै विशेषगरी पहाडी तथा हिमाली भेगका बालबालिकाको लागि कामबाहेक अरु कुनै अर्थपूर्ण विकल्पहरू पनि उपलब्ध छैनन् । नजिकमा विद्यालय नहुने भएकाले पनि गुणात्मक शिक्षा दिन नसक्नु र पढाई महंगो हुनुको कारणले उनीहरू बालश्रमतीर जान बाध्य हुन्छन् ।

नेपालमा आर्थिक सर्वेक्षण २०७५/७६ का अनुसार निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसंख्या १८.७ प्रतिशत रहेको अनुमान छ । अझैं बहुआयामिक गरिबीको दर त झन् धेरै (२८.६ प्रतिशत) रहेका छ । यस्तो गरिबीले बालश्रम लगायत समाजका विविध पक्षलाई असर गरेको छ । गरिबी निवारणको क्षेत्रमा सरकारी कार्यक्रम तथा लगानी प्रभावकारी हुन सकेको छैन । आर्थिक विपन्नताबाट बाहिर निकाल्नको लागि सरकारले अपनाएको दीगो जीवनयापनको व्यवस्था उपलब्धिमूलक हुन सकेको छैन् । आर्थिक विपन्नताको कारण परिवारले पनि आफ्ना बालबालिकाको क्षेत्रमा उचित लगानी गर्न सकेका छैनन् । फलस्वरूप बालबालिकाको शिक्षा, स्याहार र संरक्षणमा दिर्घकालिन असर पुगेको छ । परिवारले आर्थिक उपार्जनका क्रियाकलाप गर्न नसक्दा जीवनयापनकै लागि पनि अभिभावकसहित बालबालिका अरुको उद्योग-व्यवसायमा काम गर्न जाने भएकाले बालश्रम बढ्दो छ । श्रमिक सधैं श्रमिक नै हुँदा आर्थिक असमानता व्यापक रूपमा झाँगिने र विपन्नताको चक्रमा रहिरहने अवस्था विद्यमान देखिन्छ ।

### *४.२.२.सामाजिक, सांस्कृतिक रूपले बालश्रमको स्वीकार*

सामाजिक तथा सांस्कृतिक पक्षलाई हेर्दा बाल अधिकार परिपूर्ति गर्न चाहिने सामाजिक, साँस्कृतिक तथा धार्मिक मूल्य मान्यताहरूसँग कतिपय अवस्थामा बालबालिका हुर्काउने विषयसँग सम्बन्धित विद्यमान सामाजिक, साँस्कृतिक तथा धार्मिक मूल्य मान्यताहरू बेमेल रहेका छन् । हाम्रो समाज अझै पनि वर्ग विभेदपूर्ण, अधिनायकवादी एवं

पितृसत्तात्मक रहेको छ, जहाँ बालबालिका आफ्ना अविभावकहरूबाट गरिएको निर्णय मान्ने निरपेक्ष/निष्कृय पक्षको रूपमा रहेका छन् । बालबालिका र वयस्कहरूको सम्बन्ध अधिनायकवादी चरित्रको छ, जहाँ बालबालिकाहरू निरीह रूपमा रहेका छन् । यसैगरी पारिवारिक गरिबी, अभिभावकको अज्ञानता तथा न्यूनतम आवश्यकता परिपूर्तिमा कठिनाईले धेरै बालबालिकालाई बालश्रमतर्फ धकलेको छ । नेपालको धर्म, संस्कृति र परम्पराका कारणले गर्दा पनि धेरै बालबालिकाहरू काममा संलग्न हुन परिरहेको छ । आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार काम गर्नु पर्ने मान्यता राखी प्रायः धेरैजसो व्यवसायी पूर्खाले गर्दै आएको व्यवसायलाई नै अपनाउँदछन् । धेरैको यो मान्यता हुन्छ कि आमाबाबुले जुन काम गर्दछन्, छोराछोरीले पनि त्यही गर्नुपर्छ । यसैलाई मध्यनजर गर्दै सानैबाट त्यो व्यवसायको बारेमा सिकाइन्छ र काम गराइन्छ । नेपाल एउटा कृषि प्रधान देश भएकाले अत्याधिक जनताहरू कृषि पेशामा आधारित हुँदा धेरै बालश्रम कृषि क्षेत्रमै रहेका पाइन्छ । आजको यो आधुनिक युगमा अझैं पनि छोरीहरूलाई कृषि तथा घरेलु काममा लगाइन्छ । कतिपय समुदाय तथा स्थानहरूमा बाल विवाह, छाउपढी जस्ता हानिकारक अभ्यासहरू कायमै रहेका छन् भने कमलरी प्रथा उन्मूलन भएतापनि त्यसको अवशेष अझैं पनि भेटिने गर्दछ । कामकाजी परिवारले पढाउने वहानामा बालबालिकालाई शहरमा लगि घरेलु काममा लगाउने अभ्यास पनि बढ्दो छ । परिवारले समाजको हुनेखाने वर्गले बालश्रमको प्रयोगलाई गर्वको रूपमा स्वीकार गर्दै आएका छन् । आर्थिक रूपले विपन्न वर्गले पेटभरी खानको लागि कामको खोजी गर्ने र धनी व्यक्तिले कम मूल्यमा काम गर्ने बालबालिकाको खोजी गर्ने कार्य गैरकानुनी भएतापनि आपसी सहमतिमा काममा लगाउने गरेको पाइन्छ ।

### ४.२.३. कडा कानुन नहुनु, कानुन कार्यान्वयको लागि संरचनाको अभाव र कार्यान्वयनको फितलोपन

बालबालिका सम्बन्धी ऐनले १४ वर्षमुनिका बालबालिकालाई श्रमिकको रूपमा प्रयोग गर्नु गैरकानुनी काम हो भनी परिभाषित गरेको छ । तथापि यस सम्बन्धमा बनेका कानुनले गरेको दण्ड-सजायको व्यवस्था न्यून छ । अर्कोतर्फ पहिलो सुनुवाई गर्ने निकाय श्रम तथा रोजगार कार्यालय सीमित मात्रामा मात्र छन्, जसले गर्दा कानुनको कार्यान्वयन नै फितलो हुन पुगेको छ । अर्कोतर्फ विद्यमान कानुनले ठूलो संख्यमा बालश्रम रहेको कृषि, घरेलु लगायतका अनौपचारिक क्षेत्रलाई समेटन सकेको छैन । राज्य संरचना संघीय ढाँचामा गइसके तापनि बालश्रम सम्बन्धी कानुनलाई संघीय स्वरूपमा ढालिएको छैन । बालबालिका सम्बन्धी ऐन, २०७५ र वर्तमान गुरुयोजना अनुसार मौजुदा बालश्रम सम्बन्धी ऐनको तालमेल मिलेको छैन । त्यस्तै बालश्रम निवारणको लागि बालश्रम कोषको व्यवस्था नभएको, प्रदेश र स्थानीय तहमा बालश्रम सम्बन्धी कानून बनी नसकेको अवस्था छ ।

### ४.२.४ घरेलु र व्यावसायिक क्षेत्रमा बालश्रमको बढ्दो माग, वैदेशिक रोजगार र कमाईप्रतिको मोह

सरकारले बालश्रमिकको प्रयोगलाई पूर्णरूपले निषेध गरेको छ । विश्वमै बालश्रम वयष्कको तुलनामा धेरै सस्तो श्रम शक्तिको रूपमा रहेको छ । न्यून ज्यालामा काम

लगाउन पाइने, जुनसुकै काम लगाउन सजिलो, बालश्रमिकको सङ्गठन नभएकोले सङ्गठित हड्ताल र आन्दोलन नहुने जस्ता कारणहरूले घरेलु तथा व्यावसायिक काम गराउन धेरै सजिलो हुन्छ । चिया, पानी, गुटका, पानजस्ता सामाग्रीहरू बेच्ने काम सजिलो र कम पूँजीमै गर्न सकिने हुँदा बालबालिकाहरूले आफै पनि यी व्यवसायहरू गरेको पाइन्छ । निर्माण प्रक्रियामा संलग्न हुने भौतिक निर्माण कार्यजस्ता जोखिमयुक्त कार्यमा ठेकदारहरूमार्फत कालोपत्रे गर्ने, बाटो खन्ने, आवश्यक सामाग्री ढुवानी गर्ने काममा बालबालिकाहरूको अत्याधिक प्रयोग भएको देखिन्छ । त्यसैले व्यावसायिक क्षेत्रमा अघोषित रूपमा बाल श्रमिकको माग वृद्धि हुँदै गएको छ । वैदेशिक रोजगारीमा १८ वर्ष नपुगी जान पाइँदैन तर आर्थिक उपार्जनको लागि उमेर घटाएर नागरिकता बनाउने, वैदेशिक रोजगार कम्पनीहरूले बालबालिकाहरूलाई विदेश पठाउने र विभिन्न शोषणमा परी विदेशमै अलपत्र रहेको अवस्था देखिन्छ । वैदेशिक रोजगारीमध्ये पनि यौन व्यवसायका लागि बालबालिकाहरूलाई विभिन्न देशमा पुऱ्याउने गरेका घटना सार्वजनिक भइरहेकै छन् । विपन्नताका कारणले कमाईप्रतिको मोहले गर्दा अभिभावकहरूकै सहमतिमा समेत बालबालिकालाई पठाइने गरिन्छ । भारतको रोजगारीमा जाने कुरामा कुनै नियमन नगरिने हुँदा के-कति बालबालिका भारत जान्छन् भन्ने कुरा यकिन गर्न सकिने अवस्था छैन । तथापि कतिपय अभिभावकहरूसँग र कतिपय विद्यालय छोडी आफै भारतमा काम गर्न जाने बालबालिकाको संख्या पनि उल्लेख्य रहेको छ । यसले बालश्रमिकलाई बढाएको मात्र होइन, बेचविखनमै पारेको अवस्था छ ।

### ४.२.५. युद्ध, द्वन्द्व तथा पारिवारिक विग्रह र बाल संरक्षणको अभाव

युद्धमा धेरै मारिने कारणले गर्दा बालबालिका अनाथ हुन्छन् र तिनीहरू बालश्रमतिर धकेलिन्छन् । माओवादीले संचालन गरेको जनयुद्धको बेला माओवादी प्रभावित ठाउँहरूमा **"एक घर, एक बालबालिका"** कार्यक्रम संचालन गरेको थियो । ती बालबालिकाहरूलाई जनमिलिसियामा भर्ती गरी युद्धकलाको तालिम दिई हातहतियारसहित युद्धमा प्रयोग गरिन्थ्यो । त्यस्ता बालबालिकाले आफ्ना अभिभावक समेत भेट्न पाउँदैन्थ्ये । नेपालमा दश वर्षे जनयुद्धमा आधारित तथ्याङ्क अनुसार ५०० जना बालबालिकाहरूले ज्यान गुमाए, हजारौं प्रभावित भए, कैयौंले अभिभावक गुमाए ।

नेपाली समाज अहिले रूपान्तरणको चरणमा छ । यस्तो संक्रमणकालिन अवस्थामा समाजमा विभिन्न प्रकारका द्वन्द्वहरू सिर्जना हुन्छन् । त्यस्ता द्वन्द्वहरू सही ढंगले रूपान्तरण हुन नसक्दा त्यसले सिर्जना गर्ने संकटासन्नताले बालबालिकाहरू श्रमिक हुन बाध्य हुन्छन् । परिवर्तित समय अनुसार परिवारको संरचनामा बदलाव आएको छ । परम्परागत ढंगले रहेको संयुक्त परिवार प्रणाली विखण्डन भई एकल परिवारमा रूपान्तरण हुने क्रम बढ्दो छ । त्यस्तै रोजगारीका कारणले परिवारहरू छुटिएर बस्नु पर्ने अवस्था पनि बढ्दो छ । परिवारमा अधिकार र स्वतन्त्रताको उपयोग व्यवस्थित नहुँदा हिंसा, द्वन्द्व र सम्बन्धविच्छेदका घटनाहरू वृद्धि भएका छन् । यस्ता घटनाहरूले बाल

संरक्षणमा संकट ल्याउँछ, जसले गर्दा संरक्षण विहिन बालबालिकाहरू बालश्रमतिर धकेलिन्छन् । परिवारमा विभिन्न मनमुटावको कारणले विवाद बढ्ने तथा विभिन्न प्रकारको हिंसा हुने भएको कारणले गर्दा बालबालिकाहरू बालश्रमतर्फ जाने गर्दछन् ।

### *४.२.६ गुणस्तरीय शिक्षाको अभाव र शैक्षिक वातावरणको कमी*

नेपालको विशेषगरी हिमाली र पहाडी क्षेत्रमा विद्यालयको पर्याप्त सुबिधा छैन । विद्यालय धेरै टाढा (२-३ घण्टा पैदल हिंड्नु पर्ने) हुनाले पुग्न गाह्रो हुने, विद्यालय जाँदा-आउँदा जोखिम (मानिस, जनावर, खोला तथा भीरबाट) हुने, करिब उमेर ढल्केपछि मात्र विद्यालय शिक्षा शुरु गर्ने, विद्यालयमा भौतिक साधानस्रोत नहुने, शिक्षकहरू उपलब्ध नहुने आदि कारणले गर्दा शैक्षिक गुणस्तर कामय हुन सकेको छैन । यसले गर्दा बालबालिकाहरू विद्यालयप्रति आकर्षित नहुने र विस्तारै काममा संलग्न हुँदै जाने गरेको पाइन्छ ।

अर्को तर्फ परिवारले पनि पढाइमा भन्दा कामलाई महत्व दिने सानो उमेरमै विवाह गरिदिने, कृषि तथा घरेलु काममा संलग्न गराउने जस्ता क्रियाकलापले गर्दा बालबालिकाले शैक्षिक वातावरण पाउँदैनन जसले गर्दा बालश्रम प्रति आकर्षित हुँदै जान्छन् । पछि मात्र विद्यालय जान शुरु गर्ने जस्ता कारणहरूले गर्दा शैक्षिक गुणस्तर हुँदैन । यसले गर्दा बालबालिकाहरू विद्यालय नगई घरमै विस्तारै काममा संलग्न हुने गर्दछन् । परिवारले पढाइभन्दा कामलाई महत्व दिने, घरमा सौतेलो बाबु तथा सौतेनी आमाको कारण शिक्षामा प्रोत्साहन नगर्ने, सानो उमेरमा परिवार पाल्ने जिम्मेवारी आउनु जस्ता कारणले विद्यालय गएतापनि शैक्षिक वातावरण नपाउनुले बालबालिकाहरू बालश्रमतिर जान बाध्य हुन्छन् ।

### *४.२.७. बदलिंदो सामाजिक परिवेश, बसाइसराई, र संगठित अपराधमा वृद्धि*

समाज विश्वव्यापीकरणसँगै आधुनिकतातर्फ उन्मुख छ, फलस्वरूप अधिकार र स्वतन्त्रताको नाममा देखासिकी गर्ने प्रवृत्तिले बालबालिका घरबाट शहर जानेक्रम पनि बढेको छ । अर्कोतर्फ अभिभावकसहित नै बसाइसराई गरी शहरतर्फ परिवारै जाने क्रम पनि बढ्दो छ । शहरमा हुने खुल्ला समाज र संचारको पहुँचले गर्दा आवश्यकता, इच्छा आकांक्षा पनि बढदै जान्छन् । ती इच्छा पूरा गर्नलाई थप आयस्रोतको आवश्यकता पर्दछ । त्यसैले गर्दा बालबालिकाहरू पनि यातायातका साधनमा खलासीको काम गर्ने, पर्यटनको क्षेत्रमा भरिया हुने तथा मनोरञ्जन क्षेत्रमा सहयोगी हुने आदि जोखिमपूर्ण काममा संलग्न हुने गर्दछन् । प्राकृतिक वा अप्राकृतिक विपत्ले घरवार विहिन भई वा अभिभावक गुमाई बालबालिका सडकमा आउनु पर्ने अवस्था त छँदैछ ।

बालबालिकाहरूलाई पढाउने तथा अन्य सुबिधा दिने प्रलोभनमा एक स्थानबाट अर्को स्थानमा लगेर जबरजस्ती काम गराउने, भिख माग्न लगाउने, जोखिम र गैरकानुनी (यौन व्यवसाय, डान्सबारमा काम लगाउने, लागु औषध ओसारपसारमा प्रयोग गर्ने)

काममा संलग्न गराउने हुँदा बालश्रम बढेको छ । प्रायः देशका ठूला शहरहरूमा यस्ता घटना देख्न र सुन्न पाइन्छ । लागु औषध प्रयोगकर्ताहरूले बालबालिकाहरूलाई प्रयोग गर्ने प्रचलन बढ्दो छ । उनीहरूलाई प्रलोभनमा पारी न्यून पारिश्रमिकमा प्रयोग गर्न सकिने, दण्ड सजाय कम हुने, चाहेबमोजिम काममा लगाउन सकिने, निगरानी कम हुने जस्ता कारणले लागु औषध कारोबारमा बालबालिकाहरूको प्रयोगमा वृद्धि भएको पाइन्छ ।

### ४.२.८ विद्युतीय संचार तथा सामाजिक सञ्जालको दुरूपयोग

बदलिंदो सामाजिक परिवेश र सूचना प्रविधिको विकासले गर्दा सामाजिक सञ्जालको सहजै पहुँचमा बालबालिकाहरू पुग्ने गर्दछन् । बालबालिकाहरूले सामाजिक सञ्जालमा नयाँ साथीको खोजी गर्ने, साथी बनाउने र साथीको प्रलोभनमा फसेर विभिन्न शोषणमा पर्ने गरेको विभिन्न घटनाहरूले देखाउँछ । त्यस्तै विद्युतीय माध्यममा उपलब्ध हुने अश्लिल सामाग्रीहरू तथा गैह्रकानुनी क्रियाकलापको पहुँचमा पुग्छन् । यसले गर्दा उनीहरू शहरको खुल्लापनप्रति आकर्षित हुँदै जान्छन् । बालबालिकाले सामाजिक सञ्जालमार्फत नयाँ चीजवस्तुको प्रयोग गर्ने महत्वकांक्षा बढ्ने हुँदा त्यसको लालचमा बेखबर शहर पस्ने गर्दछन् । फलस्वरूप तिनीहरूले आफ्नो दैनिक आवश्यकता पूरा गर्ने क्रममा शहरी क्षेत्रमा हुने बालश्रमको माग पनि पूर्ति गर्ने गर्दछन् । ती मात्र हैन दुर्व्यसनी हुने, सर्कस तथा अश्लिल चलचित्रमा प्रयोग हुने, यौन व्यवसायमा संलग्न हुने र बेचविखनमा पर्ने समते ठूलो सम्भावना रहेको हुन्छ ।

### ४.२.९ बालबालिका क्षेत्रमा सरकारी लगानी न्यून र साझेदारहरूको चासोको कमी

स्थानीय निकाय हुँदा बालबालिकाको क्षेत्रमा न्यूनतम दश प्रतिशत खर्च गर्नु पर्ने नीतिगत व्यवस्था थियो । देश संघीय संरचनामा गइसकेपछि त्यस्तो बजेट व्यवस्था हुने प्राबधान छैन । स्थानीय सरकारले पनि भौतिक निर्माण कार्यमा बढी जोड दिएको र बालबालिकाको क्षेत्रमा न्यून बजेटको व्यवस्था गरेको पाइन्छ । बाल अधिकार संरक्षण र प्रबर्द्धन गर्न स्थापना भएका पुराना संरचना खारेज भएका र नयाँ संरचना स्थापना भइनसकेको अवस्था रहेको छ । नेपालको अधिकांश लगानी विकासका पूर्वाधार निमार्णमा खर्च हुने गरेको छ ।

आर्थिक तथा सामाजिक मुद्दाहरूमा संघदेखि समुदाय तहसम्म साझेदारहरूको प्राथमिकता र लगानीको विषय रहेको छ तर समग्रमा हेर्दा बालश्रम निवारणमा साझेदारको चासो पर्याप्त रहेको देखिदैन द्वन्द्व र असुरक्षाको कारण सरकारी बजेट सुरक्षा क्षेत्रमा बढी खर्च गर्नु हुन्छ । नीतिगत दृष्टिकोणले बालबालिकालाई प्राथमिक रूपमा संवेदनशिल भनिएतापनि बजेट विनियोजन र लगानीको दृष्टिले बालबालिकाको क्षेत्र उपेक्षित रेहेको छ । यतिसम्म कि सरकारले बालबालिकालाई बालश्रमबाट उद्दार गरी पुनर्स्थापना गर्ने ठाउँसमेत तयार गर्न सकेको छैन् । बालश्रमको विरुद्ध स्थानीय संघसंस्था

तथा नागरिक समाजले समेत पर्याप्त चासो दिएको देखिदैन् । त्यसैगरी बालश्रमका विषयलाई संचार माध्यमहरूले पनि प्राथमिकता दिई प्रचारप्रसार गरेको पाइँदैन ।

### ४.२.१० राजनीतिक प्रतिवद्धताको कमी

देशमा राजनीतिक परिर्वतन भएर संघीय गणतान्त्रिक व्यवस्थामा रूपान्तरण भए पनि राजनीतिक दलहरू बालश्रम निवारणप्रति संवेदनशील देखिदैनन् । अझ पनि कतिपय राजनीतिक दलका कार्यक्रममा बालबालिका तथा विद्यालयको प्रयोग गर्ने गरेको पाइन्छ । कुनै पनि औपचारिक तथा अनौपचारिक सभा समारोहमा बालश्रम निषेधका कुरा प्रस्तावको रूपमा प्रस्तुत वा छलफल गरिएको पाइदैन । अझैं कतिपय राजनीतिक व्यक्तित्वहरूले त आफैले बालश्रमिक प्रयोग गरेको सुनिन्छ ।

निर्वाचनको बेलामा दलको घोषणापत्र तथा अन्य दस्तावेजहरूमा बालश्रमको विषय उल्लेख गरेको भेटिदैन, बरु बालश्रम प्रयोग गर्नेहरूलाई राजनीतिक संरक्षण गरेको पाइन्छ । बालश्रम जस्तो अमानवीय तथा गैरकानुनी क्रियाकलापका विरुद्धमा दलका आफ्ना संयन्त्रहरूसमेत प्रयोग गरी अभियान चाल्नु पर्नेमा त्यसो गरेको देखिदैन । यसबाट प्रष्ट हुन्छ कि बालश्रम निवारणमा राजनीतिक प्रतिवद्धता प्रकट हुन सकेको छैन ।

**तालिका ४.१ : बालश्रमका कारणहरू**

| तत्कालीन कारणहरू | अन्तरनिहित कारणहरू | संचनागत तथा मूल कारणहरू |
|---|---|---|
| सीमित आर्थिक स्रोत हुनु वा पैसा नहुनु वा खाना नहुनु आधारभूत सामग्रीको मूल्य बढनु | परिवार छुटिनु र अनौपचारिक समाजिक सुरक्षा प्रणाली प्रभावकारी नहुनु | न्यून राष्ट्रिय आय, बदलिदो सामाजिक परिवेश |
| पारिवारिक ऋण ग्रस्तता | अशिक्षित बाबुआमा उच्च जन्मदर | जातजाति र क्षेत्र बीचको असमानता फरक व्यवसायिक शर्तहरू |
| घरायसी संकटहरू जस्तैः आयआर्जन गर्ने घरको सदस्यको मृत्यु वा विरामी हुनु, बाली नास हुनु वा उत्पादन घट्नु | बालबालिकासंग काम र शिक्षा प्रतिको संस्कारगत अपेक्षाहरू | सामाजिक संकटहरू जस्तैः युद्ध, आर्थिक संकट र महामारी |
| स्कुल नहुनु र भएकामा पनि गुणस्तर कमजोर हुनु वा खस्कनु | लिङ्ग, जातजाती, राष्ट्रियता र समुदाय प्रतिको विभेदकारी दृष्टिकोण | शिक्षा, आधारभूत सेवा र सामाजिक सुरक्षा लगायतका क्षेत्रमा आर्थिक तथा राजनीतिक प्रतिवद्धताको कमी |
| अनौपचारिक लघुउद्यम क्षेत्रमा सस्तो श्रमको माग हुनु | परिवारमा व्याप्त गरिबी वस्तुको उपभोग गर्ने र राम्रो जीवनस्तर प्रतिको अभिलाषा | बहिस्कृत समूहलाई सामाजिक समावेशीकरण नगरिनु कानूनको अभाव वा भएका कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्नु |
| पारिवारिक व्यवसाय वा खेतबारीको काममा श्रमिक राख्न वा रोजगारी दिन नस्कनु | बालबालिकालाई उनीहरूका परिवारप्रति वाध्यतात्मक रूपमा जिम्मेवारी बोध | परम्परागत रूपमा पूर्खाले गरेको कामले युवाको रूचिलाई समेट्न नसक्नु, युवा लक्षित रोजगारीको अभाव |

*स्रोतः BK and Bista, 2012*

## ४.३ सुझावहरू

दीगो विकास लक्ष्यले सन् २०२५ सम्म सबै प्रकारका बालश्रमको अन्त्य गर्ने उद्देश्य राखेतापनि अन्तर्राष्ट्रिय श्रम सङ्गठनको एक अध्ययनले यही गतिमा प्रगति भएमा १२ करोड १० लाख बालबालिका बालश्रममै रहने छन् । त्यसको लागि सबै देशले विशेष हस्तक्षेपकारी कार्यक्रम संचालन गर्न जरुरी छ भनी उल्लेख गरेको अवस्थामा नेपालमा बालश्रमका प्रमुख कारणहरूलाई केलाएर त्यसको समुचित सम्बोधन गरे मात्र बालश्रम निर्मूल गर्ने लक्ष्य हासिल गर्न सकिन्छ । नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहले बालश्रम अन्त्यका लागि नीति तर्जुमा गरी सोही अनुसार कार्यक्रम तय गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्दछ । बालश्रम सम्बन्धमा गरिएको अध्ययन र विश्लेषणको आधारमा नेपालले बालश्रम निवारणको लागि निम्न सुझावहरू कार्यान्वयन गर्नु पर्दछ ।

| बाल श्रमका कारणहरू | सुझावहरू |
|---|---|
| १.आर्थिक विपन्नता | <u>नीतिगत सुझावरु</u><br>* परिवारको आर्थिक विपन्नता मुक्तिको लागि सीप विकास, लघुउद्यम विकासका लागि नीति तथा कार्यक्रमहरूको व्यवस्था गर्नुपर्छ,<br>* पूर्व कमैया, बँधुवा बालश्रमिक, सुकुम्बासी, अभिभावक विहिन बालबालिकाको लागि सरकारले संरक्षण र विकासको लागि विशेष नीति ल्याउनु पर्ने,<br>* स्थानीय सरकारले पालिका तहमा हुने बालश्रमको विकल्पको रूपमा कार्यक्रमको व्यवस्था गर्नुपर्छ,<br>* सरकारले स्थानीय तहमा गरिबी निवारण कोष खडा गर्ने नीतिगत व्यवस्था गर्नुपर्छ,<br>* आर्थिक रूपले विपन्न परिवारको लागि आर्थिक वृद्धि गर्ने कार्यक्रमहरू संचालन गर्ने,<br>* देशको अर्थतन्त्रलाई असन्तुलित बनाउने नीतिहरू हटाउने,<br>* सबै तहका सरकारले दीगो जीविकोपार्जनका लागि एकीकृत कार्यक्रम संचालन गर्नु पर्ने,<br>* बालश्रम रहित मर्यादित कामको संस्कारको विकास गर्न सरकारले पर्याप्त लगानी गर्नु पर्ने,<br>* बालबालिका सहित कामको लागि जिल्लाबाहिर वा भारत जाने प्रवृत्तिलाई रोक्न नीतिगत व्यवस्था गर्ने र यस्ता बाल-बालिकाहरूको हकमा स्थानीय तहमा विकल्पको खोजी गर्ने । |

| बाल श्रमका कारणहरू | सुझावहरू |
|---|---|
| | **<u>कार्यगत सुझावहरू :</u>**<br>* सामाजिक विश्लेषण प्रक्रियाबाट आर्थिक विपन्न परिवारका बालबालिकाहरूलाई श्रम विरुद्धका वैकल्पिक कार्यक्रम संचालन गर्ने,<br>* लघुउद्यम संचालनको लागि लघुवित्त कार्यक्रम संचालन गर्ने,<br>* गुणस्तरीय शिक्षाका लागि परिवारको प्रतिवद्धता हुनुपर्ने कार्यक्रमलाई जोड दिने,<br>* संघ, प्रदेश र स्थानीय सरकारले बालश्रम अन्त्यका लागि समयसिमा सहितको प्रतिवद्धता गर्ने,<br>* स्थानीय तहले बालश्रम सम्बन्धी निर्णयहरूको कार्यान्वयन र प्रभावको मापन गर्ने,<br>* स्थानीय तहले आर्थिक विपन्न परिवारका सदस्यहरूको सीप र क्षमताको उपयोग गर्ने अवसर प्रदान गरी आर्थिक वृद्धि गर्ने । |
| **२. सामाजिक, सांस्कृतिक रूपले बालश्रमको स्विकार** | **<u>नीतिगत सुझावहरू</u>**<br>* बालश्रमिक रोजगारदातालाई सामाजिक रूपमा अस्विकार गर्ने,<br>* समुदाय स्तरको बाल संरक्षण प्रणालीको विकास गर्न सरकारले नीतिगत व्यवस्था गर्नु पर्ने,<br>* राष्ट्रिय गुरुयोजना(२०७५-२०८५)को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने,<br>* बालश्रम अनुगमन र निरिक्षणका लागि जिम्मेवार संयन्त्र र मानविय श्रोतको विकास गर्ने,<br>* स्थानीय तह र वडातहको बाल अधिकार समितिको संस्थागत सुदृढीकरण र प्रर्वद्धन गर्ने,<br>* स्थानीय तहमा रहेका शैक्षिक संस्थाहरूले बालबालिका-हरूलाई नियमित विद्यालय जानका लागि प्रोत्साहित गर्ने नीति अवलम्वन गर्नुपर्ने,<br>* प्रदेश र स्थानीय तहले बालश्रमको अन्त्य गर्न सामाजिक विश्लेषण गरी समयसीमा निर्धारणसहित कार्ययोजना तयार गर्ने । |

| बाल श्रमका कारणहरू | सुझावहरू |
|---|---|
| | **<u>कार्यगत सुझावहरू</u>**<br>* काम गरिरहेका बालश्रमिक, निजको परिवार र समुदायलाई कानुनी साक्षरता कार्यक्रम संचालन गर्ने,<br>* शिक्षाको फाइदा र बालश्रमसँग सम्बन्धित सूचना, संचार र शिक्षा कार्यक्रमहरू समुदाय स्तरमा संचालन गर्ने,<br>* गरिवका छोराछोरी बालश्रमिक बन्नु स्वभाविक हो भन्ने सामाजिक मान्यताका विरुद्ध सामाजिक सचेतना अभियान संचालन गर्ने,<br>* स्वास्थ्य, शिक्षा, खाना जस्ता आधारभूत आवश्यकताको परिपूर्तिको लागि श्रम बजारमा जाने बालबालिकाका बाध्यतालाई गरिबी निवारण कोषबाट सम्बोधन हुने गरी कार्यक्रम संचालन गर्ने,<br>* राज्यले विशेषगरी अभिभावक नभएका बालबालिकाहरूको संरक्षण हुने कार्यक्रम संचालन गर्ने,<br>* छोरा र छोरीप्रति गरिने भेदभाव विरुद्धको अभियान संचालन गर्ने,<br>* बाल विवाह र छाउपडी जस्ता कुरालाई निषेध गर्न सचेतना जगाउने यस्तो कार्य गर्ने गराउनेलाई कार्वाही हुने व्यवस्था मिलाउने,<br>* बालश्रमिकहरूको उद्धार र पुनर्स्थापनाको सघन कार्यक्रम संचालन गर्ने,<br>* बालश्रम प्रयोग गर्ने व्यक्ति वा संस्थालाई सामाजिक वहिस्कार गर्ने र लाभको पद धारण गर्नबाट बञ्चित गर्ने,<br>* बालश्रमिक प्रयोग गर्ने र बालश्रममा पठाउने अभिभावक दुवैलाई कानुनी कारवाही गर्ने,<br>* स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेख भए अनुसार बालमैत्री वडा घोषणा गर्ने । |

| बाल श्रमका कारणहरू | सुझावहरू |
|---|---|
| ३. कडा कानुन नहुनु, कानुन कार्यान्वयको लागि संरचनाको अभाव र कार्यान्वयनको फितलोपन | **नीतिगत सुझावहरू :**<br>* प्रदेश र स्थानीय तहले बालश्रम सम्बन्धीसमय सापेक्ष कानुन निर्माण गर्नुपर्ने,<br>* बाल अदालतको गठन गर्ने र बाल न्याय कार्यविधि नियमावलीलाई समसामायिक बनाउने,<br>* बालश्रम गर्न बाध्य बनाउने, बालश्रम गर्न पठाउने वा बालश्रम गर्ने वातावरणको सृजना गर्ने अभिभावकलाई कानुनी कारबाही गर्ने नीतिगत व्यवस्था गर्ने,<br>* कानुन कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहमा संस्थागत संयन्त्रको विकास गर्ने,<br>* औपचारिक तथा अनौपचारिक क्षेत्रमा हुने बालश्रमिकको प्रयोगलाई निषेध गर्न कानुनी कारबाहीलाई कडाईका साथ लागु गर्ने,<br>* उद्योग वाणिज्य संघ, ट्रेड यूनियन, व्यावसायिक सङ्गठनले बालश्रम सम्बन्धी कानूनको कार्यान्वयनमा प्रमुख साझेदारको रूपमा रहने नीतिगत व्यवस्था गर्ने,<br>* बालश्रमको अनुगमन र निरीक्षणको जिम्मेवारी सम्बन्धी स्थानीय तहले गर्ने गरी कानुनी व्यवस्था मिलाउने,<br>* बालश्रम सर्वेक्षण र अध्यावधिक गर्ने कार्यलाई आवधिक योजनामा समावेश गर्ने,<br>* बालश्रमिकको उद्धार, संरक्षण र पुनर्स्थापनाको लागि संरचना विकाससहित कार्ययोजना तयार गर्ने,<br>* प्रादेशिक आवधिक योजना र स्थानीय तहको आवधिक योजनामा बालश्रम अन्त्यको नीति समावेश गर्ने,<br>* बालश्रम अन्त्यको लागि विशेष नीति, रणनीति र कार्यक्रम तयार गर्ने,<br>* श्रमिक बालबालिकाको लागि शिक्षा र सीप विकस अनिवार्य गर्ने,<br>* बालश्रम प्रयोग गर्ने र बालश्रममा पठाउने अभिभावकलाई कडा सजाय दिने कानुनको व्यवस्था गर्ने,<br>* बालश्रम अन्त्य सम्बन्धी नीतिगत विकास र भएका नीतिहरूको समसामयिक संशोधन गर्नु गर्ने,<br>* तीनै तहले संविधानमा भएका व्यवस्थाहरू कार्यान्वयनका लागि कानुन बनाउनु पर्ने । |

| बाल श्रमका कारणहरू | सुझावहरू |
| --- | --- |
| | **कार्यगत सुझावहरू :**<br>* स्थानीय तहको नीति निमार्णका लागि प्रदेश सरकारले समन्वय र सहजीकरण गर्ने,<br>* बालबालिका ऐन २०७५ ले व्यवस्था गरेको राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति र स्थानीय तहको बाल अधिकार समितिको संस्थागत विकास गरी कानुन कार्यान्वयनको जिम्मेवारी दिने,<br>* समुदाय स्तरमा जनचेतना, कानुनी शिक्षा र वकालतका कार्यक्रम संचालन गर्ने,<br>* बालश्रमको अन्त्य गर्न रोजगारदाताहरूलाई कानुनी सचेतना कार्यक्रम संचालन गर्ने,<br>* कानुन कार्यान्वयनको वार्षिक समिक्षा गरी कार्ययोजना निर्माण गने,<br>* बालश्रमको अन्त्य गर्न उद्योग वाणिज्य संघ, ट्रेड यूनियन र व्यावसायिक समितिहरूलाई जिम्मेवारी तोक्ने,<br>* संघ, प्रदेश तथा स्थानीय तह गरी तीन तहमै बालश्रम निवारण कोषको स्थापना गर्ने,<br>* कानुनको कार्यान्वयन गर्ने इकाइहरू बढाउने, प्रदेश सरकार र स्थानीय तहलाई समेत कानुनी कारबाहीको जिम्मेवारी दिने । |
| **४ घरेलु र व्यावसायिक क्षेत्रमा बालश्रमको वढ्दो माग, वैदेशिक रोजगार र कमाई प्रतिको मोह**<br>. | **नीतिगत सुझावहरू**<br>* अनौपचारिक क्षेत्रमा बालश्रमिक प्रयोगलाई कानुनी दायरमा ल्याउने कानुनी व्यवस्था गर्ने,<br>* बालश्रम प्रयोग गरेको द्रुत जानकारीका लागि देशैभरी संचार संञ्जाल तथा विद्युतीय संयन्त्र स्थापना गर्ने,<br>* घरेलु तथा व्यावसायिक क्षेत्रमा हुने बालश्रमिकको अनुगमन गर्न विद्युतीय अनुगमन प्रणालीको व्यवस्था मिलाउने,<br>* अनुगमन तथा निरीक्षणको लागि समुदाय संयन्त्रको विकास गरी साधन स्रोतको व्यवस्था गर्ने,<br>* बालश्रम प्रयोग गर्ने उद्योग व्यवसायको दर्ता खारेजी गर्ने नीतिगत व्यवस्था मिलाउने,<br>* श्रम तथा मजदुरहरूको दर्ता प्रणालीको व्यवस्था गरी परिचय पत्र र पोशाकको व्यवस्था गर्ने जसले गर्दा बालश्रम अनुगमनमा सहज हुन्छ, |

| बाल श्रमका कारणहरू | सुझावहरू |
| --- | --- |
| | * विद्युतीय माध्यमबाट प्रभावकारी र सहज उजुरी प्रणालीको व्यवस्था गर्ने र द्रुत प्रतिकार्य समूहको व्यवस्था मिलाउने,<br>* भौतिक पूर्वाधार निर्माण सम्झौतामा बालश्रमको प्रयोग गरेमा ठेक्का रद्द गर्ने नीतिगत व्यवस्था गर्ने,<br>* कमाईको मोहका कारण घर तथा विद्यालय छोड्ने बालबालिकाको हकमा क्षेत्रगत नीति निर्माण गर्ने,<br>* भारत तथा वैदेशिक रोजगारमा जानेहरूको प्रदेश तथा स्थानीय तहमा अभिलेख राख्ने प्रणालीको विकास गर्ने,<br>* जन्म दर्ता प्रर्णालीलाई व्यवस्थित र विद्युतीय बनाउने,<br>* बालश्रमविरुद्ध संचार नीति तय गर्ने, छोटो र मध्यम समय अवधिका कार्यान्वय रणनीतिहरू विकास गर्ने ।<br><br>**<u>कार्यगत सुझावहरू</u>**<br>* घर, उद्योग, व्यवसाय तथा निर्माणका क्षेत्रमा बालश्रम निषेध गर्न चेतनामूलक कार्यक्रम संचालन गर्ने,<br>* अनुगमनको लागि समुदाय स्तरीय संयन्त्रको गठन गरी क्षमता विकास गर्ने,<br>* स्थानीय तहको बाल अधिकार समितिले बालश्रमको माग गर्ने सोच तथा व्यवहार परिवर्तन गर्ने खालका कार्यक्रम संचालन गर्ने,<br>* जन्म दर्तालाई प्रभावकारी बनाउने,<br>* अभिभावकसँग श्रम गर्न जाने बालबालिकालाई रोक्ने उपाय गर्ने,<br>* भारत जाने बालबालिकाको तथ्याङ्क अध्यावधिक गर्ने र भारत जान रोक्नको लागि वैकल्पिक कार्यक्रम संचालन गर्ने । |
| ५. **युद्ध, द्वन्द्व तथा पारिवारिक विग्रह र बाल संरक्षणको अभाव** | **<u>नीतिगत सुझावहरू</u>**<br>* स्थानीय तहमा बाल संरक्षण नीति तयार गर्ने,<br>* समाजमा हुने विभिन्न द्वन्द्वहरू समयमै रूपान्तरण हुने गरी संयन्त्रको विकास गर्ने,<br>* विभिन्न स्थानमा बालमनो विमर्श सामाजिक परापर्श सेवा केन्द्रहरू स्थापना गर्ने नीतिगत व्यवस्था गर्ने,<br>* स्थानीय तहले श्रम बजारमा जानबाट बालबालिकालाई रोक्न वैकल्पिक उपायाको कार्ययोजना निर्माण गर्ने,<br>* स्थानीय तहमा वैकल्पिक स्याहार योजना निर्माण गर्ने |

| बाल श्रमका कारणहरू | सुझावहरू |
|---|---|
| | * युद्ध, द्वन्द्व वा पारिवारिक विग्रहबाट एक्लिएका बालबालिका-हरूको लागि पुनर्स्थापना केन्द्र स्थापना गर्ने,<br>* प्रदेश र स्थानीय तहले बाल विवाह, छाउपडी जस्ता हानिकारक अभ्यासमुक्त गर्नका लागि रणनीतिक योजना निर्माण गर्ने ।<br>**<u>कार्यगत सुझावहरू</u>**<br>* सामाजिक मेलमिलापकर्ता र सामाजिक मनोविमर्शकर्ताको व्यवस्था गर्ने,<br>* बाल संरक्षण र द्वन्द्व व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन गर्ने,<br>* पारिवारिक विग्रह हुने कारणको खोजी गरी सामाजिक संरक्षण प्रदान गर्ने खालका कार्यक्रम संचालन गर्ने,<br>* उद्धार गरेका बालश्रमिकको पारिवारिक पुनर्स्थापनाको लागि विशेष कार्यक्रम संचालन गर्ने,<br>* बालविवाह, छाउपढी जस्ता गलत अभ्यासहरूको पूर्णरूपले निषेध भएको घोषणा गर्ने,<br>* नेपाल सरकारले विद्यालय र बालबालिकालाई शान्ति क्षेत्र घोषणा गरे बमोजिम कार्यान्वयन गर्ने । |
| ६. **गुणस्तरीय शिक्षाको अभाव र शैक्षिक वातावरणको कमी** | **<u>नीतिगत सुझावहरू</u>**<br>* बालबालिकालाई विद्यालयमा टिकाउनको लागि बालमैत्री शैक्षिक वातावरण प्रदान गर्न नीति निर्माण गर्ने,<br>* प्रत्येक विद्यालयले शैक्षिक गुणस्तर सुधार योजना तर्जुमा गर्ने,<br>* विद्यालयहरूमा कस्ता-कस्ता शिक्षक तथा कर्मचारीको आवश्यकता हो यकिन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी कायम गर्ने र सो अनुसार पदपूर्तिको व्यवस्था मिलाउने,<br>* प्रदेश तथा स्थानीय तहले श्रम बजारमा जान सक्ने सम्भाव्य बालबालिकाहरूको पहिचान गरी विशेष छात्रवृत्ति दिने नीति लागु गर्ने,<br>* प्रथामिक तहदेखिको पाठ्यक्रममा बालश्रम गर्दा हुने असर, शिक्षाको महत्वजस्ता विषयबस्तुलाई समावेश गर्ने,<br>* विद्यालयबाट टाढा रहेका तथा लक्षित समुदायका बालबालिकाको लागि आवासीय विद्यालयको व्यवस्था गर्ने,<br>* प्रत्येक विद्यालयमा गुनासो सुनाई नीति तथा संयन्त्रको विकास गर्ने । |

| बाल श्रमका कारणहरू | सुझावहरू |
| --- | --- |
| | **<u>कार्यगत सुझावहरू</u>**<br>* विपन्न समुदायका परिवारलाई स्थानीय तहमा हुने सार्वजनिक निर्माणका कार्यमा प्राथमिकता दिई काममा लगाउने,<br>* गुणस्तरीय शिक्षाको लागि अभिभावकको भूमिका वृद्धि गर्न अभिभावकीय शिक्षा प्रदान गर्ने,<br>* सन्तानको लागि शिक्षामा लगानी गर्ने पारिवारिक योजना निर्माण गर्न सचेतना अभिवृद्धि गर्ने,<br>* स्थानीय तहले बालश्रम अन्त्यका लागि सहयोग पुग्ने पाठ्यक्रम तयार गरी लागु गर्ने,<br>* विद्यालय शिक्षालाई अनिवार्य र गुणस्तरिय बनाउन स्थानीय तहले लगानी गर्ने,<br>* विद्यालयमा हुने हिंसा, दुर्व्यवहार र दण्ड सजाय अन्त गर्न सचेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने,<br>* बालमैत्री पूर्वाधार निर्माणमा जोड दिने,<br>* गुनासो सुनाई संयन्त्रलाई प्रभावकारी प्रयोग गर्ने तथा सचेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने । |
| ७. **बदलिंदो सामाजिक परिवेश, बसाइसराई र संगठित अपराधमा बृद्धि** | **<u>नीतिगत सुझावहरू</u>**<br>* स्थानीय तहले असुरक्षित बसाइसराईलाई नियन्त्रण गर्ने नीति तर्जुमा गर्ने,<br>* बसाइसराई गरिरहने समुदायहरूको पहिचान गरी तेस्ता परिवारका बालबालिकाको लागि आवासीय विद्यालयको व्यवस्था गर्ने,<br>* स्थानीय तहले बसाइसराईको अभिलेख राख्न नीतिगत व्यवस्था गर्ने,<br>* मानव वेचविखन र लागु औषध जस्ता संगठित अपराध रोक्नको लागि समुदाय स्तरको बाल संरक्षण संयन्त्रलाई सक्षम र उत्तरदायी बनाउने नीति लागु गर्ने,<br>* प्रदेश र स्थानीय तहले पर्यटन, डान्सबार लगायतका जोखिमपूर्ण काममा बालश्रम माग हुने क्षेत्रको आँकलन गरी सोको अन्त्यको लागि नीतिगत व्यवस्था गर्ने,<br>* संगठित अपराधबाट उद्धार गरिएका बालबालिकाहरूको पुनर्जीवनका लागि सुधार गृह एवं पुनर्स्थापना केन्द्र स्थापना गर्ने नीति बनाउने,<br>* स्थानीय तहले मौसमी बसाइसराई र त्यसबाट उत्पन्न हुने बाल संरक्षणका सवालको अनुगमन गर्ने नीतिगत व्यवस्था गर्ने, |

| बाल श्रमका कारणहरू | सुझावहरू |
|---|---|
| | **कार्यगत सुझावहरू**<br>* नागरिकमा अधिकार साथसाथै बालबालिकाप्रतिको कर्तव्यको बारेमा सचेतना जगाउने,<br>* मदिरा र सुर्तिजन्य वस्तु बिक्री वितरणमा बालबालिकाको प्रयोग रोक्ने नीतिको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा निरीक्षण गर्ने,<br>* मानव वेचविखन, यौन व्यवसाय, लागुऔषध विरुद्ध जनचेतना अभिवृद्धि गर्ने,<br>* देखासिकीको कारण हुने बालश्रम र संगठित अपराधबाट बच्नको लागि विद्यालय स्तरीय कार्यक्रम संचालन गर्ने,<br>* स्थानीय तहको बाल अधिकार समितिले बालश्रमको अनुगमन, उद्धार र पुनर्स्थापना सम्बन्धी कार्यक्रम संचालन गर्ने,<br>* आफ्ना बाबुआमासँग शहर गएका बालबालिका शिक्षाबाट बञ्चित नहुने वातावरण सृजना गर्नको लागि अभिभावक उत्तरदायी बनाउने खालका कार्यक्रम संचालन गर्ने,<br>* डान्सबार, पर्यटन र मनोरञ्जन क्षेत्रमा प्रयोग हुने बालश्रम निरुत्साहित गर्ने विशेषखालका कार्यक्रम संचालन गर्ने । |
| **८. विद्युतीय संचार तथा सामाजिक सञ्जालको दुरूपयोग** | **नीतिगत सुझावहरू**<br>* फेसबुक, युटुव, भाइवर, इमो लगायत सामाजिक सञ्जालको गलत प्रयोगलाई रोक्नको लागि संघीय, प्रदेश र स्थानीय सरकारले नीति बनाई कार्यान्वयन गर्ने,<br>* सामाजिक सञ्जालको माध्यमबाट विभिन्न प्रलोभनमा पारी ओसारपसार शोषण र दुर्व्यवहार रोक्नको लागि तीन तहका सरकारले संयन्त्र बनाउने,<br>* विद्युतीय तथा सामाजिक सञ्जालको सिर्जनात्मक प्रयोग तथा शैक्षिक सामग्रीहरूको रूपमा प्रयोग गर्ने सीप विकास गराउने नीति तर्जुमा गर्ने,<br>* साइबर सुरक्षा जोखिमको पहिचान, त्यसबाट पर्ने असरको न्यूनीकरण र आकस्मिक साइवर सुरक्षाको व्यवस्था राष्ट्रिय र प्रादेशिक सूचना प्रविधि आकस्मिक सहायता समूहसहितको साइबर सुरक्षा प्रणाली निर्माण गर्ने ।<br><br>**कार्यगत सुझावहरू**<br>* विभिन्न सामाजिक संजालहरूमा बालबालिकाहरू वेस्त हुने भएकोले मानसिक असर (वेब पोइजनिङ) गर्ने भएकोले साना बालबालिकाहरूलाई यो बाट वचाउनु पर्ने, |

| बाल श्रमका कारणहरू | सुझावहरू |
|---|---|
| | * द्रुत संचार माध्यमबाट गुनासो सुन्ने व्यवस्था मिलाउने<br>* विद्युतीय विष (Web poisoning) को रूपमा रहेका अश्लील पेजहरू निषेध गर्ने,<br>* सामाजिक सञ्जालको सही प्रयोग बारे सचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने । |
| ९. **बालबालिका क्षेत्रमा सरकारी लगानी न्यून र साझेदारहरूको चासोको कमी** | **नीतिगत सुझावहरू**<br>* संघ, प्रदेश र स्थानीय तहले बालबालिका क्षेत्रमा सरकारको लगानी सुनिश्चित गर्न नीतिगत व्यवस्था गर्ने,<br>* बालश्रमका सम्बन्धमा सामाजिक अध्ययन एवं विश्लेषण गरी साझेदार संस्थाहरूलाई एकद्वार प्रणालीबाट काम गर्ने पद्धतिको विकास गर्ने,<br>* सरकारले अन्तर्राष्ट्रिय बाल अधिकार सम्बन्धी गरेका प्रतिवद्धता तथा दीगो विकास लक्ष्य पूरा गर्नको लागि आवश्यक बजेट र नीतिगत संयन्त्रको व्यवस्था गर्ने,<br>* बालश्रम निवारण सम्बन्धी संचार माध्याम परिचालन नीति तर्जुमा गर्ने,<br>* प्रदेश र स्थानीय तहले नागरिक समाज ट्रेड युनियनहरूलाई आ-आफ्नो तहमा बालश्रम र बाल संरक्षणको निगरानी गर्ने रणनीति तर्जुमा गर्ने,<br>* बालश्रम हरेक तह र कार्यक्रम बालश्रम निवारणलाई साझा मुद्दाको रूपमा कार्यान्वयन गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने,<br>* बालश्रम निवारणको मानक निर्धारण गर्ने ।<br><br>**कार्यगत सुझावहरू**<br>* संघ, प्रदेश र स्थानीय तहले कार्ययोजना कार्यान्वयन गर्दा बालश्रम अन्त्य गर्ने विषयलाई प्राथमिकता दिने,<br>* बालश्रम हरेक तह र कार्यक्रममा बालश्रम निवारणलाई साझा मुद्दाको रूपमा लिई सबै कार्यक्रममा एकीकृत गर्ने,<br>* विकासका साझेदार संस्थाहरूलाई बालश्रम अन्त्यका लागि सहकार्य गर्न प्रोत्साहित गर्ने,<br>* बालश्रम मुक्त समाज घोषणा गर्ने कार्यक्रम लागु गर्ने,<br>* बालमैत्री स्थानीय शासनको प्रबर्द्धन गर्ने,<br>* संचार माध्यममा बालश्रम अन्त्य सम्बन्धी सामाग्रीहरू प्रकाशनको लागि प्रोत्साहन गर्ने, |

| बाल श्रमका कारणहरू | सुझावहरू |
|---|---|
| | * बाल संरक्षण सम्बन्धी समुदाय स्तरमा सञ्जालहरू विस्तार तथा परिचालन गर्ने,<br>* बालश्रम सम्बन्धी मापनको एकीकृत अभिलेख तयार गर्ने,<br>* बालश्रमको माग तथा आपूर्ति श्रृङ्खलालाई क्रमभङ्ग गर्ने कार्यक्रम संचालन गर्ने,<br>* संकटासन्न तथा विपत्को अवस्थामा रहेका बालबालिका-हरूको विशेष संरक्षण गर्ने । |
| **१० राजनीतिक प्रतिवद्धताको कमी** | **नीतिगत सुझावहरू**<br>* राजनीतिक दलहरूले आफ्ना घोषणा पत्र तथा दस्तावेजहरूमा बालश्रम अन्त्य गर्ने नीतिगत व्यवस्था गर्ने,<br>* बालश्रम अन्त्य गर्ने विषयलाई राजनीतिक तवरले अभियानको रूपमा देशभरी संचालन गर्न आ-आफ्ना संयन्त्रहरू परिचालन गर्ने,<br>* राजनीतिक व्यक्ति तथा कार्यकर्ताहरूले बालश्रम प्रयोग नगर्ने प्रतिवद्धता व्यक्त गर्ने सोको लागि आचारसंहिता तयार गर्ने,<br>* बालश्रम प्रयोग गर्ने नेता तथा कार्यकर्तालाई राजनीतिक पद तथा कुनै पनि लाभको पदमा मनोनयन नगर्ने व्यवस्था मिलाउने,<br>* राजनीतिक नेतृत्व रहने राज्यका उच्चस्तर संयन्त्रहरू जस्तैः संघीय संसद, प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभा, नगर सभा, गाउँसभाहरूमा बालश्रमको अन्त्यको विषयलाई प्राथमिकता साथ उठाउने ।<br><br>**कार्यगत सुझावहरू**<br>* विभिन्न कार्यक्रम सभा सम्मेलनहरूमा बालश्रम निषेध गर्ने प्रतिवद्धता व्यक्त गर्ने,<br>* बालश्रम प्रयोग गर्नेहरू प्रति राजनीतिक संरक्षण नलिई कडा कारबाहीका लागि पहल गर्ने,<br>* विद्यालय र बालिकाहरूलाई शान्ति क्षेत्रकोरूपमा स्थापना गर्नको लागि कार्यकर्ताहरूलाई सुसूचित गर्ने । |

## ४.४ निष्कर्ष

विश्वमा अहिले पनि १५ करोड १६ लाख २२ हजार बालबालिकाहरू कुनै न कुनै प्रकारको बालश्रममा संलग्न छन् । यीमध्ये ठूलो संख्यामा अनौपचारिक क्षेत्रमा कार्यरत रहेका छन् भने ७ करोड २५ लाख २५ हजार बालबालिका त जोखिमपूर्ण काममा संलग्न छन् । स्वभाविक रूपमा बालश्रमको संख्या आर्थिक विपन्न मुलुकहरूमा बढी छ । नेपालको सन्दर्भमा अझैं पनि करिब ४७.८ प्रतिशत बालबालिकाहरू कुनै न कुनै प्रकारको काममा संलग्न छन् । पछिल्लो तथ्याङ्क उपलब्ध नभए पनि सन् २०१४ को तथ्याङ्क अनुसार ३७.४ प्रतिशत बालबालिकाहरू बालश्रमिकको रूपमा रहेको पाइन्छ । काममा संलग्न बालबालिकाहरूमध्ये ४५.४५ प्रतिशतले त विद्यालय जानसमेत पाएका छैनन् । यो तथ्याङ्कले नेपालमा बालश्रमको दर उच्च र भयावह रहेको देखाएको छ । त्यसमा पनि सबै सूचकाङ्कमा पछाडी परेको कर्णाली प्रदेशमा यो संख्या झनै कहालीलाग्दो छ । बालश्रममा पनि यातायत, ढुवानी, पर्यटन जस्ता जोखिमपूर्ण क्षेत्रमा काम गर्नेहरूको संख्या पनि उल्लेख्य रहेको छ ।

बालश्रम अन्त्यका लागि स्रोतसाधनको प्रयोग र विद्यमान नीति कार्यान्वयनमा प्रतिवद्धता तथा इच्छाशक्तिको कमिले प्रभावकारी हुन सकेको छैन । क्षेत्रगत तथ्याङ्क अनुसार नेपालमा बालश्रम निवारणका सम्बन्धमा नीति तथा योजनाहरू तर्जुमा गरिएका छन् तर बालश्रमका विरुद्ध सरकारका निकायहरूबाट पर्याप्त प्रयास भएको देखिदैन । वास्तवमा सरकारले योजना त बनाउँछ तर उक्त योजनाको कार्यान्वयन प्रभावकारी भएको देखिदैन । विशेषगरी बालश्रमका कारणहरू परिवारमा व्याप्त आर्थिक विपन्नता, गुणस्तरीय शिक्षाको पहुँचमा कमी, सामाजिक स्वीकार्यता, कानुनको फितलोपन, बदलिंदो परिवेशमा द्वन्द्व तथा पारिवारिक विग्रह, आधुनिक विद्युतीय संचार प्रणाली तथा सामाजिक सञ्जालको दुरूपयोग, सरोकारवालाहरूले पर्याप्त ध्यान नदिनु तथा राजनीतिक इच्छाशक्तिमा कमी लगायतका कारणले गर्दा बालश्रम अझैं पनि समाजका विभिन्न क्षेत्रमा जरा गाडेर बसेको छ । सरकारले गरेको बालश्रम विरुद्धको अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा विभिन्न नीति, योजना तथा ऐन-कानुनहरूको तर्जुमाका बावजुद्ध पनि बालश्रम निवारणमा खास उपलब्धि हाँसिल हुन सकेको छैन ।

तीब्र शहरीकरणसँगै बालश्रमिकहरू बढ्दोक्रममा देखिन्छन् । समय, परिवेश र प्रविधिका कारण बालश्रमका क्षेत्र र समस्याहरू नयाँ तरिकाले उत्पन्न हुने गरेका छन्, त्यसलाई

समाधान गर्ने कुरा समस्या र चुनौतिको रूपमा देखा परेको छ । उपलब्ध स्रोतसाधनको प्रयोग र नीति-नियमलाई कार्यान्वयन गरी नेपालमा बालश्रम अन्त्य गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह लगायत सरोकारवाला निकायहरू प्रतिबद्ध देखिन्छन् । विद्यमान श्रमबजारका क्षेत्रहरूलाई केन्द्रित गरी नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहले नागरिक समाज र दातृ निकायसँग समन्वय तथा सहकार्य गरी बालश्रमसँग सम्बन्धित कार्यक्रमहरूको प्रबर्द्धन गर्न जरुरी देखिन्छ । नयाँ गुरुयोजनाले विक्रम सम्वत् २०७९ सम्ममा निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने र वि.सं. २०८२ सम्ममा सबै प्रकारको बालश्रमको अन्त्य गर्ने लक्ष्य लिएको छ । उक्त लक्ष्य हासिल गर्नका लागि नेपाल सरकारले आवश्यक स्रोतसाधनको व्यवस्था गरी निश्चित समयसीमा सहितको विशिष्ट रणनीति तयार गर्नुपर्दछ । यही गतिमा बालश्रम निवारणको कार्यक्रम संचालन गर्ने हो भने विश्वमा सन् २०२५ सम्ममा १२ करोड १० लाख बालबालिका बालश्रममै रहिरहने आँकलन गरिएको छ । नेपालजस्तो मुलुकको कुरा गर्ने हो भने त यो झन् बढ्दो क्रममा रहेको छ । तसर्थ तोकिएको समयमा बालश्रम अन्त्य गर्नका लागि सरकार तथा अन्य विभिन्न क्षेत्रबाट बालश्रमका विरुद्ध निर्मम हस्तक्षेप गर्नु जरुरी छ । त्यसका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदारहरू, संचार माध्यम र नागरिक समाजले नीति, योजना, संरचना निर्माण गरी नतिजामूलक ढङ्गले प्रभावकारी कार्यान्वयन गर्न संयुक्त र एकीकृत पहल गर्नु अपरिहार्य रहेको छ ।

***

# अनुसूचीहरू

## अनुसूची-१

### अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बालश्रमविरूद्धको अभियान-समय रेखा

- १९१९ - पहिलो अन्तर्राष्ट्रिय श्रम सम्बन्धी गोष्ठीले बालश्रम विरूद्ध पहिलो पटक रोजगारीका लागि न्यूनतम उमेर सम्बन्धी महासन्धि (नं. ५) लागु,
- १९३० - पहिलो जबर्जस्ती श्रम सम्बन्धी महासन्धि (नं. २९) लागु,
- १९७३ - रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि (नं. १३८) लागु,
- १९९२ - बालश्रम उन्मूलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रम(IPEC) को सुरूआत,
- १९९६ - स्टक होम घोषणपत्र (यो घोषणापत्रमा कुनै ठाउँमा गरिएको अपराध जुनसुकै ठाउँमा अपराध मानिने छ )
- १९९७ - आमर्सडम र ओस्लोमा बालश्रम सम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठीहरू (यी गोष्ठीहरूले बालश्रमबारे अन्तर्राष्ट्रिय सचेतना जगाउन र समस्या समाधानका रणनीतिको आवश्यकतामा जोड दिएका थिए) संचालन,
- १९९८ - अन्तर्राष्ट्रिय श्रम सङ्गठनको आधारभूत सिद्धान्तहरूको घोषणा (काम गर्ने ठाँउमा सङ्गठनको अधिकार, जबर्जस्ती श्रमको उन्मूलन, काम गर्ने स्थलमा विभेदको अन्त्य, बालश्रमको उन्मूलन आदि) । यो घोषणालाई सबै सदस्य राष्ट्रहरूले सिद्धान्तका रूपमा स्वीकार गरेका छन्,
- २००२- अन्तर्राष्ट्रिय श्रम सङ्गठनले पहिलो पटक विश्वव्यापी रूपमा बालश्रमको प्रतिवेदन सार्वजनिक गरी जुन १२ लाई बालश्रम विरूद्धको अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने कार्यको थालनी गऱ्यो । साथै सङ्गठनले संसारका ८० देशलाई बालश्रम विरूद्ध लड्न आफ्ना कार्यक्रम तयार गर्न सहयोग गऱ्यो ।
- २००४- अन्तर्राष्ट्रिय श्रम सङ्गठनले बालश्रम उन्मूलनका लागि लागत र फाइदाका बारे विश्वव्यापी अध्ययन गऱ्यो,
- २००६- दोस्रो बालश्रमको विश्वव्यापी प्रतिवेदन सार्वजनिक भयो जसले विश्वव्यापी बालश्रमको तथ्याङ्क उल्लेख गऱ्यो । सोही वर्ष सन् २०१६ सम्म निकृष्ट प्रकारका बालश्रम उन्मूलनका लागि अन्तर्राष्ट्रिय श्रम सङ्गठनले विश्वव्यापी अभियानको सुरूवात गऱ्यो,
- २००८ - समुन्नत विश्वको सामाजिक न्यायका लागि अन्तर्राष्ट्रिय श्रम सङ्गठनको घोषणालाई अनुशरण गरियो, जसले बालश्रमको प्रभावकारी उन्मूलनसहित मौलिक अधिकारको प्रत्याभूतिलाई महत्व दिइएको थियो,

- २००९ - अन्तर्राष्ट्रिय श्रम सङ्गठनको १८३ सदस्य राष्ट्रहरूले स्वतन्त्रपूर्वक विश्वव्यापी रोजगार सन्धिलाई विश्वमा बढ्दै गइरहेको आर्थिक र रोजगारीको संकट हटाउने निर्देशिकाको रूपमा अनुसरण गरे । उक्त सन्धिले जबर्जस्ती गर्ने बालश्रम र काममा हुने विभेदको रोकथाम र उन्मूलनका लागि सावधानी अपनाउन वकालत गर्दछ,
- २०१० - अन्तर्राष्ट्रिय श्रम सङ्गठनको विश्वव्यापी बालश्रमको तेस्रो प्रतिवेदन सार्वजनिक भयो जसले निकृष्ट अवस्थाको बालश्रम २०१६ सम्म विश्वबाट उन्मूलनका लागि पर्याप्त प्रगति नभएको प्रति सजग गरायो,
- २०१० - बालश्रम सम्बन्धी हेगमा सम्पन्न अन्तर्राष्ट्रिय गोष्ठीले सन् २०१६ को लक्ष्यका लागि भएको प्रगतिलाई बलियो बनाउने र बालश्रम सम्बन्धी महासन्धि नं. १३८ र १८२ लाई कार्यान्वयन र अनुमोदनमा जोड दिने लक्ष्य निर्धारण गऱ्यो,
- २०१३ - अन्तर्राष्ट्रिय श्रम सङ्गठनले बालश्रम विरुद्धको प्रगति र सन् २०००-२०१२ को विश्वव्यापी अनुगमन र प्रवृत्ति (Global Estimates and Trends) सहितको विश्वव्यापी प्रतिवेदन सार्वजनिक गऱ्यो,
- २०१४ - अन्तर्राष्ट्रिय श्रम सङ्गठनको गवर्निङ वडीको ३२०औं सत्रले बालश्रम विरुद्धको तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा तयार गरिएको व्रासिलिया घोषणपत्र पारित गऱ्यो,
- २०१४ - बालश्रम उन्मूलनको लागि विश्वव्यापी कार्यक्रम (IPEC)ले २०१२-२०१३ को दुई वर्षीय कार्यविवरण सहितको कार्यन्वयन प्रतिवेदन २०१४ मा सार्वजनिक गऱ्यो,
- २०१७ - सन् २०१२ र १६ को अवधिलाई आधार मानेर बालश्रम सम्वन्धमा विश्वव्यापी अनुगमन र प्रवृत्ति सार्वजनिक भयो,
- २०१७ - नोभेम्वर १४-१६ मा व्यूनोस एरेसमा बालश्रमको लागि दीगो विकास सम्बन्धमा चौंथो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको ,
- २०१८ - मे २५ मा अन्तर्राष्ट्रिय श्रम सङ्गठन र बालश्रम विरुद्ध विश्व यात्रा (Globle March) मिलेर जेनेभामा बालश्रम विरुद्धको अन्तर्राष्ट्रिय दिवस र विश्व यात्राको बीसौं बार्षिक उत्सवको उपलक्ष्यमा बालश्रम विरुद्ध अन्तर्राष्ट्रिय श्रम सम्मेलनको १०७औं सत्र आयोजना गऱ्यो ।

*स्रोतः BK and Bista, 2012 and www.ilo.org/comunication*

<u>अनुसूची-२</u>

## बालबालिकासँग सम्बन्धित दीगो विकासका
## केही प्रमुख लक्ष्य, गन्तव्य र सूचकको विवरण

| लक्ष्य र सूचकहरू | | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० | श्रोत |
|---|---|---|---|---|---|---|---|
| १.२.१ | गरिबीको रेखामुनि रहेको जनसंख्या | २१.६ | १७.१ | १३.८ | १०.५ | ४.९ | NPC(2016) |
| १.३.१ | सामाजिक सुरक्षामा खर्च हुने जम्मा बजेट | ११ | १२.१ | १२.९ | १३.७ | १५ | MOF (2015 |
| २.१.१ | कुपोषण | ३६.१ | २७.३ | २०.६ | १४ | ३ | NPC (2016) |
| २.२.१ | तौल नपुगेका पाँच वर्षमुनिका बालबालिका | २७ | २२.६ | १७.८ | १३ | ५ | NDHS(2016) |
| २.२.२ | उमेरअनुसार उचाइ नपुगेका पाँच वर्षमुनिका बालबालिका | ३६ | ३२ | २६.७ | २२.३ | १५ | NDHS(2016) |
| २.२.३ | उचाईअनुसार तौल नपुगेका पाँच वर्षमुनिका बालबालिका | १० | ९.१ | ७.४ | ५.८ | ३ | NDHS(2016) |
| २.२.६ | रक्तअल्पता भएका पाँच वर्षमुनिका बालबालिका | २२.६ | १८.२ | १४.८ | ११.५ | ६ | |
| २.२.७ | न्यूनतम खानाबाट प्राप्त हुने आहार उपभोग गरिरहेका ६ देखि २३ महिना सम्मका बालबालिका | ३२.३ | २५.८ | २१ | १६.१ | ८ | |
| ३.१.१ | मातृ मृत्युदर (प्रति १ लाख जन्मदरमा) | २५८ | १४५ | १०६ | ८६ | ६९ | NDHS(2011) |
| ३.१.२ | दक्ष प्रसुतिकर्ताद्धारा जन्मदर | ५८ | ६८.५ | ७३ | ७९ | ९० | NDHS(2016) |
| ३.२.१ | पाँच वर्षमुनिका मृत्युदर (प्रति १००० जन्मदरमा) | ३९ | ३० | २८ | २६ | २२ | NDHS(2016) |

| लक्ष्य र सूचकहरू | | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० | श्रोत |
|---|---|---|---|---|---|---|---|
| ३.२.२ | शिशु मृत्युदर (प्रति १००० जन्मदरमा) | २३ | २० | १७ | १४ | १० | NDHS(2016) |
| ३.३.६.१ | झाडापखालाका घटना (प्रति १००० मा पाँच वर्षमुनिका बालबालिका) | ५०१ | ३६७ | २६७ | १६७ | ० | MoHP-DoHS(2014) |
| ३.३.६.२ | अन्तिम दुई हप्तामा झाडापखाला लागेका पाँच वर्षमुनिका बालबालिका | १२ | ८.८ | ६.४ | ४ | ० | MoHP-DoHS(2014) |
| ३.८.१.६ | एन.आइ.एस द्वारा सञ्चालित सम्पूर्ण खोप (Measles, BCG, OVP3, DPT3, HepB3 etc) प्राप्त गरिसकेका १२ देखि १३ महिनाका बालबालिका | ८४.५ | ८८.६ | ९१.७ | ९४.८ | १०० | CBS(2014) |
| ४.१.१ | प्राथमिक विद्यालयमा खुद भर्नादर | ९६.६ | ९८.५ | ९९ | ९९ | ९५.५ | MoF (2014) |
| ४.१.२ | प्राथमिक शिक्षा पूरा गरिसकेका बालबालिका | ८७.५ | ९०.७ | ९५.५ | ९५.५ | ९५.५ | MoF (2014) |
| ४.१.३ | एक कक्षामा भर्ना भई निरन्तर कक्षा ८ सम्म गएका बालबालिकाको अनुपात | ७६.६ | ८१.५ | ९३ | ९३ | ९५ | MoF (2014) |
| ४.१.४ | बालकको अनुपातमा एक कक्षामा भर्ना भई निरन्तर कक्षा ८ सम्म गएका बालिका | १.०४ | १.०३ | १.०१ | १.०१ | १ | MoF (2014) |


| लक्ष्य र सूचकहरू | | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० | श्रोत |
|---|---|---|---|---|---|---|---|
| ४.१.४ | बालकको अनुपातमा एक कक्षामा भर्ना भई निरन्तर कक्षा १२ सम्म गएका बालिका | १.१ | १.०४ | १.०२ | १.०२ | १ | MoF (2014) |
| ४.१.९ | सिकाइ उपलब्धि/ प्राप्ताङ्क (गणित, नेपाली र अंग्रजी) | ५५.६ | ६०.८ | ६८.५ | ६८.५ | ७५ | NPC(2016) |
| ४.१.१० | माध्यामिक शिक्षामा जम्मा भर्ना (कक्षा ९ देखि १२) | ५६.७ | ७२ | ९५ | ९५ | ९९ | MoE(2016) |
| ४.२.१ | पूर्व प्राथमिक शिक्षाका लागि अनुदान (संख्या ०००) | ५०६ | १०३८ | १८३५ | १८३५ | २५०० | MoF (2014) |
| ४.२.२ | दिवा खाजा कार्यक्रम | १७ | ३१ | ५१ | ५१ | ६८ | |
| ४.२.३ | पूर्व बालविकास शिक्षामा उपस्थित (जम्मा भर्ना) | ८१ | ८५.८ | ९३ | ९३ | ९९ | MoE(2016) |
| ४.३.१ | प्राविधिक र व्यवसायिक शिक्षामा छात्राको भर्ना अनुपात | ०.५३ | ०.६६ | ०.८४ | ०.८४ | १ | |
| ४.३.२ | स्नातक तहसम्म भर्ना भएका छात्राको अनुपात | १.०५ | १.०४ | १.०३ | १.०३ | १.०२ | UGC(2015) |
| ४.३.३ | छात्रवृत्ति प्राप्त गरेका जम्मा विद्यार्थी प्रतिशत | ३७ | ३८.३ | ४०.०३ | ४०.३ | ४२ | MoE(2016) |
| ८.७.१ | जोखिमपूर्ण अवस्थामा काम गरेका बालबालिका | ३० | २२ | १० | १० | ० | NPC(2016) |

| लक्ष्य र सूचकहरू | | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० | श्रोत |
|---|---|---|---|---|---|---|---|
| १०.४.३ | सामाजिक सुरक्षा प्राप्त गरेका जनसंख्या (प्रतिशत) | १८ | १८.५ | १९.३ | १९.३ | २० | NPC(2016) |
| ११.१.१ | सुकुम्बासी एवं ऐलानी जग्गाबस्तीमा बसोबास गर्ने जनसंख्या(हजारमा) | ५०० | ४०० | २५० | १५० | १२५ | NPC(2016) |
| १६.२.१ | विगत एक महिना भित्र मानसिक वा शारीरिक सजाय भोगेका १ देखि १४ वर्षसम्मका बाल-बालिका (प्रतिशत) | ८१.७ | ६० | २७ | २७ | ० | CBS(2014) |
| १६.२.३ | मानव बेचविखनमा परेका बालबालिका संख्या | ६४ | ४७ | २१ | २१ | ० | NHC(2014) |
| १६.९.१ | जन्मदर्ता (पाँच वर्षमुनिका जन्मदर्ता गरिएका बालबालिका | ५८.१ | ६६ | ८६.९ | ८६.९ | १०० | |

***<u>स्रोत :</u> केन्द्रीय बाल कल्याण समिति, नेपालमा बालबालिकाको स्थिति,२०७४***

# अनुसूची-३
## राष्ट्रिय गुरुयोजनाको अवधारणागत खाका

### बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजनाको अवधारणागत खाका



## अनुसूची-४
## बालबालिकासँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरू

१. मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८
२. द्वन्द्व व्यवस्थापनसम्बन्धी जेनेभा महासन्धि, १९४९ र यसको इच्छाधिन आलेख, १९७७
३. शैक्षिक भेदभाव विरुद्धको युनेस्को महासन्धि, १९६०
४. सबै प्रकारका रंगभेद उन्मूलनसम्बन्धी महासन्धि, १९६६
५. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६
६. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६
७. न्यूनतम ज्याला दरसम्बन्धी आई.एल.ओ. महासन्धि, १९७३ (नं. १३८)
८. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९
९. बाल अधिकारसम्बन्धी महासन्धि, १९८९
१०. जैविक विविधतासम्बन्धी महासन्धि, १९९२
११. जनजाति, धार्मिक, भाषिक तथा अल्पसंख्यक जातिसम्बन्धी घोषणपत्र, १९९२
१२. जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९४
१३. चौंथो विश्व महिला सम्मेलन, १९९५
१४. निकृष्ट प्रकारको बालश्रम उन्मूलनसम्बन्धी आई.एल.ओ. महासन्धि, १९९९ (नं.१८२)
१५. बेइजिङ जोड पाँच घोषणापत्र, २०००
१६. सबैका लागि शिक्षा विषयक डकार घोषणापत्र, २०००
१७. अन्तर्राष्ट्रिय न्यायालय
१८. सांस्कृतिक विविधतासम्बन्धी युनेस्कोको विश्वव्यापी घोषणापत्र, २००१
१९. एघारौं सार्क शिखर सम्मेलन घोषणापत्र, २००२
२०. महिला तथा बालबालिका बेचविखन र यौन तथा श्रम शोषण विरुद्ध सार्क घोषणापत्र, २००२ (कोलम्बो घोषणपत्र, १९९१, लगायत अन्य सम्बन्धित घोषणपत्रहरू समेत)
२१. बालबालिकासम्बन्धी संयुक्त राष्ट्र संघीय महासभाको विशेष अधिवेशन, २००२

# ENGLISH REFERENCES

Bhandari, Nub Raj (2019); *Early Marriage in Nepal: Prospects for School girls Journal of International Women's Studies*, Volume 20, Issue 3, Selected papers from the Fourth, World Conference on Women's Studies, Colombo Sri Lanka.

Bk, Man and Purusttam Bista (2012); *The Status of Child Labour and its measures,* Department of Labour, Kathmandu.

Bk, Man (2018); *Eradicating Hunger Rebuilding Food Regime,* EKTA BOOKS,Thapathali, Kathmandu.

CBS and ILO (2019); *Nepal Labour Force Survey (2017/018 )*, Central Bureau of Statistics (CBS) and Internaltional Labour Orgnization (ILO).

CBS and ILO (2011) : *Nepal Labour Forece Survey (2008),* Central Bureau of Statistics (CBS) Nepal and International Lbour Organization (ILO).

CCWB (2017); *State of Children in Nepal 2017*, Central Child Welfare Board Hariharbhawn Pulchwok Lalitpur.

CCWB (2018); *State of Children in Nepal 2018*, Central Child Welfare Board Hariharbhawn Pulchwok Lalitpur.

Edmonds, Eric V. (2006); *Understanding sibling differences in child labor*, Journal of Population Economics. 19 (4) : 795-821

Khan, Sherin R; Lyon, Scott (2015) ; *Measuring children's work in South Asia : perspectives from national household surveys,* International Labour Organization ; ILO DWT for South Asia and ILO Country Office for India. - New Delhi.

ILO (2018) ; *Ending child labour by 2025: A review of policies and programmes,* MICS (2014), *Multiple Indicator Cluster Survey Final Report***,** International Labour Office, Geneva,

ILO (2017); *Global estimates of child labour: Results and trends, 2012-2016,* International Labour Office, Geneva,,

ILO/IPEC (2001); *A Rapid Assessment (on Child Labour),* ILO/IPEC, Geneva

Mowcsc (2072); *National Strategy to end Child Marriage-2072,* Ministry of Women, Children and Senior Citizen Kathmandu Nepal.

NPC (2017); *Sustainable Development Goals, Status and Roadmaps 2016-2030*, National Planning Commission, Kathmandu.

NPC (2071);*13th Plan (FY 2070/071-2072/073),* National Planing Comission Kathmandu.

NPC(2073); *14th Plan (FY 2073/074-2075/076),* National Planing Comission Kathmandu.

NPC (2076); *15th Plan Approch Paper (FY 2076/077-2080/081),* National Planing Commission Kathmandu

NPC (2018), *Multidimensional Poverty Index 2018,* National Planning Commission, Kathmandu.

Ryckmans, Jean-Christophe (2012); *The Street Children of Nepal: Anthroposociological study of Social, Cultural and Communicational Practices*, CPCS International.

CWIN (2016); *Street Children in Nepal*, Child Workers in Nepal Concerned Centre, Kathmandu, Nepal.

MOF (2019); *Economic survey 2075/76*, Ministry of Finance, Nepal Government.

Save the Children (2019); *Global Childhood Report 2019: Changing Life in our Life time,* Save the Children Federation, Inc.

## नेपाली सन्दर्भ सामाग्री

दक्षिण एसियामा बाल कल्याण प्रबर्द्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२

नेपालको संविधान, २०७२

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९

बालश्रमका निकृष्ट स्वरूपसम्बन्धी महासन्धि, १९९९

बालश्रमको न्यूनतम् उमेरसम्बन्धी महासन्धि, १९७३

बाल अधिकार हनन्को उजुरी बारे सञ्चार कार्यविधि सम्बन्धी इच्छाधिन आलेख, २०११

बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६

बालबालिकासम्बन्धी ऐन, २०७५

बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति र अश्लिल चित्रण विरुद्ध बाल अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २०००

बालश्रम (निषेध र नियमित) गर्ने नियमावली, २०६२

बालन्याय कार्यविधि नियमावली, २०६३

बालबालिकासम्बन्धी नीति २०६९

राष्ट्रघीय महासभा, महासन्धिको ऐच्छिक प्रलेख, २०००

श्रम ऐन, २०७४

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४

श्रम बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरु योजना, २०७५-२०८५

स्थानीय सरकार संचालन ऐन, २०७४


सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग विरुद्ध बाल अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २०००

सामाजिक विकास मन्त्रालय (२०७५); *श्रम तथा रोजगार प्रवर्धन नीति, २०७५*, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।

सामाजिक विकास मन्त्रालय (२०७५); *सामाजिक विकास दर्पण*, पहिलो संस्करण, २०७५ सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।

## विश्वमा बालश्रम

**१५२० लाख बालबालिका बालश्रममा**




## नेपालमा बालश्रम

| वर्ष (ई.सं. मा) | जम्मा | पुरुष | महिला | सहरी क्षेत्र | ग्रामीण क्षेत्र |
|---|---|---|---|---|---|
| १९९६ | ४१.७ | ३६.१ | ४७.६ | २३.० | ४३.४ |
| २००४ | ३२.० | ३०.२ | ३२.५ | १२.४ | ३३.५ |
| २००८ | ३३.९ | ३०.२ | ३७.८ | १४.४ | ३६.७ |
| २०१० | ४४.० | ४१.० | ४८.० | ३१.० | ४६.० |
| २०१७/१८* | ४७.८ | ३८.१ | ५७.९ | ६०.५ | ३९.५ |

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत, नेपाल